# सशस्त्र द्वन्द्वमा समाचार सङ्कलन

## नेपाली पत्रकारहरूको अनुभव



द्वन्द्वका बारेमा रिपोर्टिङ गरिरहेका पत्रकारहरूले भोगेका अनुभवहरूको सँगालो

MSI

मिडिया सर्भिसेज इन्टरनेसनल

# सशस्त्र द्वन्द्वमा
# समाचार सङ्कलन
## नेपाली पत्रकारहरूको अनुभव

द्वन्द्वका बारेमा रिपोर्टिङ गरिरहेका पत्रकारहरूले भोगेका अनुभवहरूको सँगालो

MSI
मिडिया सर्भिसेज इन्टरनेशनल
२०६२

# सशस्त्र द्वन्द्वमा समाचार सङ्कलन नेपाली पत्रकारहरूको अनुभवः
## द्वन्द्वका बारेमा रिपोर्टिङ गरिरहेका पत्रकारहरूले भोगेका अनुभवहरूको सँगालो

**सम्पादक**
हेमबहादुर विष्ट, विनयकुमार कसजू

**प्रकाशक**
**मिडिया सर्भिसेज इन्टर नेसनल (MSI)**
थापाथली, काठमाडौं
फोन : ४२५६५६३, ४२६६८२१
इमेल : msi@mail.com.np
वेबसाइट : www.msinepal.com

*प्रकाशन सहयोगी*
इनेबलिङ स्टेट प्रोग्राम, डीएफआईडी काठमाडौं

संस्करण : पहिलो, २०६२ भदौ

मोल रू. १००।

ISBN 99946-842-05

# *विषयसूची*


१ द्वन्द्व रिपोर्टिङका अनुभवहरू : *सीताराम बराल*

१२ द्वन्द्व रिपोर्टिङको मेरो यात्रा : *सम थापा*

२५ द्वन्द्व रिपोर्टिङ गर्दा पाएको शिक्षा : *रूद्र खड्का*

३० आधा मिनेटको समाचारका लागि सत्तरी हजार ! : *हरिहरसिंह राठौर*

३३ डेकेन्द्र थापासँग अन्तिम भेट : *कमल न्यौपाने*

३६ पहेँलो ज्याकेटको कमाल : *राजेश ढुंगाना*

३८ शिक्षकहरूको तर्कको अगाडि उनीहरूको केही लागेन : *रोहितचन्द्र भट्टराई*

४२ सल्लाका पातहरू सुसाउँदा पनि हेलिकप्टर आएजस्तो लाग्थ्यो : शुक्रऋषि चौलागाईं

४५ जोखिमरहित छैन पत्रकारिता काठमाडौंमा पनि : ध्रुव आले

४७ समाचार पठाउन नपाएको छटपटी : घनश्याम खड्का

४९ सुरक्षाकर्मीसँग द्वन्द्वग्रस्त क्षेत्रमा रिपोर्टिङ : गोविन्द्र कोइराला

५२ घटनास्थलमा जाँदा आफैमाथि आक्रमण : जितेन्द्र खड्गा

५६ प्रवास गएर जोगिएँ : कृष्ण हुमागाईं

५९ हेल्मेट लाएर विस्फोटस्थलतिर : दुर्गाप्रसाद शर्मा

६३ सुरक्षा निकायको वक्रदृष्टिमा : गणेश पोखरेल
६५ राजमार्गमा भिडन्तको फोटो खिच्न जाँदा : किरण पाण्डे
६७ प्रहरी हिरासतमा चरम यातना : अम्बिका भण्डारी
७१ माओवादीको पाहुना हुँदा : ऋषिराम पौडेल
७४ बंकरभित्र पाँच दिन : दिपीन राई
७७ माओवादीसँगको एकरात : किरण ढकाल
७९ साथीलाई माओवादीकहाँ छाड्नुपर्दा : गणेशकुमार कार्की
८२ कहाली लाग्दो त्यो क्षण : युवराज पुरी
८४ माओवादीसँग पहिलो जम्काभेट : आनन्द गौतम
८८ द्वन्द्वस्थलको पहिलो अनुभव : बेनुपराज भट्टराई
९१ बाटो खोल्न जाँदा दोहोरो शंका : ताराप्रसाद सिटौला
९३ कहिले कसले हान्ने हो थाहा छैन ! : दिपक अधिकारी
९५ दुर्गम जिल्लाका पत्रकारको पीडा : विजय शेखर भट्टराई
९९ विद्रोहीहरूको सशस्त्र घेराबाट उम्कँदा : शम्भु प्रसाई
१०२ अपहरित प्रहरीहरूको जिम्मा लिन जाँदा : खगेन्द्र अधिकारी
१०५ उसको हातको हँसिया नांगो तरवारजस्तो लाग्यो : सुरज कुँवर
१०७ पत्रकारितालाई मिसन बनाएको छु : लालप्रसाद शर्मा
११० सुरक्षाको पहिलो उपाय : सन्तुलित व्यवहार : कृष्ण शाही
११२ काँचो पत्रकारिता : पुरुषोत्तमकुमार थापा (पुष्कर)
११५ दुबै पक्षबाट दुर्व्यवहार ! : देवबहादुर कुँवर

*लेखकहरूको छोटो चिनारी पुस्तकको पुच्छारमा छ ।*

# भूमिका

**नेपालमा** आन्तरिक युद्ध सुरु भएको दश वर्ष भयो । यसबीच केही पत्रकारहरूले युद्धरत पक्षहरूबाट गिरफ्तार वा अपहरण भई ज्यान गुमाइसेका छन् भने धेरैले द्वन्द्वरत पक्षहरूबाट शारीरिक तथा मानसिक यातना पाइसकेका छन् । संकटकालको पहिलो र दोस्रो अवधिमा धेरै पत्रकारहरू सुरक्षा निकायको शंका र यातनाको शिकार हुनपुगेका थिए ।

द्वन्द्व रिपोर्टिङ नेपाली पत्रकारहरूका लागि मात्रै होइन द्वन्द्वरत पक्षहरूका लागि पनि नयाँ क्षेत्र हो । द्वन्द्व रिपोर्टिङ गर्ने पत्रकारले पत्रकारिताका आधारभूत सिद्धान्त, सीप, राष्ट्रिय र अन्तर्राष्ट्रिय ऐनकानुन, आचारसंहिता; देशको इतिहास, भूगोल, जातीय, भाषिक, धार्मिक संरचना र विविधता; द्वन्द्वको ऐतिहासिक, सामाजिक, आर्थिक आदि विविध पक्षहरू जानेर बुझेरमात्रै पुग्दैन । उसले आफ्नो बोली, वचन र व्यवहारले मात्रै होइन कलमले पनि आफूलाई सुरक्षित राख्नसक्छ र राख्न सक्नुपर्छ भन्ने कुरा नेपालको द्वन्द्व रिपोर्टिङको छोटो अनुभवले देखाउँछ ।

द्वन्द्वको मैदानमा बन्दुक बोकेका सिपाहीहरूको आँखाले शत्रुलाई खोजिरहको हुन्छ भने कलम र क्यामेरा बोकेका पत्रकारहरूको आँखाले समाचार खोजिरहेको हुन्छ । पहिलोले हरेक अपरिचित व्यक्ति र गतिविधिलाई शंका गर्छ भने दोस्रोले हरेक व्यक्ति र गतिविधिबाट समाचार पाउन खोज्छ । दुबैलाई एकअर्काको उद्देश्यबारे थाहा हुँदैन र चासो पनि नहुनसक्छ । यो कुरा दुबैले बुझ्ने कोसिस गरेमा कतिपय दुर्घटनाबाट जोगिन सकिन्छ ।

द्वन्द्वग्रस्त क्षेत्रमा र द्वन्द्वरत पक्षहरूसँग व्यवहार गर्दा पत्रकारलाई उसको व्यवहार, बोलीवचन र कमन सेन्सले उसलाई बचाउन सक्छ भने व्यावसायिक क्षेत्रमा उसलाई उसको कलम र क्यामेरा अर्थात् असल रिपोर्टिङले उसलाई जोगाउँछ ।

प्रस्तुत अनुभवहरूमध्ये धेरैजसो व्यक्तिगत सुरक्षासम्बन्धी तालिमका क्रममा पत्रकारहरूले प्रस्तुत गर्नुभएको अनुभवको संग्रह हो । तालिम

सञ्चालन र यो संग्रह प्रकाशनमा ल्याउन एनबलिङ् स्टेट प्रोग्राम (ESP) ले पुऱ्याएको सहयोगप्रति हामी आभारी छौँ ।

मिडिया सर्भिसेज इन्टरनेसनल (MSI) ले द्वन्द्वग्रस्त क्षेत्रमा कामगर्ने र द्वन्द्व रिपोर्टिङ गर्ने, कलम र क्यामरा चलाउने दुबै खालका पत्रकारहरूलाई व्यक्तिगत सुरक्षाका बारेमा केही तालिम चलाएको थियो । तालिमका सहभागीहरूले सैद्धान्तिक कुरा त सिके नै, तर त्योभन्दा महत्वपूर्ण कुरा उनीहरूले आपसको अनुभवबाट बोली वचन र व्यवहारका धेरै कुरा सिके ।

नेपालको भौगोलिक तथा सामाजिक संरचना कुनै पनि देशसँग मिल्दैन । नेपालमा भइरहेको आन्तरिक युद्धको प्रकृति र विदेशमा हुने आन्तरिक युद्धको प्रकृतिबीच धेरै अन्तर छ । यसैले यहाँको द्वन्द्व रिपोर्टिङ गर्ने अन्यत्रको द्वन्द्व रिपोर्टिङ गर्ने पत्रकारहरूको काम, व्यवहार र अनुभव फरक हुनु स्वाभाविक हो । तर त्योभन्दा पनि महत्वपूर्ण कुरा के छ भने नेपालको सामाजिक, सांस्कृतिक संरचना र संस्कार, तथा मानवीय विविधताको प्रभाव द्वन्द्वरत पक्षहरूको चिन्तन, व्यवहार र बोलीवचनमा पनि परेको छ । यसले गर्दा उनीहरूले पत्रकारहरूसँग गर्ने व्यवहार र पत्रकारहरूले उनीहरूसँग गर्ने व्यवहार अरू देशका पत्रकार र द्वन्द्वरत पक्षहरूको व्यवहार, बोलीवचन र चिन्तनसँग मिल्दैन । यो कुरा द्वन्द्व रिपोर्टिङ गरेर दुबै पक्षबाट भुक्तमान भोगिसकेका पत्रकारहरूको अनुभावमा बारम्बार दोहोरिएर आएको देखिन्छ ।

यसैले द्वन्द्व रिपोर्टिङ गर्ने पत्रकारहरूको यो अनुभवको संगालोले यो क्षेत्रमा लागेका नेपाली पत्रकारहरूलाई मौलिक अनुभवको शिक्षा दिने कुरामा शंका छैन । यो पुस्तक अनुभवको संगालोमात्र होइन जीवन्त शिक्षा पनि हो । द्वन्द्वग्रस्त क्षेत्रका काम गर्ने पत्रकारहरूले यसलाई मार्गदर्शनको रूपमा उपयोग गर्नसक्छन् । साथै तालिम सामग्रीको रूपमा पनि यसलाई छलफलको विषयवस्तुको आधारको रूपमा उपयोग गर्न सकिन्छ । नेपाली पत्रकारहरूको यो अनुभव विश्वका विभिन्न देशमा द्वन्द्व रिपोर्टिङ गरिरहेका र यस विषयमा अध्ययन अनुसन्धान गर्नेहरूका लागि पनि उपयोगी हुने कुरामा शंका छैन ।

*मिडिया सर्भिसेज इन्टरनेसनल*

# १ द्वन्द्व रिपोर्टिङका अनुभवहरू

*सीताराम बराल, काठमाडौं*

**वि.सं.** २०५२ कात्तिक २७ सोमबार, बेलुकी अन्दाजी साढे ६ बजे । संयोगले त्यसदिन त्यो फोन मैले उठाएको थिएँ । स्वर चिनेजस्तो लाग्यो, "रोल्पा जाने सम्पूर्ण नाकाहरूमा गृहमन्त्री खुमबहादुर खड्काको आदेशमा प्रहरी कमाण्डोहरूलाई खटाएको छ... । रोल्पामा सैनिक शासन छ... । जनमोर्चाबाट निर्वाचित जनप्रतिनिधिहरूलाई गिरफ्तार गरिएको छ... । जनमोर्चाका नेता कार्यकर्ताहरूलाई जिल्लामा भेट्न सकिने स्थिति छैन...।" राजधानीमा धेरैजसो सभा र कोणसभाहरूमा सुनिने त्यो स्वरले निकै आक्रोशित भएर भन्दै थियो, "कार्तिक १८–१९ देखि रोल्पामा यस्तो राज्य आतंक सुरु भएको छ । के सरकारले हामीलाई शान्तिपूर्ण तवरले राजनीति गर्न नदिने परिपाटी सिर्जना गर्न खोजेको हो ?"

त्यो मेरो पत्रकारिता जीवनको सुरुको बेला थियो । त्यति बेला 'रोमियो' नामक प्रहरी अपरेशनको नाम सुन्न थालेको थिएँ, तर 'रोमियो'को अर्थ थाहा थिएन । फोनमा बोल्ने मानिसले रोल्पा–रुकुममा सरकारले जनमोर्चा नामक राजनीतिक समूहलाई निस्तेज पार्न सुरु गरेको कार्वाही "रोमियो अपरेशनका" क्रममा भएका ज्यादतीहरूका बारेमा मलाई जानकारी दिँदै थियो । म त्यसबेला भर्खर युगसम्बाद साप्ताहिकमा काम गर्न थालेको थिएँ । मैले जानीनजानी उसले दिएका जानकारीहरूलाई राखेर उसको भनाइलाई समेत उद्धृत गर्दै कनिकुथी समाचार लेखें । मैले लेखेको त्यो समाचार 'रोल्पामा राज्य आतंक' शीर्षकमा मेरो आफ्नै 'बाइलाइन'मा भोलिपल्टको युगसम्बाद साप्ताहिकमा छापियो ।

मेरो पत्रकारिता जीवनको पहिलो पटक आफ्नै नामसहित छापिएको समाचार थियो त्यो । समाचार दिने व्यक्ति थिए डा. बाबुराम भट्टराई, जो त्यसबेला संयुक्त जनमोर्चा नेपाल नामक सानो राजनीतिक पार्टीका अध्यक्ष थिए । नेकपा (माओवादी) ले रोल्पा–रुकुमजस्ता दुर्गम पहाडी

भागहरूलाई आधार बनाएर जनयुद्ध थालनी गर्नु पूर्व सुरू गरेको 'सिज अभियान' र माओवादीको यो अभियानलाई निस्तेज पार्ने क्रममा सरकारले सुरू गरेको 'रोमियो अपरेशन' सम्बन्धी घटनाका सम्बन्धमा डा. बाबुरामले दिएको जानकारीलाई आधार बनाएर मैले त्यो समाचार लेखेको थिएँ ।

## द्वन्द्वरत पक्षका सम्वेदनशीलताहरू

२०५७ सालको भदौको पहिलो साता हामी केही पत्रकार रोल्पामा थियौं । मुलुकमा जारी द्वन्द्वको रिपोर्टिङका लागि द्वन्द्वग्रस्त क्षेत्रको मेरो यो पहिलो भ्रमण थियो । पत्रकारको टोलीमा कान्तिपुरका दिलभूषण पाठक, नेपाल समाचारपत्रका विनोद ढुङ्गेल, बुधबारका सूर्य थापा, जनादेशका खिलबहादुर भण्डारी र जनआस्थाको तर्फबाट म थिएँ । माओवादीले उनीहरूको क्षेत्रमा स्वतन्त्र पत्रकारहरूलाई गराएको यो पहिलो 'गाइडेड टुर' थियो ।

हामीले रोल्पाका प्रहरी प्रमुख राजेन्द्रसिंह भण्डारीलाई भेट्यौं । उनी आफ्नो कार्यालयमा पत्रकारहरूका सामु खुला रूपले प्रस्तुत भएका थिए । हामी सबैको हातमा क्यामेरा थियो । उनले हामी सबैलाई आफ्नो फोटो नखिच्न आग्रह गरे । तैपनि मैले उनको फोटो खिचेँ । त्यसको चार दिनपछि हामी हाम्रो गन्तव्यमा पुग्यौं । रोल्पाको कोर्चावाङमा माओवादीले आमसभा आयोजना गरेका थिए । प्रमुख अतिथिको रूपमा सो पार्टीका केन्द्रीय नेता सन्तोष बुढा निम्त्याइएका थिए । त्यहाँ पनि माओवादीका नेताहरूको फोटो खिच्न निषेध थियो । तर मैले प्रमुख अतिथि बुढाको फोटो लिएँ । कार्यक्रम भइरहेको बेलामा उनीहरूले भण्डारण गरेका हातहतियारको फोटो पनि खिचेँ ।

सदरमुकाम लिवाङमा डि.एस.पी.को फोटो र कोर्चावाङमा माओवादी नेता बुढा एवं भण्डारण गरिएका हतियारका फोटो लिएको कुरामा दुबैले आ–आफ्नो सुरक्षामा असर पुऱ्याउन सक्ने कारण देखाउँदै कडा आपत्ति जनाए ।

यो घटनाबाट मैले द्वन्द्वको सम्बन्धमा रिपोर्टिङ गर्ने पत्रकारहरूले द्वन्द्वरत पक्षहरूको सम्वेदनशीलता बुझिदिनुपर्छ भन्ने पाठ सिकेँ । ती फोटाहरू प्रकाशित भएका भए दुबै थरीले एकले अर्कालाई चिन्ने मौका पाउने थिए र उनीहरूको सुरक्षामा असर पुग्न सक्थ्यो । मेरा कारणले उनीहरूको सुरक्षामा असर पर्नुको अर्थ हुन्थ्यो, अन्ततः मेरो सुरक्षामा समेत असर पर्नु ।

स्वभावैले हामी पत्रकारहरू आफूलाई स्वतन्त्र प्राणी ठान्छौं र जहाँपनि निरपेक्ष स्वतन्त्रता खोज्छौं । तर द्वन्द्वका सम्बन्धमा रिपोर्टिङ गर्ने पत्रकारहरूले स्वतन्त्रता खोज्नु र त्यसको प्रयोग गर्नु अगाडि यस्ता कुरामा ध्यान पुऱ्याउनु पर्छ भन्ने मलाई लाग्छ । खासगरी द्वन्द्वग्रस्त क्षेत्रमा रिपोर्टिङमा जाँदा द्वन्द्वरत पक्षसँग सम्बन्धित तस्बिर लिँदा उनीहरूको स्वीकृति लिनु राम्रो हुन्छ । साथै, खिचिएका तस्बिरहरूको दुरूपयोग समेत गर्नु हुँदैन ।

## *सेनाको पहिलो खोजी*

माओवादीले २०५८ मंसीर ८ मा दाङ र मंसीर १० गते सोलुको सल्लेरीस्थित व्यारेकमाथि हमला गरेपछि मंसीर ११ गतेदेखि औपचारिक रूपमा माओवादी विरुद्ध सेना परिचालन भयो । तर यसअघि नै जंगी अड्डाले सेना परिचालनका लागि 'रणनीतिक मुभ' सुरु गरिसकेको थियो । यसै क्रममा माओवादी प्रभावित जिल्ला र अत्याधिक माओवादीका चलखेल हुने स्थानहरूमा सेनाका व्यारेक राख्ने तयारी धमाधम हुँदै थियो ।

यसैक्रममा २०५८ जेठमा सेनाले रुकुमको बाफीकोटमा व्यारेक राख्ने भयो । माओवादीको अत्याधिक चलखेल हुने स्थान भएकाले मात्र होइन, राजाको तत्कालीन सैनिक सचिव विवेककुमार शाहको बाफीकोटस्थित 'दरवार'मा बम विस्फोट गरेकाले पनि त्यहाँ सेनाको व्यारेक राख्ने निर्णय भएको रहेछ । तर व्यारेक राख्ने ठाउँ छनौटका लागि गएको सेनाको सुर्खेतस्थित ४ नं बाहिनीपति चढेको हेलिकोप्टरमाथि बाफीकोटमा रहेका माओवादीले अन्धाधुन्ध फायर गरेपछि हेलिकोप्टर फर्केको थियो ।

सेनामाथिको माओवादीको यो पहिलो आक्रमण थियो । कतै प्रकाशमा नआएको घटना र सेनाको हेलिकोप्टरमाथिको पहिलो आक्रमण पनि भएकाले यो समाचार मेरा लागि साँच्चिकै 'स्कूप' (विशेष समाचार) थियो । त्यसैले मैले यो समाचार आफ्नो 'वाइलाइन' सहित लेखें, जुन जेठ १७ को जनआस्थामा 'सैनिक हेलिकोप्टरमा माओवादी हमला' शीर्षकमा प्रमुख समाचारको रूपमा छापियो ।

यस्तो खालको समाचार प्रकाशित हुँदा त्यसप्रति सेनाले जनाउने प्रतिक्रियाको बारेमा मैले अनुमान नै गरेको थिइन । तर पत्रिका बजारमा आउनासाथ सेनाले यसलाई गम्भीर रूपमा लिएछ र सम्पादक किशोर श्रेष्ठका साथ मेरो खोजी भएछ । सेनाको आग्रह अनुसार हामीलाई पक्रनका लागि नेपाल प्रहरी लागि सकेको थियो । उनीहरूको मुख्य लक्ष्य म नै थिएँ ।

हाम्रो सूत्रमार्फत् हामीले हाम्रो खोजी हुन थालेको खबर पाइसकेका थियौं । त्यसैले हाम्रो गिरफ्तारीलाई रोक्ने प्रयास सम्पादक श्रेष्ठबाट भयो । फलस्वरूपः हामीलाई पक्रेर नलैजाने, बरू समाचारप्रति सेनाको कुनै आपत्ति वा असहमति भए कसैको रोहवरमा ती कुरा राख्ने र पत्रिकाले पनि आफ्नो कुरा राख्ने सहमति भयो । यसका लागि सेनाका सम्बन्धित व्यक्तिहरू र हामी उपत्यका प्रहरी कार्यालयमा जाने व्यवस्था सम्पादक श्रेष्ठले मिलाउनुभएछ । गिरफ्तारीमा परेर शारीरिक वा मानसिक यातना भोग्नुभन्दा यो उपाय केही अनुकूल थियो ।

अपरान्ह ४ बजेतिर हामी उपत्यका प्रहरी कार्यालय हनुमानढोका पुग्दा उपत्यका प्रहरी प्रमुख एस.एस.पी शारदाभक्त रञ्जितको कोठामा सैनिक अपरेशन सम्बन्धी बन्दोबस्त मिलाउने युद्धकार्य विभागका दुई जना अधिकृतहरू थिए । उनीहरू मेजर पदका थिए । तर नाम याद भएन ।

एस.एस.पी रञ्जितको कार्यकक्षमा हामी छिर्नासाथ मेजरद्वयको आक्रोश हामीमाथि पोखियो । उनीहरू निकै कडा रूपमा प्रस्तुत भए । तिमी शब्द प्रयोग गर्दै उनीहरूले मसँग सोधे, "त्यो समाचारको स्रोत को हो ?"

हामीले स्रोत बताउन सक्दैनौं, यो हाम्रो आचार संहिताले पनि दिँदैन भनेपछि उनीहरूले झन् कडाइका साथ सोधे, "स्रोत बताउन आचार संहिताले दिँदैन भने राष्ट्रिय सुरक्षालाई आघात पर्ने गरी समाचार लेख्न तिम्रो आचार संहिताले दिन्छ त ?"

हामीले प्रतिवाद गऱ्यौँ, "हामीले त जे घटना भएको हो त्यसलाई प्रस्तुत न गरेका हौँ, के त्यसदिन माओवादीले सेनाको हेलिकोप्टरमाथि आक्रमण गरेका होइनन् ? के यस्तो समाचारले राष्ट्रिय सुरक्षामाथि आघात पुऱ्याउँछ ?"

समाचारको प्रमुख भाग त्यसदिन भएको हेलिकोप्टरमाथिको हमला भए पनि उनीहरूको आपत्ति समाचारमा भएको अर्कै सूचना र त्यहाँ प्रयुक्त भाषाप्रति रहेछ । मैले त्यो समाचारमा बाफीकोट र रोल्पाको माडीचौरमा सेनाको व्यारेक बस्नेमात्र लेखेको थिइन । व्यारेक ठ्याक्कै कहाँ बस्ने र ती व्यारेकका प्रमुखका रूपमा को को रहने भन्ने कुरापनि लेखेको थिएँ । साथै समाचारमा 'डिएमओ' को उच्च सूत्रको हवाला दिएको थिएँ । उनीहरूले मसँग यही उच्च सूत्र को हो भन्ने जानकारी लिन निकै प्रयास गरे ।

त्यहाँ व्यारेक बस्नुपूर्व नै कहाँ व्यारेक बस्दैछ भन्ने सूचना बाहिर आउनु र ब्यारेकका प्रमुखको परिचय सार्वजनिक हुनुलाई उनीहरूले आपत्तिजनक ठानेका रहेछन् । त्यो सूचना कति सम्वेदनशील रहेछ भन्ने पछि मैले थाहा पाएँ । समाचार प्रकाशित भएपछि सेनाले त्यहाँ जाने निधो भैसकेका कमाण्डरहरूको सट्टा अरूलाई नै पठाउने निर्णय गरेछ ।

उनीहरूले निक्कै महत्वपूर्ण प्रश्न उठाए, "जहाँ व्यारेक बस्ने भनेर समाचार लेखिएको छ, त्यहाँ ब्यारेक नबस्दै माओवादीले त्यहाँ माइन ओछ्याए भने के हुन्छ ? त्यस्तो सम्वेदनशील स्थानमा जान लागेका कमाण्डरहरूमाथि कुनै नराम्रो घटना घट्यो भने त्यसको जिम्मेवार को हुन्छ ? सबैभन्दा महत्वपूर्ण कुरा, समाचारमा डिएमओको उच्च सूत्रको हवाला दिइएको छ, यदि यस्तो सम्वेदनशील विभागकै मान्छेले यस्ता सुरक्षा सम्बन्धी सम्वेदनशील सूचनाहरू तपाईंहरूलाई चुहाउँछ, तपाईंहरूपनि सम्वेदनशीलताको ख्यालै नगरी यसरी समाचार लेख्नुहुन्छ भने यस्तो बेलामा राष्ट्रिय सुरक्षा सम्बन्धी गोप्यताको संरक्षण कसरी हुन्छ ?" यी प्रश्नहरू उनीहरूको दृष्टिकोणबाट हेर्दा जायज नै थिए ।

हामीले पनि आफ्ना बाध्यताहरू राख्यौँ, "यस्ता यस्ता खालका सामाग्री राष्ट्रिय सुरक्षाको लागि सम्वेदनशील हुन् भनेर कसरी थाहा पाउने ? राष्ट्रिय सुरक्षाको सम्बन्धमा तपाईंहरूले कति चोटि प्रेससँग अन्तर्क्रिया गर्नुभएको छ ? हामीकहाँ आउने समाचार हाम्रो लागि महत्वपूर्ण हुन्छ । तर त्यसले राष्ट्रियसुरक्षालाई असर पार्छ कि पार्दैन भन्ने

कुरा हामीले कसरी थाहा पाउने ? हामीले यी प्रश्नहरूको निरूपणको लागि पटक पटक हाम्रो सम्पादकीय मार्फत् कुरा उठाएका छौँ । तर तपाईंहरू किन अझ पनि प्रवक्ता राख्नु हुन्न ? र यस्ता समाचार आइसकेपछि मात्र सम्वेदनशील बन्ने गर्नुहुन्छ ? यस्तो सम्वेदनशीलता अरू बेलामा किन देखिन्न ?"

कुराकानी अलि नरम दिशामा अघि बढेकाले हामीले पनि उनीहरूसँग प्रश्न राख्यौँ, "त्यस्तो समाचार दिँदा सुरक्षाको दृष्टिले हाम्रो पनि गल्ती भयो होला, तर यो गल्ती प्रेससँग डिल गर्ने औपचारिक मानिस नराखेकै कारणले भएको हो । यस्ता कुरा आउँदा सोध्न सकिने यदि सेनाका कुनै आधिकारिक मानिस भैदिएको भए समाचार यो रूपमा आउने थिएन ।"

कुराकानीको क्रममा उनीहरूले हाम्रा कुरा पनि 'रियलाइज' गरे । उनीहरूले भने, "तपाईंहरूले जे गर्नुभयो, त्यो ठीक गर्नुभएन । यस्तो गल्ती अब नदोहोरियोस् । जहाँसम्म तपाईंहरूले उठाएको प्रेससँग डिल गर्ने कुरा हो, यो कुरा हामी सम्बन्धित स्थानमा पुऱ्याइदिनेछौँ ।" यसरी तात्तातो कुराकानीबाट सुरुभएको छलफल चिसो (कोकाकोला) खाएर टुंगियो ।

पत्रकारले प्राप्त गरेको सूचना सत्य भएपनि त्यसलाई दिइहाल्नु हुँदोरहेनछ । त्यसरी समाचार दिँदा त्यसले आफ्नो लागि प्रत्युत्पादक स्थिति सिर्जना पनि गर्दोरहेछ । परिस्थिति हेरेरमात्र यस्ता सूचना सम्प्रेषण गर्नुपर्ने रहेछ भन्ने कुरा मैले यो घटनाबाट सिकेँ । अचेल द्वन्द्वरत पक्षका बारेमा यस्ता सूचनाहरू प्राप्त हुँदा त्यसलाई लेख्नु अघि मैले एकपल्ट ठण्डा दिमागले सोच्ने गरेको छु ।

## पूर्वमा पुग्दा झण्डै गोली

२०६० चैत २५ गते इलामको पशुपतिनगरस्थित इलाका प्रहरी कार्यालयमाथि हमला हुँदा माओवादी पञ्जामा परेका ४१ जना प्रहरीलाई रिहाइ गर्ने कार्यक्रमको रिपोर्टिङ गर्न विराटनगरका केही पत्रकार साथीहरूसँग म ०६१ बैशाख १७ गते अपरान्हतिर धरानबाट गुफापोखरी जाँदै थिएँ । एउटा गाडी रिजर्भ गरेका थियौँ । भोलिपल्ट बिहानैदेखि रिहाइ कार्यक्रम सुरु हुने भएकाले हामी त्यसदिन कुनै पनि हालतमा तेह्रथुमको जिरीखिम्ती पुग्नु थियो । गाडीबाट जिरीखिम्ती पुगेपछि गुफापोखरी पुग्नका लागि कम्तीमा पनि आठ घण्टा हिंड्नुपर्थ्यो । तर धरानबाट प्रस्थान गर्नै ढिला भयो । हिले बजारमा कर्फ्यु लाग्थ्यो त्यसैले बेलुकी ७ नबज्दै हिले काट्नुपर्थ्यो ।

हाम्रो टोली प्रहरीको रिहाइ कार्यक्रममा जान लागेकाले रातको समय भएपनि नरोकियोस्, निर्वाध रूपमा जान दिइयोस् भनेर हामीले हिलेको बाहिनीमा खबर पठायौँ । प्रहरी रिहाइका लागि सेनाले ४ दिनको निम्ति इलाम, पाँचथर, तेह्रथुम र संखुवासभा गरी चार जिल्लामा सैनिक कार्वाही स्थगित गरेकाले पनि हाम्रो टोलीमाथि

अवरोध हुँदैन भन्नेमा हामी ढुक्क थियौँ । नभन्दै रातको साढे सात बजिसके पनि हिले पस्ने नाकामा पर्ने धनकुटा बजारको सैनिक चेकपोष्टले हामीलाई अघि बढ्न कुनै अवरोध पुऱ्याएन, जबकि हामीभन्दा अगाडिका अरू गाडीहरूलाई त्यहाँको चेकपोष्टले रोकिसकेको थियो ।

हाम्रो गाडीमा दुइटी बिरामी महिलासहित दुई जना पुरुषले लिफ्ट मागे । महिलाहरू बिरामी भएकाले हामीले सजिलै लिफ्ट दियौं । तर हिलेबजार पुगिसकेपछि थाहा पाइयो, ती पुरुषहरू सेनाका जवान रहेछन् र श्रीमतीहरूलाई उपचार गरेर आएका रहेछन् । मानवीयताको आधारमा हामीले उनीहरूलाई लिफ्ट दिएका थियौँ । तर त्यो गाडीमा सेनालाई चढाएको भनेर माओवादीले आक्रमण गरेको भए के हुन्थ्यो ? तर संयोग भनौँ त्यस्तो केही भएन ।

एउटा सम्भावित दुर्घटनाबाट बचे पनि रातको समयमा हिँडेकाले हामी अर्को खतराको नजिकै थियौँ । हिले बजार पस्ने मूल बाटो सेनाले बन्द गरिसकेको थियो । सैनिक जवानहरू निकै तलको बाटोमा अवरोध तेर्स्याएर डाँडाको ब्यारेकमा आआफ्नो पोजिसनमा बसिसकेका रहेछन् । कत्ति बोलाउँदा पनि सैनिकहरू बाटो खोल्न आएनन् । जे त होला भन्दै आफ्नै रिस्कमा ती सैनिकहरूले बाटो खोले । त्यसपछि गाडी चढेर हामी हिले बजार छिऱ्यौं । त्यसबेला सम्भवत रातको नौ बजिसकेको थियो ।

औंसीको नजिकै भएकाले होला, जताततै चुक घोप्ट्याएजस्तो अँध्यारो थियो । बत्ति कतै बलेको थिएन । होटल सबै बन्द थिए । बास माग्नका लागि त्यहाँ चिनेजानेको कोही थिएन । हामी आठ जना पत्रकार थियौँ साथै लिफ्ट मागेका जवानहरू पनि थिए । तिनै सैनिकहरूले चिनेको एउटा होटलमा लगे । तर १५ मिनेट बोलाउँदा पनि होटलवालाले ढोका खोलेन । बोलाउँदा बोलाउँदै प्रहरीको टोली गस्ती गर्दै त्यहाँ आइपुग्यो ।

"को हो यति राति, यति ठूलो संख्यामा ?" गस्ती टोलीको कमाण्डर सतर्क हुँदै कराउनासाथ सबै प्रहरीको राइफल हामीतिर सोझियो । "हामी हौँ हामी ।" ती सैनिकले भनेको कुराले झन् उनीहरूको मनमा शंका पैदा गऱ्यो । उनीहरूले हामी सबैलाई घेरा हाले । अब हात उठाउनु बाहेक अर्को कुनै उपाय थिएन । ती सैनिक जवान पनि लाचार भैसकेका थिए । 'हामी पत्रकार हौँ' भन्ने स्पष्टीकरणले पनि काम गरेन ।

हामी सबैले हात उठाएपछि उनीहरू अरू बढी सतर्क हुँदै खानतलासीको लागि नजिक आए । घेरा साँगुरिँदै गयो । हामीतिर सोझिएका राइफलहरू झन् नजिक हुँदै थिए । खानतलासी लिने क्रममा प्रहरीहरूले हाम्रो गाडीमा चढेर आएका ती जवानलाई बल्ल चिने । उनले हाम्रो बारेमा यथार्थ कुरा बताएपछि मात्र हामी जोगियौँ । पछि त्यो प्रहरी टोलीका कमाण्डरले भने, "बजारमा कर्फ्यु छ, यस्तो सम्वेदनशील बेलामा तपाईंहरू कर्फ्यु उल्लंघन गरेर यहाँ छिर्नुभएको छ, यस्तो अवस्थामा हामी तपाईंहरूलाई गोली ठोक्न पनि सक्थ्यौं... हामीले गोली ठोकेनौं... तपाईंहरू सबै भाग्यमानी हुनुहुँदो रहेछ... बाँच्नुभयो... अब यस्तो कहिल्यै नगर्नुस् ।"

आज कुनै पनि हालतमा सके जिरीखिम्ती नभए बसन्तपुरसम्म पुग्नुपर्छ भनेर हामीले धरानबाट हिँड्ने बेलामै भनेका थियौँ । हाम्रो कुरा सुनेर ड्राइभरले रिसाउँदै भनेको थियो, "आज मरिगए पनि जिरीखिम्ती त के, बसन्तपुर पनि पुगिँदैन । राती हिलेबाट सेनाले गाडी अगाडि बढ्नै दिँदैन । हामी धनकुटा बजारमा बस्नुपर्छ ।"

'तपाईंको काम हामीले भने बमोजिम गर्ने हो, किनभने हामीले तपाईं र तपाईंको गाडीको लागि पैसा तिरिसकेका छौं । भनेको समयमा पुऱ्याउन सक्नुहुन्न भने यत्रो रूपैयाँ खर्च गरेर रिजर्भ गर्नुको के काम ?" हामीले उनलाई दम्भपूर्ण जवाफ दिँदै भनेका थियौँ, "पत्रकार हौँ जसरी पनि बाटो खुलाउने जिम्मा हाम्रो । यसमा तपाईंलाई के चिन्ता ?"

तर यो घटनाले ड्राइभरकै भनाइ सही साबित गर्दै थियो । हुन पनि त्यो सडकको अनुभव पत्रकारलाई भन्दा ड्राइभरलाई बढी हुनु स्वाभाविक थियो । हामीले आफूले तिरेको पैसाको मात्र हिसाब गऱ्यौँ । कर्फ्यु छ भन्ने र कर्फ्युको उल्लंघन गर्दा त्यसको परिणाम कति घातक हुन्छ भन्ने कुराको हिसाब गर्न सकेनौँ । फलस्वरूप झण्डै गोलीको शिकार भयौँ ।

यो घटनाले मलाई दुई वटा महत्वपूर्ण पाठ सिकाएको छ । एउटा, यस्तो परिस्थितिमा हिँड्दा कस्तो बेलामा हिँड्ने, कस्तो बेलामा नहिँड्ने भन्ने कुरामा पनि निकै ख्याल पुऱ्याउनुपर्ने रहेछ । द्वन्द्वसम्बन्धी रिपोर्टिङ गर्नेहरूलाई द्वन्द्वरत पक्षबाट त खतरा छँदैछ, यस्तो समयमा यात्रा गर्दा पनि ध्यान पुऱ्याउनु जरुरी छ । अर्को कुरा, जुन विषय र स्थानको लागि जो परिचित वा अनुभवी हुन्छ उसको सुझावलाई पनि ग्रहण गर्नुपर्ने रहेछ ।

## *गिरफ्तारीले सिकाएको पाठ*

२०६० साल भदौ २७ गते माओवादी कार्यकर्ता कृष्ण केसीसँग समाचार सङ्कलनको सिलसिलामा भेट्न जाँदा काठमाडौं कोटेश्वरको बागमती नदीमाथिको झोलुङ्गे पुलबाट गिरफ्तार भएको थिएँ म । भूमिगत राजनीतिमा लागेका व्यक्तिहरूसँग समाचार लिन जाँदा उनीहरूले आफ्नो सुरक्षालाई ध्यानमा राखेर भेट्ने ठाउँ तोक्छन् र उनीहरूले भनेको ठाउँमा जानुपर्ने हुन्छ ।

कृष्ण केसीले भेट्न निधो गरेको ठाउँमा हामीले ६ महिना अगाडि पनि भेटेका थियौँ । सम्भवत मजस्ता व्यवसायिक मानिसहरूलाई भेट्नका लागि प्रायः त्यही ठाउँ प्रयोग गरिन्थ्यो होला । तर सुराकीहरूले त्यो ठाउँको जानकारी पाइसकेका थिए । त्यसैले हाम्रो भेटघाटको पाँच मिनेट पनि नबित्दै हामीहरू गिरफ्तार भयौँ । पाँच दिनपछि म रिहा भएँ ।

गिरफ्तार गरेपछि माओवादी हो भन्दै र माओवादीको बारेमा सूचना माग्दै मलाई भयानक यातना दिइयो । तर म माओवादी थिइँन । मेरो साथमा रहेका मेरा भिजिटिङ

कार्डहरू, जनआस्थाको परिचय–पत्र र सूचना विभागले प्रदान गरेका प्रेस कार्डहरू आदिका कारण ५–७ घण्टाको यातनापूर्ण अनुसन्धान पछि सुरक्षाकर्मीहरूले मलाई माओवादी निकट पत्रकारको रूपमा लिएर मेरो अनुसन्धान सुरु गरे । मैले पत्रकारको रूपमा प्राप्त गर्ने कतिपय सूचनाहरू माओवादी कहाँ पुऱ्याएको हुनसक्ने आरोपका साथ उनीहरूले अनुसन्धान गर्न थाले ।

तर मैले आफूले प्राप्त गरेका सूचनाहरू गलत व्यक्तिलाई दिने वा दुरूपयोग गर्ने काम कहिल्यै गरेको थिइँन । म आफ्नो पेशागत व्यवहार र आचार संहिताप्रति सुरुदेखि नै सचेत थिएँ । सातआठ वर्ष लामो पत्रकारिताको अनुभवले मलाई यो कुरा राम्रोसँग सिकाएको थियो । यसबीचमा द्वन्द्व पत्रकारिताको सम्वेदनशीलता र चुनौति दुबैका बारेमा मैले थुप्रै अनुभव हासिल गरेको थिएँ । सबैभन्दा व्यावहारिक ज्ञान त माओवादीले सुराकीको आरोप लाएर पत्रकारहरूको हत्या गरेको र माओवादी भएको आरोपमा सुरक्षाकर्मीहरूले पत्रकारहरूलाई गिरफ्तार र कतिपयको हत्या गरेको घटनाले दिएको थियो । गैरजिम्मेदार र पेशागत आचरण विरुद्ध काम गर्दा आउनसक्ने खतराप्रति म पहिलेदेखि सचेत थिएँ । त्यसैले, ममाथि आरोप लगाएपनि आरोप पुष्टि हुनसक्ने अवस्था थिएन ।

पत्रकारले प्राप्त गर्ने सूचनाहरू केवल आफ्ना लागि लेख्नका निम्ति हुन्, अरूका लागि होइनन् भन्ने कुराप्रति सचेत रहेकाले नै उनीहरूले ममाथिको आरोप पुष्टि गर्न सकेनन् । मेरो रिहाइका लागि राष्ट्रिय–अन्तर्राष्ट्रिय क्षेत्रबाट परेको दबाब र मेरो आफ्नै संस्था जनआस्थाले गरेको प्रयासका अतिरिक्त मैले निर्वाह गरेको यो भूमिकाले सबैभन्दा ठूलो काम गरेको थियो । तैपनि, बाहिरबाट जतिसुकै दबाब परेको भए पनि, यदि उनीहरूले ममाथि लगाएको आरोप पुष्टि भएको भए म कुनै पनि हालतमा रिहा हुन सक्दिनथेँ ।

यो घटनाबाट मैले धेरै पाठ सिकेको छु । द्वन्द्वको सम्वेदनशील अवस्थामा सुरक्षाको चिन्ता पहिले नै गर्नुपर्छ । आफू कहाँ जाँदैछु भन्ने कुराको ख्याल गर्नुपर्छ । भेट्ने ठाउँ फेरेको भए हामी गिरफ्तारीबाट जोगिनसक्ने थियौँ । साथै मेरो साथमा मेरो परिचय खुलाउने जे जति सामाग्री थिए, तिनले पनि मेरो रिहाईको लागि निकै सहयोग पुऱ्याए । मेरो साथमा सूचना विभागको प्रेस कार्ड, जनआस्थाको परिचयपत्र साथै ५०–६० जना परिचित व्यक्तिका भिजिटिङ कार्डहरू पनि थिए । एकै खालको परिचय दिने यस्ता सामाग्रीहरूले पनि मलाई पत्रकार नै हो भनेर चिनाउन सहयोग पुऱ्याएका थिए ।

द्वन्द्वलाई आफ्नो रिपोर्टिङको 'विट' बनाएका ले मैले द्वन्द्वरत दुबै पक्षसँग समाचारका लागि सम्पर्क/सम्बन्ध राम्रो बनाउनु अन्यथा होइन, झन् राम्रै कुरा हो । तर यस्तो सम्पर्कलाई दुरूपयोग गरियो भने त्यसले खतरामात्रै थप्छ भन्ने कुरा मैले यस्ता सम्पर्कहरूको विकास गर्नु अगाडि नै ध्यानमा राखिसकेको थिएँ । किनभने रिपोर्टिङको क्रममा द्वन्द्वरत पक्षका आन्तरिक जीवन, उनीहरूका योजनाहरू, संलग्न व्यक्तिहरूका

बारेमा जानकारी पाइन्छ । तर त्यस्तो सम्पर्क तथा प्राप्त हुने सूचनाहरूलाई कहिल्यै पनि दुरूपयोग गर्नु हुँदैन भन्नेमा म झन् दृढ भएको छु ।

द्वन्द्वको अवस्थामा समाचारको स्रोतलाई समाचारका लागि गोप्य रूपमा भेट्नु पत्रकारको बाध्यता पनि हो । तर आफ्नो सुरक्षाका लागि हामीले कसैसँग गोप्य रूपले भेट्दैछौं भन्ने कुराको जानकारी कुनै विश्वसनीय, गोप्यतालाई कायम राख्न सक्ने व्यक्तिलाई दिनुपर्ने रहेछ । भेटघाटमा तलमाथि केही भयो भने त्यो मान्छेले आफ्नो बारेमा समयमा नै खोजीनीति गर्न सक्छ । जस्तो कि, त्यसदिन सँगै पक्राउ पर्नुभएका साथीले मलाई फोन गर्नुभएको थियो र हामीले भेटेका थियौँ । मैले यस्ता भेटघाटहरूलाई गोप्य राख्ने गरेता पनि कसैले फोन गरेको र १ बजे भेट्ने समय मिलाइएको कुरा मेरी श्रीमतीलाई थाहा थियो ।

त्यो भेटघाटपछि मैले जनआस्थाको कार्यालयमा जाने कार्यक्रम मिलाएको थिएँ, जहाँ मैले अन्तर्वार्ता लिन जानका लागि जनआस्थाका फोटो पत्रकार पुष्प केसीलाई ३ बजे बोलाएको थिएँ । तर म निर्धारित समयमा नपुगेपछि पुष्पजीले घरमा फोन गर्नुभएछ । यसबाट पनि श्रीमतीमा थोरै शंका पलाएछ । श्रीमती त्यसदिन बिरामी भएकाले म साढे पाँच बजे खाना पकाउन आउँछु भनेको थिएँ । र, ५ बजे ट्राभल एसोसिएसन नेपाल (टान) ले आयोजना गरेको रात्रीभोजमा सामेल भएर साढे पाँच बजे भित्रमा आइपुग्छु पनि भनेको थिएँ ।

सँधै समयमा पुग्ने मान्छे, त्यसदिन जनआस्थामा पुष्पजीलाई दिएको समयमा नपुगेपछि र ६ बज्दासम्म पनि घरमा नआएपछि श्रीमतीले जनआस्था सम्पादक किशोर श्रेष्ठलाई बिहानको टेलिफोन वार्तादेखि पुष्पजीले फोन गरेको कुरासम्म र साढे ५ बजे आइपुग्ने भनेको मान्छे ६ बजेसम्म आइनपुगेको कुरा सबै भनिछन् । त्यसपछि 'टान' को रात्रीभोजमा म पुगे नपुगेको बारेमा सम्पादक श्रेष्ठले बुझ्नुभएछ । त्यहाँ नपुगेको कुरा यकिन भएपछि उहाँले मेरो खोजबिन सुरु गर्नुभएछ । त्यसै दिन सारा आमसञ्चार माध्यमहरूमा म बेपत्ता भएको र सुरक्षाफौजले गिरफ्तार गरेको समाचार प्रकाशित–प्रसारित भएछ । बेलुकी पौने ९ बजे बीबीसी नेपाली सेवाले पनि म गिरफ्तारीमा परेको समाचार प्रसारण गरेछ । सम्पादक श्रेष्ठले सुरक्षा निकायका उच्च पदस्थ अधिकारीहरूसँग गरेको कुराकानी र राष्ट्रिय–अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले मेरो गिरफ्तारीको बारेमा समाचार प्रकाशन–प्रसारण गर्दै सिर्जना गरेको दबाबकै कारण म थप यातनाबाट जोगिएको थिएँ र पाँच दिनपछि रिहा हुन सकेको थिएँ । कोही पनि सञ्चारकर्मी यसरी गिरफ्तारीमा पऱ्यो भने हामी सबैले यस्तो ऐक्यवद्धता र सहयोग गर्नसक्यौं भने यस्तो अप्ठेरोमा परेको बेला जोगिन सक्छ । यो मैले आफ्नै गिरफ्तारीबाट सिकेको पाठ हो ।

## *मनस्थिति अनुसारको व्यवहार*

दश वर्ष लामो युद्धका क्रममा युद्धरत पक्षबाट सर्वसाधारणमात्र होइन, धेरै पत्रकारहरू पनि दुर्व्यवहारको सिकार भएका छन् । युद्धमा असंलग्न सर्वसाधारण र सञ्चारकर्मीहरूमाथि हुने यस्ता घटनाहरू निन्दनीय छन् । तर हामी आफैँ पनि यस्ता घटना नहुन् भन्नेमा सचेत हुनुपर्छ । युद्धरत पक्षको मनस्थिति अनुसार घटनास्थलमा व्यवहार गर्न सकियो भने यस्ता दुर्व्यवहारबाट जोगिन सकिन्छ जस्तो लाग्छ ।

२०६१ माघ १९ को घटना लगत्तै म एक जना विदेशी युद्ध फोटोपत्रकारसँग विद्रोहीहरूको 'आधार इलाका' भनिने रोल्पामा उनीहरूको इलाकामा घुम्ने अनुमति लिएर पुगेको थिएँ । यही मेसोमा रोल्पा जिल्लास्तरीय एकजना माओवादी कार्यकर्तासँग उनीहरूको पक्षबाट सञ्चारकर्मीहरूमाथि हुने दुर्व्यवहारका बारेमा कुराकानी भयो । उनले पनि सञ्चारकर्मीमाथि हुने यस्ता दुर्व्यवहारको 'विरोध' गरे । र, भने, "तर पत्रकार साथीहरू पनि यसमा थोर बहुत दोषी छन् ।"

पत्रकारहरूको के दोष छ भन्ने बारेमा उनको भनाइ विचारणीय छ । उनको भनाइ थियो, "निश्चय नै हाम्रा नयाँ छापामार र कार्यकर्ताहरूलाई सञ्चारकर्मीहरूसँग कसरी व्यवहार गर्नुपर्छ भन्ने कुराको जानकारी छैन । अझ मिलिसिया तहका साथीहरू त यस मामिलामा कच्चा नै हुन्छन् । नयाँनयाँ जिम्मेवारी सम्हाल्दै जाँदा व्यवहारका बारेमा पनि सिक्दै गइन्छ । तर सञ्चारकर्मी साथीहरू मिलिसिया साथीहरूसँग बहसमा उत्रिनुहुन्छ र गाली समेत गर्दिनुहुन्छ । बहस नेतृत्वसँग गर्दा हुन्छ, आलोचना पनि नेतृत्वसँगको भेटघाटमा गर्दा हुन्छ । तर उहाँहरू मिलिसियाका साथीहरूको स्तरको समेत विचार नगरी बहसमा उत्रिन खोज्दा र सँधै खतरा मोलिरहेका तिनीहरूलाई गाली गर्दा त्यसबेला दुर्व्यवहारको सिकार हुन सक्नुहुन्छ । यो कुरामा पत्रकार साथीहरूले पनि ख्याल पुऱ्याइ दिनुपर्छ ।"

माओवादीका ती स्थानीय कमाण्डरले मात्र होइन, दुई वर्षअघि नारायणगढ जाने सिलसिलामा राजमार्गमा चेकिङमा बसेका एकजना तल्लो दर्जाका सैनिक अधिकृतले पनि मलाई यही कुरा सुनाएका थिए । झोला खानतलासीको क्रममा निकै राम्रो व्यवहार देखाएपछि मैले उनलाई आफू सञ्चारकर्मी भएको परिचय दिँदै भनेको थिएँ, "यात्रीहरूसँग सुरक्षाकर्मीले गर्ने व्यवहारमा यस्तो परिवर्तन आउनु सकरात्मक कुरा हो ।"

मेरो यो टिप्पणीप्रति उनको प्रत्युत्तर निकै घतलाग्दो थियो, "लडाईंका समय भएकाले हामीहरूको जीवन सँधै अनिश्चित हुन्छ । हामी यो बेला जसलाई पनि शत्रु देखिरहेका हुन्छौँ । हाम्रो यो सोचाइ गलत होला, तर हाम्रो यो मनस्थिति तपाईंहरूले पनि बुझिदिनु पर्छ । र, हाम्रो मनस्थिति हेरेर तपाईंहरूले पनि हामीमाथि सोही अनुसारको व्यवहार गरिदिनुपर्छ । हाम्रो पनि मनस्थिति बुझेर तपाईंहरूले व्यवहार गर्नुभयो भने अपबाद बाहेक कोही पनि दुर्व्यवहारको सिकार बन्नुपर्दैन होला ।"

मैले रोल्पामा भेटेका ती माओवादी नेता र दुई वर्षअघि भेटेका सेनाका ती जुनियर अधिकृतको भनाइमा समानता थियो । र, तिनमा सत्यता पनि थियो । किनकी राजधानीमा केही सञ्चारकर्मी साथीहरूमा आफ्नो पेशाप्रति निकै ठूलो दम्भ मात्रै हैन, आफ्ना अगाडि अरू भनेका केही पनि होइनन् भनेजसरी व्यवहार गर्ने प्रवृत्ति मैले देखेको छु । सबै पत्रकार साथीहरूका बारेमा नभनौँ, केहीले भने यही दम्भका कारण पनि यस्तो दुर्व्यवहार र असुरक्षाको सिकार हुनुपरेको छ । भनाइ पनि छ : आफूले सम्मान पाउन अरूलाई सम्मान गर्न जान्नुपर्छ ।

२

# द्वन्द्व रिपोर्टिङको मेरो यात्रा

*सम थापा, नेपालगञ्ज*

## हिरासतमा बितेका कहालीलाग्दा क्षणहरू

जिल्ला प्रहरी कार्यालयको साँघुरो कोठामा बसेको एकहप्ता बितिसकेको थियो । त्यहाँको वातावरणमा हामी भिजिसकेका थियौं । चिसो अत्याधिक बढिसकेको थियो । दश फिट लम्बाइ र दश फिट चौडाइको कोठामा ३७ जना थुनुवा कोचिएका थियौं । मंसिर २८ गते एकजना असई आए । कोठा निष्पट्ट अँध्यारो थियो । बत्ती बालियो । उनले लिष्टबाट नाम सुनाउँदै गए । अन्तिममा मेरो नाम आयो । सबैलाई लाइन लगाएर कोठाबाट निकालियो र गाडीको पछाडि ट्रलीमा बसालियो । सबैको अनुहार छोपियो । प्रहरीहरू हाम्रो पिठ्युँमाथि बसे । गाडी जिप्रकाको गेट पार गर्दै सडकमा गुड्यो । प्रहरीहरूले 'हामीलाई मार्न तम्सेका आतंककारी साला हो' भन्दै बन्दुकको कुन्दाले हिर्काउन थाले । यसरी हामीलाई जिल्ला प्रहरी कार्यालयबाट क्षेप्रका गणमा सारियो ।

क्षेत्रीय प्रहरी कार्यलय गणमा पुगेपछि हामीलाई ओरालियो र लाइन लगाइएर भुइँमा बसालियो । टाटेपाटे लुगा लगाएका एक हुल प्रहरीहरू हेर्न आए । कसैले एकदम तल्लो स्तरको गाली गर्दै टाउको झुकाउन आदेश दियो । त्यो रिक्रुट होला भन्ने मैले अनुमान गरें ।

एउटा ठूलो हलमा हामीलाई राखियो । त्यहाँ पहिलेदेखि नै ५७ जना थुनुवा थिए । अब हामी ९४ पुग्यौ । बृद्ध, तन्नेरी र केटाकेटी सबै उमेरका मानिसहरू त्यहाँ थुनिएका थिए । थारू समुदायका धेरै थिए । उनीहरूले एकसरो लुगा लाएका थिए र जाडोले लगलग काम्दै टोलाएर बसिरहेका थिए । पहाडी मुलुकका हामी पाँचसात जना मात्रै थियौं ।

म जीवनमा पहिलो पटक यसरी थुनिएको थिएँ र यहाँको वातावरण मेरा लागि एकदम अनौठो, नौलो र रोमाञ्चकारी थियो । केहीछिन अघि खाएको कुटाइ बिर्सदै मैले ती गरिब, असहाय, अभावग्रस्त जीवन

बिताइरहेका थारू जातिका मानिसहरूका गम्भीर अनुहारमा यो देशको नागरिक हुनुको अर्थ खोज्दै थिएँ । एउटा पत्रकार तथा साहित्यकारका लागि योभन्दा भावुक र महत्वपूर्ण क्षण अरू के हुनसक्थ्यो !

पहरामा बसेका प्रहरीका आँखा छल्दै म प्रत्येक कैदीको नजिक गई सोधपुछ गर्ने गर्थें । उनीहरू सामान्य किसान थिए । तिनीहरूमध्ये कसैलाई घरमा काम गर्दागर्दै, कसैलाई बाटोमा हिँड्दाहिँड्दै त कसैलाई खाना खाँदाखाँदै पक्राउ गरिएको थियो । तिनीहरूले भोगेका दुःख पीडाका कथा अति मार्मिक र पीडादायी थिए । प्रहरीद्वारा जुन क्रूरता र यातनाका श्रृंखलाहरू उनीहरू माथि लादिएका थिए ती साँच्चिनै मुटु छियाछिया पार्ने खालका थिए । उनीहरूको क्रन्दन अत्यन्तै हृदयविदारक थियो । उनीहरूको अवस्था देख्दा र दुःखका कथा सुन्दा मेरा आँखाबाट पनि आँसुका धारा बगे ।

त्यहाँ सारिएको दुई दिनपछि मात्रै हामीले अलिअलि खाना खान पायौं । म पत्रिकाको कार्यालयबाटै एकसरो लुगामा २०५८ मंसिर १९ गते गिरफ्तार गरिएको थिएँ । एकसरो लुगामा लगलग काँप्दै रात बिताउने थुप्रै कैदीहरूको भीडमा म पनि थिएँ । ओढ्ने ओछ्याउने लुगा थिएन । एकजना आफन्त जिल्ला प्रहरी कार्यालयमा थियो । उसले एउटा कम्मल दिएर अपनत्व देखायो । पुसको कठ्याङ्ग्रिने जाडोमा कम्मलले मात्रै के धान्थ्यो ! राती जाडोले सताउँथ्यो । रात पनि किन पर्दो हो भन्ने लाग्थ्यो । 'गिरफ्तारीको खबर घरमा पुग्यो कि पुगेन होला ? किन पत्रकार बनेको होला ? कतै सजिलो जागिर खान पाए त यस्तो दशा लाग्ने थिएन ।' मनमा अनेकौं कुरा खेल्थे । सूर्योदय हुनासाथ घरपरिवारको सम्झना आउँथ्यो ।

रक्सीले मात्तिएका प्रहरीहरू राती आउँथे । सुतेकाहरूलाई उठाउँदै पिट्थे । बन्दुक सोझ्याएर तथानाम गाली गर्थे । दुईचार जनालाई लात्तीले हिर्काउँथे । 'मान्छे मार्ने आतंककारी हो' भन्दै बड्बड्याउँदै फर्कन्थे । यो सिलसिला दैनिक चल्थ्यो । निहत्था, निर्दोष र लाचार नागरिकलाई आतंककारीको बिल्ला भिराउँदै प्रहरी हुनुको पुरुषार्थ देखाउन खोज्ने जवानहरूको व्यवहार मैले पहिलो पटक नजिकबाट अनुभव गर्न पाएँ । जनताले तिरेको कर र तिरोबाट तलब खाने र जनताकै सम्पतिबाट जनताको सुरक्षाका लागि भनी खरिद गरिएको बन्दुक बोक्ने ती प्रहरीहरूको व्यवहार सङ्कटकालीन अवस्थामा आफैले भोग्न र देख्न पर्‍यो ।

पत्रकारहरूलाई राज्यका पहरेदार भन्ने माथिल्ला दर्जावालाहरूले समेत हामीलाई शारीरिक पीडा दिए । पशुले खाने खाना ख्वाए । चिसो कोठाको सिमेन्टको भुइँमा सुताए । व्यक्तिगत सरसफाईमा प्रतिबन्ध लगाइएको थियो । कुनै प्रहरी अधिकृत आओस्, हाम्रो हालखबर बुझोस् र मानवता देखाओस् भन्ने कल्पना गर्थें । हामीसँग जेलका अनुभव सँगालेका केही साथीहरू थिए । उनीहरू भन्थे, 'जेलमा पत्रिका पढ्न पाइन्छ । आफैं खाना पकाइ खान पाइन्छ । टिभी हेर्न र रेडियो सुन्न पाइन्छ ।' यस्तो सुन्दा हामीलाई चाँडै जेल पठाए हुन्थ्यो भन्ने लाग्थ्यो । तर त्यसो भएन ।

हामी बसुञ्जेल क्षेत्रीय प्रहरी कार्यालयको कम्पाउण्डमा छ पटक हेलिकप्टर ओर्ल्यो । सानो झ्यालबाट हेलिकप्टरबाट को आयो भन्ने देखिन्थ्यो । एकपटक गिरजाबाबु आउनुभयो । अर्कोपटक शेरबहादुर देउवा । राजधानीबाट ठूला नेता जिल्लामा आएको खबरले हामी उत्साहित हुन्थ्यौं । सङ्कटकालको अनुगमन गर्न आएका होलान् । सोझासिधा मानिसहरूले अनाहकमा दुःख नपाउन् भनेर स्थिति बुझ्न आएका होलान् भन्ने अडकल गर्थ्यौं । यसरी चाँडै छुट्ने तीव्र आशा बोक्दै करिब ५ महिना हिरासतमा बस्यौं ।

गिरजाबाबु आउँदा पुष्पगुच्छा लिई स्वागत गर्न बसेका जिल्ला नेताहरू देखिन्थे । उनीहरूलाई देखेर हामीसँग बसेका थुनुवाहरू 'ऊ फलानो, मेरो गाउँको फलानो भनेर चिच्याउँथे । त्यो आवाज कोठाभित्रै बिलाउँथ्यो । थुनुवाहरू आफ्ना जिल्ला नेताहरूले आफ्नो लागि भनसुन गर्न कुनै कसर बाँकी नराखेको दाबी गर्थे ।

वर्ष दिन काम गरी खानुपर्ने जनतालाई यसरी थुन्नु; सास्ती दिनु; अनाहकमा ज्यान लिनु, सर्वस्व गुमाउन बाध्य पार्नु कस्तो अन्याय हो भनेर म सोच्थें । शासकहरूलाई तिनको श्राप लाग्छ भनेर चित्त बुझाउँथ्यौं । निर्दोष जनताका सपनाहरूलाई फौजीबुटहरूले कुल्चनेहरूलाई इतिहासले कहिल्यै माफ गर्ने छैन् भनेर हामी पुकारा गर्थ्यौं ।

त्यति बेला मेरो उमेर मात्र २२ वर्षको थियो । कलिलो उमेरमा देश र जनताका लागि कलम चलाउँदा प्रजातान्त्रिक सरकारको कालकोठरीमा थुनिनु परेको थियो । विभिन्न सुरक्षा केन्द्रहरूमा थुनिएर बस्दा मैले ६ पटकसम्म बयान दिनु पर्‍यो । बयानका क्रममा पाएको शारीरिक यातनाभन्दा तीन महिनासम्म नुहाउन नपाउनु, सजिलोसँग ट्वायलेट गर्न नपाउनु र आँखामा पट्टी बाँधिनु मेरा लागि असह्य मानसिक यातना थियो । प्रजातन्त्रमा जननिर्वाचित सरकारले पनि निर्दोष जनतामाथि यसरी लाठी बर्साएको देखें ।

पटक पटकको बयान, यातना र ज्यान मार्ने धम्की झेल्दै म हप्ताको दुई दिन जिल्ला प्रहरी कार्यालयमा हाजिर हुने सर्तमा २०६१ बैसाख १ गते रिहा गरिएँ । सुदूर पश्चिममा लोकप्रिय मेरो पत्रिका "साप्ताहिक युगज्ञान" प्रकाशन नगर्न स्थानीय प्रशासनले मौखिक आदेश दियो । म बेरोजगारीको अवस्थामा पुगे । करिब डेढ वर्ष जति मैले तारिख बोक्नु पर्‍यो । त्यसबीच मैले एक दर्जन पटक पिटाई खानु र थुनिनु पर्‍यो । यातनाको सिलसिला बन्द नभए पछि मैले बीचैमा तारेख र जिल्ला दुवै छाडें ।

विस्थापनका फुर्सदिला दिनहरू बितिरहेका बेला नेपाल समाचार पत्रमा काम गर्ने अवसर पाएँ । त्यसपछि नेपालगञ्जमा बस्ने गरी पुनः पत्रकारिता पेशामा फर्कें । नेपालगञ्जको बसाइ, मध्य तथा सुदूरपश्चिमको द्वन्द्वग्रस्त क्षेत्रको जोखिमपूर्ण रिर्पोटिङ्गका अनुभवले मलाई पुरानो हिरासतबासका पीडादायी क्षणहरूलाई बिर्साइदिएको छ । जहाँ जोखिम हुँदैन त्यहाँ पत्रकारिता हुँदैन । एक वर्षको नेपालगञ्जको पत्रकारिता यात्राले मलाई त्यस्तो अनुभव दिलाएको छ ।

नेपालगञ्जमा, एक वर्ष पत्रकारिताको दौरानमा मैले मध्य तथा सुदुरपश्चिमका धेरैजसो जिल्लाहरूको पैदल भ्रमण गरी द्वन्द्वले पारेको असरका बारेमा रिपोर्टिङ गरेको छु । यसबीच मैले ज्यानकै खतरा मोलेर पनि महत्वपूर्ण रिपोर्टिङ गर्नुका साथै द्वन्द्वपीडित जनताको पीडा घटाउन उल्लेखनीय काम गर्ने अवसर पाएको छु । यी घटनाहरूले गर्दा द्वन्द्व पत्रकार हुनुको अर्थ मैले बुझ्दैछु । परिश्रमको फल कहिले मिठो भइदिन्छ त कहिले तितो पनि । ज्यान जोखिममा पारेर काम गर्नुको बेग्लै आनन्द छ । यिनै अनुभव र अनुभूतिले मेरा सस्मरणका पानाहरू भरिँदै छन् ।

## *राजमार्ग खोल्दा स्याबासी पायौं*

पूर्व पश्चिम महेन्द्र राजमार्गको कर्णाली, चिसापानीदेखि लमही सडक खण्डको झण्डै एकसय पचास किलोमिटर सडक खण्डमा तीन सातादेखि सुरक्षाफौज र माओवादीबीच दोहोरो गोली हानाहानका ठूलाठूला घटनाहरू भइरहेका थिए । राजमार्गमा सुरक्षाफौजलाई लक्षित गरी थुप्रै ठाउँमा माओवादीहरूले विद्युतीय धराप थापेका थिए । यातायात बन्द हुनुका साथै जनजीवन अस्तव्यस्त थियो ।

शाही बर्दिया राष्ट्रिय निकुञ्जको रम्भापुर चेकपोष्टका एकजना सैनिक जवान सादा पोसाकमा भुरीगाउँ बजारमा गएको बेलामा माओवादीले हत्या गरेका थिए । उनको लास उठाउन गएको टोलीमाथि माओवादीले तीन पटकसम्म आक्रमण गरेका थिए । आक्रमणमा परी सर्वसाधारण दुई जनाको मृत्यु र आधा दर्जन जति घाइते भएका थिए । तर पनि सेनाले लास उठाउन सकेको थिएन ।

राजमार्गमा हिंसात्मक गतिविधि बढेकोले वरपर गाउँ बस्तीका मानिसहरू हिँडडुल गर्न सकिरहेका थिएनन् । केही उपाय नलागेपछि गाउँलेहरूले नेपालगञ्जमा आई पत्रकार र मानवअधिकारवादीहरूलाई गुहारे । नेपालगञ्जका मानवअधिकारवादी र सञ्चारकर्मीहरूले मानवअधिकार नागरिक अनुगमन समिति गठन गरे र माओवादीसँग वार्ता गरी समस्या सुल्झाउन कम्मर कसे । तर माओवादीहरूसँग सञ्चार विच्छेद भएकोले कोही उनीहरूसँग सम्पर्क गर्ने प्रयासमा जुटे भने कोही राजमार्ग खोल्न जोड दिँदै समाचार र प्रेस विज्ञप्ति प्रकाशित गर्ने काममा लागे ।

धेरै दिनको प्रयासपछि २०६१ पुस १ गते माओवादी पक्षबाट वार्ता गर्ने सन्देश आयो । हामी उत्साहित भयौं । इन्सेकका क्षेत्रीय संयोजक भोला महतको नेतृत्वमा म, राष्ट्रिय मानवअधिकार सङ्गठनका केन्द्रीय सदस्य गणेश रेग्मी, सिपी सिंह, पत्रकार सुरेन्द्र काफ्ले, श्रीराम सिग्देल लगायतका साथीहरू माओवादीले तोकेको ठाउँ बर्दियाको सैनवार गाउँमा जान नेपालगञ्जबाट दिउँसो दुई बजे हिँड्यौं ।

पुग्नुपर्ने ठाउँ नेपालगञ्जदेखि करिब ६५ किलोमिटर पर सेनाको रम्भापुर चेकपोष्टभन्दा दश किलोमिटर पश्चिममा थियो । चेकपोष्टमा सवारी इन्ट्री गर्न हामी रोकिँदा सुरक्षाकर्मीहरू छक्क परे र सतर्क भए । सुरक्षाकर्मीसँग धेरै जनाले बोल्दा

कुरा बिग्रनसक्छ भनेर मैले भोला महतजीलाई मात्र कुरा गर्न अनुरोध गरें । साथीहरू सहमत भए । एक जना सैनकि जवानले 'यस्तो बेलामा कहाँ जाने सर ?' भनेर सोधे । भोलाजीले 'यहीँ भुरीगाउँ बजारसम्म जाने हो । हामी पत्रकार र मानवअधिकारवादी हौँ ।' भनेपछि ऊ फर्कियो ।

एकछिन पछि नेपाल प्रहरीका एक जना असई सहित संयुक्त सुरक्षाफौजका पाँच छ जना मानिसहरू आए । पत्रकार श्रीराम सिग्देलले ती असईलाई चिनेका रहेछन् । भलाकुसारी भयो । हामीले भुरीगाउँ बजारमा मारिएका सैनिकको ठेगान लगाइदिनु पऱ्यो भनी गाउँलेहरूले आग्रह गरेकोले स्थिति बुझ्न जाँदैछौ भनी जानकारी गरायौँ ।

ती सुरक्षाकर्मीहरूले मोटरमा सवार हामी सबैको नाम र सम्बद्ध संस्थाको नाम टिपे । तीन सातादेखि सडक सुनसान भएकोले नियास्रो लागेको अनुभव सुनाउँदै एक जना सुरक्षाकर्मीले भने, "सर, भुरीगाउँ बजारमा त माओवादी धेरै छन् रे नि । राजमार्ग उनीहरूले नै कब्जा गरिबसेका छन् । हाम्रो साथीको लास समेत उठाउन पाएका छैनौँ । गए लुकेर आक्रमण गर्छन् ।"

"माओवादी भेटिए भने बाटो खोल्न भन्नुस् है ।" अर्को सुरक्षाकर्मीको आग्रहपूर्ण भनाइले हाम्रो मन छोयो । सबै जना शान्ति चाहँदा रहेछन् । ती सुरक्षाकर्मीको व्यवहारले हामीलाई वार्ता र संवादका लागि झनै उत्साही बनायो । "साँझ फर्कंदा अलि अबेर हुन्छ होला गेट बन्द नगरिदिनुहोला ।" भन्दै हामी अघि बढ्यौं ।

रम्भापुर पार गर्ने बित्तिकै सुरु हुने शाही बर्दिया राष्ट्रिय निकुञ्जको घना जंगलको बाटो अरू बेला गाईवस्तुले सडक छेकेर दिक्क पार्थ्यो । आज त्यो बाटोमा एउटा पनि गाईवस्तु थिएन । भीडन्तमा परिने डरले गोठलाहरूले त्यता गाईवस्तु चराउन नलगेको पनि महिना दिन पुग्न लागिसकेको रहेछ । माओवादी छापामारको उपस्थितिले गाउँलेहरूले त्यसो गरेका होलान् भन्ने हामीले अडकल गऱ्यौँ ।

जंगलको बीच सडकमा एउटा किशोरले हाम्रो मोटर रोक्यो । "सरहरू, मलाई पनि पर कर्णाली चिसापानीसम्म जानु छ । लगिदिनुहोस् न ।" उसको आग्रह थियो ।

"यो रिर्जभ गाडी हो । हामी पत्रकार र मानवअधिकारकर्मी हौं । चिनजान नभएकालाई गाडीमा राख्न मिल्दैन ।" हामीले भन्यौं ।

"हव्स" भन्दै ऊ पछि हट्यो । उसको पिठ्युँमा झोला थियो । फौजी तरिकाको उसको हिंडाइबारे हामीले मोटरभित्रै कुरा गऱ्यौँ । अलि पर पुगेपछि पछाडि फर्केर हेर्दा उसले सञ्चार सेटबाट कुरा गरेको देखियो । ऊ माओवादी वा सैनिक मध्ये एउटा हुनुपर्छ भन्ने हामीले अनुमान गऱ्यौँ ।

भुरीगाउँ बजार नपुग्दै राजमार्गबाट छुट्टिएको एउटा बाटो दक्षिणतिर सैनवार भन्ने गाउँतिर लाग्छ । त्यही चोकमा एक जना माओवादी कार्यकर्ता हामीलाई पर्खेर बसेका रहेछन् । उनले हातले इसारा गरे । हाम्रो मोटर गाउँभित्र छिऱ्यो । एक किलोमिटर गुडेपछि सैनिक पोसाक र अत्याधुनिक हतियारसहितको एउटा ठूलो जमात देखियो ।

गाउँको धुले सडकको दुबैतिर पंक्तिवद्ध एवं अनुशासित भई हिँडिरहेका एकै प्रकारका सैनिक जवानहरूको जमात देख्दा हाम्रो मनमा चिसो पस्यो ।

उनीहरू सेना हुन् कि माओवादी छापामार भन्न सकिन्नथ्यो । झट्ट हेरेर फरक छुट्टयाउन गाह्रो थियो । अर्को कुरा, सेनाको रम्भापुर चेकपोष्टदेखि हामी ११ किलोमिटर मात्र पर थियौँ । त्यो क्षेत्रमा सेनाको पेट्रोलिङ हुनु अस्वभाविक थिएन । तर माओवादीले पनि यहीँको ठेगाना दिएका थिए । यदि सेना त्यहाँ पुगेको भए भीडन्तमा परिने डर थियो ।

वार्तास्थलमा पुगेपछि मात्रै निश्चित भयो उनीहरू माओवादी छापामार रहेछन् । त्यो फौजी जमात सतवरिया तेस्रो बिग्रेडको रहेछ । ब्रिगेडका सहायक राजनीतिक कमिसार रमेश कोइराला उर्फ भीम शर्मा देखिए । उनी माओवादी निकट जनआहवान साप्ताहिक पत्रिकाका पूर्व सम्पादक थिए । उनीसँगै भेरी कर्णाली क्षेत्रीय व्युरो सदस्य तथा बाँके बर्दिया इन्चार्ज अनलसहित एकदर्जन नेताहरू कडा सुरक्षा घेराबीच स्कुलको चौरमा बसिरहेका थिए ।

चिनजान गरेपछि वार्ता सुरु भयो । हामीले राजमार्ग र मानव बस्तीमा हिंसात्मक गतिविधि सञ्चालन नगर्न जनताको आग्रह रहेको सुनायौँ । भुरीगाउँमा मारिएका सैनिक जवानको लास गन्हाएर बसिनसक्नु भएकोले त्यो लास हटाउन स्थानीय बासिन्दाको माग रहेको पनि सुनायौँ । साथै माओवादी गतिविधि बढेपछि सेनाले हवाई आक्रमण गर्दा गाउँलेका गाईवस्तु मरेको र सर्वसाधारण घाइते भएको हुँदा माओवादी प्रति जनताको ठूलो गुनासो छ भन्दै स्थितिलाई सहज बनाउन आग्रह गऱ्यौँ ।

लामो छलफल भयो । हामीले जनताको तर्फबाट राखेका कुराहरू उनीहरूले सहर्ष स्वीकार गर्ने जनाए । भुरीगाउँ बजारमा अलपत्र परेको लासको सद्‌गति हुने भयो । साथै त्यही साँझ राजमार्ग छोड्ने घोषणा उनीहरूले गरे । सौहार्दपूर्ण वातावरणमा वार्ता टुंगियो ।

फर्केर रम्भापुर चेकपोष्टमा पुग्दा साँझको ७ बजेको हुँदो हो । निष्पट्ट अँध्यारो थियो । वेरियरवरै मोटर रोक्यौँ । एकै छिनपछि क्याप्टेन सहितको एक टोली हामी नजिक आए । "बाटो खुल्ने भो त सरहरू ? माओवादीसँग भेट भयो कि भएन ?" क्याप्टेनले बडो आशावादी ढङ्गले सोधे ।

"भोलिदेखि खोल्छौँ भन्छन् ।" हामीले उत्साहित भएर भन्यौँ । चेकपोष्टमा एक छिन कुराकानी भएपछि हामी नेपालगञ्ज फर्क्यौं ।

भोलिपल्ट पत्रपत्रिकामा पत्रकार र मानवअधिकारकर्मीको प्रयासले धेरै दिनदेखि बन्द राजमार्ग खुलेको समाचारले नगरवासीलाई खुसी तुल्यायो । राजमार्ग खुलाउन मानवअधिकारवादी र पत्रकारहरूले चासो नदेखाएको भन्ने आरोपबाट हामी मुक्त भयौँ । व्यक्तिगत भेट, फोन वा रैबारबाट मानिसहरूको स्याबासी र धन्यवाद पाउँदा जनताको भलो हुने केही काम गरेछौँ भन्ने गर्व अनुभव गऱ्यौँ ।

## पत्रकारको हक हितका लागि वार्ता

दैलेखका पत्रकार डेकेन्द्र थापाको निर्मम हत्यापछि माओवादीले सुदुरपश्चिम र मध्यपश्चिमका अन्य दशजना पत्रकारहरूको हत्या (उनीहरूको भाषामा भौतिक सफाया) गर्ने सूचना जारी गरे । त्यस्तो सूचना उनीहरूको प्रभाव क्षेत्र मानिएका गाउँहरूमा कागजमा लेखी टाँसिएको छ भन्ने खबर हामीले पायौँ । त्यो खबरले हामी झन् चिन्तित भयौँ । मध्य र सुदूर पश्चिममा बसेर पत्रकारिता गर्नु झन् जोखिमपूर्ण भएको अनुभव गरी केही दिन हामी गाउँतिर रिपोर्टिङ गर्न गएनौँ ।

केही दिन अघि मात्रै कान्तिपुरका जनक नेपाल, स्थानीय पत्रकार रूपन ज्ञवाली, ठाकुरसिंह थारु र म नेपाल प्रेस इन्स्टिच्युटको क्षेत्रीय सञ्चार स्रोत केन्द्र नेपालगञ्जले खटाएको फिल्ड रिर्पोटिङका क्रममा बर्दियाको सोहरवा गएका थियौँ । ठाकुर सिंहको घर त्यहीँ हो । फर्कंदा माओवादीले ठाकुर सिंहकी श्रीमतीमार्फत् जनअदालतमा हाजिर हुन आउनु भन्ने पुर्जी पठायो । चार जना पत्रकारले आदेशको पालना नगरे ठाकुरसिंहकी पत्नीलाई गाउँ निकाला गर्ने धम्कीसमेत दिई नेपालगञ्ज पठाएको थियो । त्यसपछि हामीले उनीहरूको जनअदालतमा तारेख बोकेका थियौँ । अनुमतिविना उनीहरूको इलाकामा नजाने कबुल गरेपछि माओवादीले हामीलाई छोडेका थिए । त्यसपछि गाउँमा गई समाचार सङ्कलन गर्ने हाम्रा बाटाहरू बन्द भएका थिए ।

हाम्रो काम निर्वाध रूपमा गर्नका लागि माओवादी नेतृत्वसँग वार्ता गरी पत्रकारहरूमाथि लगाइएको कथित निषेधाज्ञा हटाउनु र उनीहरूले कारवाही गर्ने भनेका दशजना पत्रकारहरूको मुद्दा फिर्ता गराउनुका साथै प्रेस र पत्रकारबारे अन्तर्राष्ट्रिय मान्यताका सम्बन्धमा उनीहरूलाई बुझाउनु आवश्यक थियो । यसका लागि हामीले औपचारिक रूपमा नेपाल पत्रकार महासंघलाई बारम्बार अनुरोध गरिसकेका थियौँ । तर ढिलो भएकोले महासंघलाई नपर्खी स्थानीय स्तरबाटै समस्या समाधान गर्ने हामीले निधो गर्‍यौँ ।

माओवादीहरूसँग सम्पर्क गर्ने उपायको खोजीमा मैले २०६१ भदौको पहिलो साता इन्सेकका क्षेत्रीय संयोजक भोला महतलाई भेटेँ । तर पत्रकार दुर्गा थापाको अपहरण र डेकेन्द्रराज थापाको हत्यापछि उनीहरूले नेपालगञ्जका मानवअधिकारवादीहरू र सञ्चारकर्मीसँग सम्पर्क गर्न छाडेका थिए । यसैले उनीहरूसँग सम्पर्क गर्ने अर्को उपाय खोज्यौँ । स्थानीय पत्रपत्रिकामार्फत लेख, सम्पादकीय र समाचार प्रकाशित गर्‍यौँ । प्रेस वक्तव्य प्रकाशित भए । त्यसपछि मानवअधिकारवादीहरूको पहलमा माओवादीको क्षेत्रीय नेतृत्वसँग वार्ता हुने भयो ।

संयोगले नेपाल पत्रकार महासंघ, मध्यपश्चिम क्षेत्रका उपसभापति विपुल पोखरेल र केन्द्रीय सदस्य पोषण के.सी. पनि नेपालगञ्जमै हुनुहुन्थ्यो । उहाँहरूसमेत दुई दर्जनजति मानवअधिकारवादी र सञ्चारकर्मीहरूको टोली नेपालगञ्जबाट

मोटरसाइकलमा हिँड्यौं । लक्ष्य तर्फ लागेको झण्डै तीन किलोमिटरदेखि माओवादीका जाँच चौकीहरू आउन थाले । आधा दर्जन जति जाँच चौकीहरू पार गर्दै एक घण्टापछि हामी निर्धारित स्थल बर्दियाको सोरहवा गाविसको जगतिया पुग्यौं । कडा सुरक्षा घेराबीच विद्यालयमा माओवादीका भेरी कर्णाली क्षेत्रीय ब्युरो सदस्य र माओवादीका जनवर्गीय सङ्गठनका नेताहरू पर्खेर बसेका थिए ।

छलफल सुरु भयो । माओवादी क्षेत्रीय सदस्य तथा बाँके बर्दिया इन्चार्ज अनलले माओवादी पार्टीको प्रेस आचार संहिता पढेर सुनाए । उनीहरूको आचार संहितामा माओवादी आधार क्षेत्रमा काम गर्दा पत्रकारले पालना गर्नुपर्ने थुप्रै सर्तहरू उल्लेख थिए । त्यसपछि हामीलाई बोल्न भनियो । अनलले सुरक्षा निकायले माओवादी विरुद्ध पत्रकारहरूलाई प्रयोग गरेको आरोप लगाउँदै पत्रकारहरूले सुराकीको काम गरेको हुनाले पार्टीले कारवाही गर्ने नीति लिएको बताए । उनले आफ्नो पार्टीको प्रभाव क्षेत्रमा समाचार सङ्कलन गर्न आउँदा अनुमति लिएरमात्र आउनुपर्ने जानकारी गराए ।

माओवादीले भौतिक कारवाही गर्ने भनेका पत्रकारहरूमध्ये "हिमाल पाक्षिक" तथा "राजधानी"का नेपालगञ्ज सम्वाददाता रामेश्वर बोहोरा र "सामना" साप्ताहिकका प्रकाशक/सम्पादक अजय गुप्ता पनि हुनुहुन्थ्यो । माओवादी धम्की पछि रामेश्वर बोहोरा निक्कै विचलित हुनु भएको थियो । अजय गुप्ता केही महिनादेखि अर्द्धभूमिगत जस्तै भएका थिए ।

वार्तामा अजय गुप्ता उपस्थित हुन नसके पनि रामेश्वर बोहोरालाई भने मैले आफूलाई जोखिममा पारेर भए पनि सँगै लगेको थिएँ । हुनत डेकेन्द्र थापाको ताजा घटनाले गर्दा हिमाल पत्रिकाका सम्पादकले उहाँलाई वार्तामा नजाने सल्लाह दिएका थिए, तैपनि माओवादीद्वारा आरोपित पत्रकारलाई नै वार्तामा उपस्थित गराउनु बेस ठानेर मैले जान कर गरेको थिएँ । उहाँमाथि माओवादीको इच्छा र अनुमति बेगर बर्दियाका जनसरकार प्रमुख विष्णु चौधरीको फोटो हिमालमा प्रकाशित गरेको आरोप थियो । अजय गुप्तामाथि उनीहरूले नेपालगञ्जका सुन व्यापारीसँग चन्दा मागेको आरोप लगाएका थिए ।

माओवादी नेताहरूसँग लामो र चर्काचर्की बहस छलफल भयो । हामीले उनीहरूको आचारसंहिता र नेता अनलको कुरामा असहमति जनाई प्रतिवाद गर्‍यौं । पत्रकारमाथिको माओवादी कुदृष्टिले उनीहरूको पार्टीलाई नै नोक्सान पुग्ने र जनतामा उनीहरूप्रति असन्तुष्टि बढ्ने तर्क प्रस्तुत गरेपछि उनीहरू केही नरम भए । हामीले पत्रकारहरूमाथिको मुद्दा फिर्ता लिनुपर्ने कुरामा अड्डी लियौं । पत्रकारिता जगतलाई प्रभाव पार्ने गरेर माओवादीले अघि सारेका कुनैपनि सर्तहरूको पालना गर्न नसकिने सामूहिक प्रतिक्रिया हामीले जनायौं ।

आखिरमा हामीले उनीहरूलाई आउने दिनहरूमा प्रेसमाथि आक्रमण नगर्न प्रतिवद्ध गरायौं । रामेश्वर बोहोरा र अजय गुप्तालाई पत्रकार महासंघले कारवाही गर्ने कबुल

गरेमा उनीहरूले आफ्नो मुद्दा फिर्ता लिने जानकारी दिए । त्यही बेला माओवादी नेतृत्वले दैलेखका पत्रकार डेकेन्द्र थापाको हत्या गर्नु गल्ती थियो भन्ने स्वीकार गर्दै पार्टी पंक्तिले छानवीन गरिरहेको पनि उनीहरूले बताए ।

तीन घण्टा चलेको वार्ताको फलस्वरूप माओवादीले भौतिक कारवाहीको सूचीमा राखेका दशजना पत्रकारको मुद्दा फिर्ता भयो । वार्ताले मध्य र सुदूर पश्चिममा पत्रकारहरूले काम गर्ने परिस्थितिमा सुधार ल्याउनुका साथै प्रेस स्वतन्त्रताको स्थिति बलियो बनाएको हामीले अनुभव गर्‍यौँ ।

## *भीडन्तको बीचमा*

मध्य र सुदूरपश्चिम नेपालमा हिंसात्मक द्वन्द्वले चरमरूप लिएपछि नेपालगञ्जका पत्रकारहरूले द्वन्द्वसँग जोडिएका थुप्रै घटनाहरू बाहिर ल्याएका छन् । आफूले काम गर्ने प्रकाशन गृहहरूको व्यवसायिक ख्याति बढाउन यहाँका पत्रकाहरूले महत्वपूर्ण योगदान दिइरहेका छन् । द्वन्द्व रिपोर्टिङ यहाँका पत्रकारहरूको चाहना नभए पनि बाध्यता र विशेषता बन्दैछ । दैनिक औपचारिक घटनाको रिपोर्टिङमा सीमित हुन उनीहरूलाई दिक्क लाग्न थालेको छ ।

धेरै दिनसम्म द्वन्द्व रिपोर्टिङ गर्न नपाएको नियास्रो मेटाउन यसपटक हामीले विवादास्पद कालापानी सीमा अतिक्रमणका सम्बन्धमा ताजा स्थितिको रिपोर्टिङ गर्ने निधो गर्‍यौँ । किनकि केही दिन अघि मात्र कालापानी फिर्ता ल्याउन माओवादी सेनाले दार्चुला डाँडाहरूमा धमाधम ट्रेन्च निर्माण गरिरहेको र भारतीय सेनाविरूद्ध मोर्चाविद्ध युद्धको तयारी प्रारम्भ भएको कुरा बाहिर आएको थियो । वास्तविकता बुझ्न हामीले दार्चुला र कालापानी जाने योजना बनायौँ । मसँग समय साप्ताहिकका सम्वाददाता रूद्र खड्का पनि हुनुहुन्थ्यो । २०६२ मंसिर १२ गते भारतीय बजार रूपैडिया गयौँ । त्यहाँबाट पिलिभित, बनवासा र पिथौरागढ हुँदै धार्चुला अनि १३ गते साँझ दार्चुलाको सदरमुकाम खलंगा पुग्यौँ ।

भोलिपल्ट कालापानी पुग्नका लागि आवश्यक जानकारी लिन थाल्यौँ । हिउँदमा व्यास क्षेत्रमा धेरै हिमपात हुने हुँदा नेपालको बाटो हुँदै कालापानी पुग्न कठिन रहेछ । हामीले भारतको बाटो भएर जाने बिचार गर्‍यौँ । हामी उत्तराञ्चलको निर्माणाधीन ठूलो जलविद्युत योजना धौलिगंगा नजिक पुग्यौँ । तर नयाँ अनुहार देख्ने बित्तिकै छ्यापछ्याप्ती फैलिएका सुरक्षाकर्मीहरूले हामीलाई अगाडि बढ्न दिएनन् । जलविद्युत परियोजनाको निर्माणस्थल र पानी निकास गर्न बनाइएका ठुल्ठूला सुरूङ्गहरू हेर्दै हामी खलंगा फर्क्यौं ।

१४ गते हामी दार्चुलाबाट बैतडीको सदरमुकाम गोठालापानीतिर लाग्यौँ । स्थानीय अभियान दैनिकका पत्रकार शंकर धामी पनि हामीसँग मिसिनु भयो । बाटोमा सदरमुकामबाट फर्किरहेका गाउँलेहरूसँग बात मार्दै हिँड्दा गाविसका पूर्वअध्यक्ष पदमसिंह डोबालसँग भेट र चिनजान भयो । चार घण्टा हामी उहाँसँग कुरा गर्दै

हिँड्यौं । हामी पत्रकार हौँ भन्ने थाहा पाएपछि डोबालले दार्चुला जिल्लाको बारेमा हामीलाई थुप्रै जानकारी दिनु भयो । उहाँले हाम्रो बास बस्ने चिन्ता मेटाइदिनु भयो । दल्लेख भन्ने गाउँभन्दा वरै उहाँको घरमा बास बस्ने निधो भयो ।

राती ८ बजे उहाँको घर पुग्नुअगावै गाउँमा माओवादीको एक समूह सेल्टर लिएर बसेको थाहा पाइयो । गाउँलेहरू बडो उत्साहका साथ हाम्रा वरिपरि झुम्मिए र 'माओवादीलाई भेट्न चाहनुहुन्छ भने बोलाउन सक्छौं' भने । तर मैले उनीहरूलाई भेट्न आवश्यक नभएको बताएँ ।

भोलिपल्ट बिहानै अध्यक्ष डोबालको घरपरिवारसँग बिदा भयौँ । दुई घण्टा उकालो चढेपछि दल्लेख डाँडामा पुगियो । सानो बस्ती, १०–१२ वटा पसल रहेछन् । मध्यवर्ती दार्चुलाका मानिसहरू सदरमुकामबाट फर्कंदा बास बस्ने ठाउँ रहेछ दल्लेख । साथै माओवादी आधार इलाकाको जाँच चौकी पनि रहेछ ।

पानीको धाराछेउ पुगेर उकालो सिद्धिने रहेछ । धारामा दुइटी युवती हातमुख धुँदै थिए । तिर्खा लागेको थियो । धारा नजिक उभिएर पालो पर्ख्यौं । उनीहरूले हामीलाई एकछिन एकोहोरो हेरे । दुर्गम पहाडी क्षेत्रमा महिलाहरूले पुरुषहरूलाई यसरी एकोहोरिएर हेर्नु अनौठो मानिन्छ । यसैले मैले उनीहरू माओवादी होलान् भन्ने अनुमान गरेँ ।

एउटीले सोधिन्, "कता हो दाइ ?"

मैले भनें, "घुम्न आएको ।"

"पास छ ?" अर्को प्रश्न थियो ।

मैले उनीहरूको आसय बुझेर पनि नबुझेजस्तो गरी सोधेँ, "कस्तो पास ?"

"तपाईंहरूलाई थाहा छैन ? यो नयाँ सत्ताको आधार क्षेत्र हो ।" उनीहरूले भने ।

हामीले पत्रकारिता गर्दाको छोटो अवधिमा माओवादीका धेरै चेकपोष्टहरू पार गरिसकेका थियौं । उनीहरूका ठूल्ठूला नेताहरूसँग वार्तालाप गरिसकेको अनुभव हामीसँग थियो । त्यसैले माओवादी कार्यकर्तासँग व्यवहार गर्दा कुनै अप्ठ्यारो लाग्दैनथ्यो ।

"पत्रकारहरूका लागि मानवबस्तीमा हिंडडुल गर्न कुनै पासको जरुरत पर्दैन भन्ने कुरा तपाईंहरूलाई थाहा छैन कि क्या हो ?" भन्दै हामीहरूले आआफ्नो परिचय दियौं । उनीहरूले पनि आफ्नो परिचय दिए । एक जना दार्चुला जिल्ला कमिटी सदस्य प्रकृति र अर्को कार्यकर्ता सदिक्षा भनेर चिनिए । हामीले दार्चुला भ्रमणको उद्देश्य बतायौं । त्यसपछि नजिकैको चिया पसलमा चिया खाँदै झण्डै एक घण्टा कुराकानी गर्‍यौं ।

"तपाईंहरूका नेता लेखराज भट्टले त दार्चुलामा हजारौं ट्रेन्च बनिरहेका छन् भन्नुहुन्थ्यो । खै हामीले त अहिलेसम्म एउटा पनि देखेनौं ?" मैले प्रकृतिसँग सोधेँ । "हेर्नुहुन्छ भने लौ हिंड्नुहोस्" भन्दै उनले हामीलाई पाँच मिनेटजति हिँडाएर ट्रेन्च भएको ठाउँमा पुर्‍याइन् । ट्रेन्च अग्लो डाँडामा भारतीय सीमातर्फ मोहडा भएको थियो ।

"ट्रेन्च छ सेना खै त ?" भन्न मात्र के पाएको थिएँ सैनिक पोसाक लाएको एकजना छापामार दगुर्दै हाम्रो नजिक आएर प्रकृतिसँग सोध्यो, "कमरेड, टोली तल पुगिसकेको छ कहाँ बस्न भनुँ ? प्रकृतिले भनिन्, "यहाँ सरहरू ट्रेन्चको फोटो खिच्न आउनु भएको छ । यतै बोलाऊ ।"

एकैछिनपछि माओवादी छापामारहरूको टोली आइपुग्यो । हामीले ट्रेन्चमा मोर्चा कस्न भन्यौँ र फोटो खिच्यौँ । फोटो खिच्न नभ्याउँदै बजारमा सेन्ट्री बसेको छापामार दगुर्दै आयो र करायो, "सेना आयो ! सेना ! आयो भाग भाग !"

प्रकृतिले अलि पर गएर तल बाटोमा हेरिन् र भनिन्, "नआत्तिनुहोस् कमरेड, सेना यहाँ आइपुग्न अझै दुई घण्टा लाग्छ ।" आफ्ना कार्यकर्ता र हामीलाई उनले आश्वस्त पार्न खोज्दै थिइन् । हामीले पनि तलतिर हेर्‍यौँ । सेनाको एउटा ठूलो लस्कर विस्तारै उकालो चढदै थियो ।यत्तिकैमा दक्षिण–पश्चिमतर्फको सल्लाघारीमा बसेको सेन्ट्री सिटी बजाउँदै दगुर्दै आयो । उसले "सेना आयो" भन्न नभ्याउँदै त्यही सल्लाघारीबाट सेनाले अन्धाधुन्ध गोली चलाउँदै माओवादी छापामारहरूलाई घेर्ने कोशिस गर्‍यो । माओवादीहरू हतियार र बन्दोबस्तीका सामान ट्रेन्च आसपासमा छाडेर डाडाँको पूर्वतिरको भिरमा धमाधम हामफाल्न थाले । यी सबै घटना पाँच मिनेटभित्र भयो ।

अब के गर्ने ? हामी आत्तियौँ । माओवादीहरू हामीलाई आफूतिर आउन इसारा गर्दै थिए । रूद्र खड्काजी अलमलमा पर्नुभयो । हामीबीच सल्लाह गर्ने अवसर थिएन । तुरुन्तै निर्णय नगरी त्यहाँ बस्नु मृत्यु पर्खनुसरह थियो । माओवादीहरूले हामीलाई अझै पनि टाढाबाट बोलाउँदै थिए । उनीहरू भएतिर जानु पनि काल निम्त्याउनुजस्तै थियो ।

मैले रुद्र र शंकरलाई चिच्याउँदै तल पसलतिर जाऔँ भनेँ । ट्रेन्च भएको डाँडाबाट तल पसल पुग्न पाँच मिनेट ओरालो झर्नु पर्थ्यो । खेतको आली हुँदै पश्चिमबाट सेनाले अत्याधुनिक हतियारले गोली चलाउँदै थियो । पूर्वतिरको ओरालो भिरपछिको डाँडो र दक्षिणतिरको डाँडोबाट माओवादीहरूले थ्री नट थ्री र भरुवा बन्दुकले फायर गर्दै थिए । हामी भने बीचमा थियौँ । मैले रुद्र र शंकरलाई निहुरिँदै तल झर्ने इसारा गरेँ । गोलीबाट बच्न कुहिनाको भरमा क्रोलिङ गर्दै हामी पसलमा पुग्यौँ ।

अचानकको गोली हानाहान र बम विष्फोटनको आवाजले हाम्रो दिमागमा शून्यता छायो । गोली र बमका छर्राहरूको बीचबाट गुज्रँदाको अनुभव लेख्न गाह्रो छ । पसलमा पहिलेदेखिनै हामीले आफ्ना गह्रुँगा झोला राखेका थियौँ । छापामारहरूले केही हतियार र बन्दोबस्तीका सामान बजारमा जतातते अलपत्र छोडेका थिए । हाम्रा झोलानेर पनि उनीहरूका ठूलाठूला झोलाहरू थिए । बाहिर बस्नु असुरक्षित ठानी हामी पसलको भित्र कोठामा पस्यौँ । कोठाको ढोका थुनेको केहीबेरमै सेनाले त्यो क्षेत्र आफ्नो कब्जामा लिइसकेको उनीहरूको चहलपहलले संकेत गर्‍यो । सेनाले स्थानीय जनतालाई बाहिर चौरमा जम्मा पारेर हप्कीदप्की गर्दै थियो ।

"ए यो घरलाई बमले उडाइदे । यो माओवादीको घर हो" बाहिर कसैले निर्देशन दिएको सुनियो । हामी झन् त्रसित भयौँ । तै पनि जे होला देखा जाला भन्दै मन दह्रो पारेर बस्यौँ । बाहिर बरण्डामा हाम्रा झोला थिए । करिब एकलाख पर्ने क्यामेरा थिए । "यी झोला पनि आतंककारी कै त होलान् । ल आगो लगाइदेऊ ।" अर्को निर्देशन आयो ।

त्यसपछि हामीले नबोलेर सुखै भएन । "बाहिरका झोला हाम्रा हुन् । हामी बाहिरबाट आएका पत्रकार हौँ ।" रुद्रजीले ठूलो स्वरले भन्नुभयो । रुद्रजीको स्वर सुनेर कसैले भन्यो, "ए भित्र पत्रकारहरू छन् । राम्ररी बोल । कुटपीट नगर ।" यो आदेश दिने व्यक्ति सेनाको कमाण्डर होला भन्ने हामीले अडकल गर्‍यौँ र हामीलाई बाहिर आउन दिने माग राख्यौँ । बाहिरबाट जवाफ आयो, "ल आउनुहोस् ।" आफ्ना परियचपत्र घाँटीमा झुण्ड्याई हामी बाहिर निस्क्यौँ । हामी डरले लगलग काँप्दै थियौँ । डाडाँपारि माओवादीले गराएका विष्फोटनका आवाजहरू सुनिंदै थियो ।

हामीलाई पसलबाहिर बरण्डाको पेटीमा बस्न भनियो । सेनाका सेकेन्ड लेफ्टिनेन्ट हामी नजिक आई परिचय गरे । उनको नाम प्राजु बस्नेत रहेछ । भरखरका युवा रहेछन् । हाम्रो विवरण लिइसकेपछि सदरमुकाममा सुरक्षा निकायलाई जिल्ला भ्रमणका बारेमा जानकारी किन नगराएको भनी सोधे ।

हामीले आफ्नो यात्राका बारेमा एक दिनअघि मात्र खलंगामा प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराएका थियौँ । तर प्रजिअले सेनालाई बताएका रहेनछन् ।

"तपाईंहरू सदरमुकाम फर्किनुपर्छ ।" लेफ्टिनेन्ट बस्नेतले हामीलाई भने । सेनाको टोलीभन्दा करिब दुई घण्टा अघिमात्र हामी दल्लेख पुगेका थियौँ । त्यसकारण माओवादीका अपरिपक्व कार्यकर्ताहरूको मनमा पत्रकारको आडमा सेनाले कारवाही गरेको भन्ने पर्न सक्थ्यो । त्यसैले, हामीलाई माओवादीबाट खतरा हुनसक्छ भनेर उनले त्यसो भनेका रहेछन् ।

सदरमुकाम फर्क्यौं भने हामीलाई सेनाले नै लगेको भनेर माओवादीले ठहर्‍याउन सक्छन् । यसो भएमा भविष्यमा हामीलाई अझै खतरा बढ्न सक्थ्यो । तसर्थ यात्रामा अघि बढ्नुनै उपयुक्त थियो । हामीले सेनालाई त्यही कुरा भन्यौँ । बीचैमा फर्क्यौं भने त्यत्रो ठूलो रकम खर्च गरेर रिपोर्टिङमा गएको बेकार हुन्थ्यो । हामीले मानसिक तनाव भोग्नुपरेकोमा दुःख व्यक्त गर्दै लेफ्टिनेन्ट बस्नेतले हामीलाई गोली लागेको भए आफ्नो टिमलाई साह्रै अप्ठेरो पर्ने बताए । सेनाको व्यवहारमा सुधार आएको हामीले अनुभव गर्‍यौँ । हाम्रो उपस्थितिले गर्दा गाउँलेहरूले दुःख पाउनु परेन । केहीबेर अघि बमले उडाइदे भनिएको घरकी एकमात्र छोरी माओवादीमा लागेकी रैछिन् । स्थानीय प्रशासनले छोरीलाई फर्काउन बाआमालाई धेरै पटक भन्दा पनि नमानेको र माओवादीहरूले त्यो घरको उपयोग गरिरहको हुँदा सेना उनीहरूप्रति आक्रोशित रहेछ ।

हामीले घरवेटीलाई दुःख नदिन आग्रह गर्‍यौँ । सेनाले मान्यो । हामीलाई पत्रकार भएकोमा सुखद अनुभव भयो । सेनासँग बिदाबारी भएर दिउँसो ४ बजे हामी आफ्नो गन्तब्यतर्फ लाग्यौँ ।

बाटोमा माओवादी जनसैन्य अभियानमा सामेल भई बझाङबाट फर्केका विद्यार्थीका हुलहरू र दलित मुक्तिमोर्चाको बझाङमा मंसिर २२ गते हुने क्षेत्रीय सम्मेलनमा भाग लिन जाने समूहहरूसँग भेट भयो । तीन घण्टापछि धुलिगडा पुग्यौँ । झमक्क रात परिसकेको थियो ।

दल्लेखबाट आएको प्रकृतिको टोली र कमाण्डर अविरललाई हामीले बाटोमा फेला पार्‍यौँ । उनीहरूको दिँउसोको व्यवहारको हामीले आलोचना गर्‍यौँ । उनीहरूले पनि हाम्रो दुःख र पीडा बुझेजस्तो गरे ।

१५ गतेको रात उनीहरूसँगै काट्यौँ । भोलिपल्ट दार्चुलाका विकट पहाडी टाकुराहरू छिचोल्दै हामी दार्चुलाको पुरानो बजार गोकुलेश्वरतिर लाग्यौँ । दर्जनौं माओवादी चेकपोष्टहरू पार गर्दै भोलिपल्ट राती गोकुलेश्वर पुग्यौँ ।

# ३ द्वन्द्व रिपोर्टिङ गर्दा पाएको शिक्षा

*रुद्र खड्का, नेपालगञ्ज*

**नेपालमा** नै पहिलो पटक माओवादीहरूले २०५५ सालमा रुकुमका गाउँ विकास समितिहरूमा समानान्तर गाउँ जनसमितिहरू गठन गरेका थिए । निश्चय नै यो एउटा महत्वपूर्ण समाचार थियो । तर यो समाचार प्रकाशित भए जिल्ला प्रशासन र सुरक्षा निकायको मप्रति कस्तो व्यवहार होला ? ममाथि खतरा होला कि नहोला ? यस्ता प्रश्न मनमा उठनु स्वाभाविक थियो । किनभने त्यसबेला रुकुममा म मात्र एक्लो पत्रकार थिएँ ।

दोधारको मनःस्थितिमा दुई साता बित्यो । अन्त्यमा जे परेपनि समाचार पठाउने निर्णय गरी कुरियरबाट पठाएँ । त्यत्ति बेला रुकुममा फ्याक्स थिएन । चार दिनपछि कान्तिपुरमा समाचार छापिएछ । रुकुममा अखबार पढन एकडेढ साता कुर्नुपर्थ्यो ।

कान्तिपुर दैनिकको पहिलो पृष्ठमा समाचार छापिएको देखेपछि शायद सुरक्षा निकायहरूबीच खैलाबैला मच्चिए छ क्यारे । आफूले पठाएको समाचार आफैंले पढन नपाउँदै बेलुका चार बजेतिर दुईजना प्रहरी आए । उनले माथिल्लो अधिकृत तथा सिडीओले भेट्न खोजेको बताए । म उनीहरूसँगै जिल्ला प्रहरी कार्यालय पुगेँ । प्रमुख जिल्ला अधिकारी, निमित्त प्रहरी प्रमुख सहित केही अधिकारीहरू रहेछन् ।

म प्रहरीमा पुगेको लगत्तै समाचारमा उल्लेख गरिएको साँख गाविसका अध्यक्षलाई पनि बोलाइयो । उनीहरूले समाचार किन लेखेको भनेर अत्तो थापे । समाचार खण्डन गर्न जोड दिए । तर मैले उनीहरूको कुनै कुरा पनि मानिंन । त्यसपछि उनीहरूले कान्तिपुरका माथिल्ला निकायका मानिसहरूसँग कुरा गरेर स्ट्रिङ्गरबाट हटाइदिने धम्की दिए । मैले उनीहरूको

धम्कीलाई वास्ता गरिंन । उनीहरूले पछि के गरे थाहा भएन तर कान्तिपुरले त्यो समाचारको बिषयलाई लिएर मसँग कुनै कुरा गरेन ।

माओवादी विद्रोहले निकै गाँजेको रुकुममा मैले पत्रकारिता थाल्दा धेरैजसो मानिसहरूलाई पत्रकारको काम कर्तव्यबारे केही थाहा थिएन । जिल्लामा माओवादी विद्रोह द्रुत गतिमा बढिरहेको थियो र यस्ता गतिबिधिहरू सञ्चार माध्यममा ल्याउनु मेरो जिम्मेवारी थियो ।

जिल्लामा म एक्लो पत्रकार भएको हुनाले मेरो कसैसँग व्यावसायिक प्रतिस्पर्धा थिएन । मैले जे लेखे पनि त्योसँग प्रतिस्पर्धा गर्ने अर्को पत्रकार थिएन । साथै मैले लेख्नुभन्दा पहिले अरू कसैले समाचार पठाउने सम्भावना पनि थिएन । तर माओवादी र सुरक्षाकर्मीका कामकारवाही वा ज्यादती तथा अन्य क्रियाकलापहरू कतिसम्म सार्वजनिक गर्न सकिन्छ भन्ने कुरामा सँधै अन्यौल हुन्थ्यो । कतिपय अवस्थामा अन्यौलको स्थितिमा समाचार पठाउनु पर्थ्यो ।

माओवादीले रुकुम हुँदै अरू जिल्लाहरूमा पनि गाउँ जनसमितिहरू गठन गर्दै जिल्ला संयुक्त जनसमिति नै गठन गरेको सार्वजनिक गरेपछि मेरो रिपोर्टिङलाई असत्य भन्नेहरू बोल्नै सकेनन् । पहिलो पटक रुकुममै गठन गरेको जिल्ला संयुक्त जनसमतिको उद्घाटन कार्यक्रममा काठमाडौंबाट पत्रकारहरू पुगेपछि त मेरो मनमा रहेको अन्यौल पनि हटेको थियो ।

माओवादी लुकेको आंशकामा रुकुमको खारामा प्रहरीले सर्वसाधारणको घरमा आगो लगाई निर्दोष गाउँलेको हत्या गरेका समाचारदेखि सुरक्षाकर्मी र माओवादीबीच भएका धेरैजसो भीडन्तहरूको फिल्डबाट रिपोर्टिङ तथा माओवादीले निहत्था सर्वसाधारणहरूलाई बिभिन्न आरोप लगाई मारेका र गाउँ निकालेका व्यक्तिहरूका पीडा र बेदना मैले आमसञ्चार माध्यममार्फत सार्वजनिक गरेको छु । यसका लागि मैले सुरक्षाकर्मी र माओवादीबाट प्रत्यक्ष यातना नभोगे पनि बेलाबेलामा बिभिन्न खाले आरोप भने सहेको छु ।

देशमा लागेको पहिलो सङ्कटकालको बेला माओवादीले बाँकेको निबुवामा निर्ममतापूर्वक दुई सर्वसाधारणलाई हत्या गरी उनीहरूको घर ध्वस्त पारेको रिर्पोटिङ गर्दा सुरक्षाकर्मीबाट गरिएको नराम्रो व्यवहारदेखि २०६१ साल माघमा दार्चुलाको गाउँमा पुगेको बेलामा माओवादीमाथि सेनाले गरेको कार्वाहीमा माओवादीबाट सुराकीको आरोप समेत भोग्नु परेको थियो ।

२०५९ सालमा आफन्तको विवाहको निम्तो मान्न गएकी बाँके बैजापुरकी १५ वर्षीया थारु युवती सशस्त्र प्रहरी बेस क्याम्प कुसुमका दुई प्रहरी जवानद्वारा बलात्कृत भएको समाचार ढिलै भएपनि प्रकाशनमा ल्याएपछि गैरसरकारी संस्थाहरूले युवतीलाई गरेको उपचार र अन्य सहयोगलाई म मेरो समाचारको सकारात्मक प्रभाव मान्छु । तर बलात्कारीहरूलाई जागिरबाट बर्खास्त गर्नुमात्र पर्याप्त सजाय हो जस्तो मलाई लाग्दैन ।

माओवादीमा बालसैन्य छन् र उनीहरूले विद्यालयलमा छापामार तालिम दिन्छन् भनेर धेरै पत्रकारहरूले लेखे पनि त्यसको स्थलगत र आँखाले देखेको रिपोर्टिङ भएको थिएन । मैले रुकुमको एक विद्यालयमा माओवादीले बाल छापामारहरू भर्ना गरेको र केटाकेटीलाई प्रशिक्षण दिइरहेको फोटो सहित पठाएको समाचारले निकै चर्चा पाएको थियो । त्यो रिपोर्टिङ गर्दा निकै चलाखी र मेहनत गर्नु परेको थियो । समाचार प्रकाशित भएपछि तालिम सञ्चालन गर्ने माओवादी कमाण्डर रिसाएता पनि धेरैले उक्त समाचारलाई सकारात्मक रूपमा लिएका थिए । माओवादीहरूले समेत त्यस्ता गतिबिधिलाई गम्भीर रूपमा लिएको देख्दा मलाई निकै खुशी लागेको थियो । पीडित पक्षले गर्ने राम्रो व्यवहार र उनीहरूको वेदना घटाउने लक्ष्य मलाई पत्रकारितामा रहिरहन प्रेरित गर्ने तत्व हुन् । कहिले माओवादी छापामारलाई भेट्न जाँदा त कहिले द्वन्द्वरत पक्षहरूको ज्यादतीहरूको समाचार लेख्दा अनि कहिले भीडन्तको प्रत्यक्ष रिपोर्टिङ गर्दा कतिपय स्थानमा ज्यानको जोखिम त छँदै छ, तैपनि जनताबाट र कतिपय अवस्थामा द्वन्द्वरत पक्षहरूबाट पाइने सम्मान र सहयोगले निकै उत्साही बनाउँछ ।

पत्रकारिता मैले रहरले थालेको थिएँ । द्वन्द्व रिपोर्टिङ गर्छु भनेर आफूलाई त्यसको लागि आवश्यक क्षमता, सीप र शिक्षा प्राप्त गरेर यो क्षेत्रमा लागेको थिइन । मेरा अधिकांश सहकर्मीझैँ म पनि देशमा बढेको द्वन्द्वले गर्दा द्वन्द्वपत्रकार बन्न पुगेको हुँ । यसैले हामीजस्ता पत्रकारहरूले भोग्नु परेको पहिलो ठूलो समस्या जोखिमप्रति आवश्यक मात्रामा सजगता र सुरक्षासम्बन्धी ज्ञान र अनुभवको अभाव तथा रिपोर्टिङको विषयवस्तुबारे अस्पष्टता र अन्यौल हो ।

पाँच वर्ष कान्तिपुर पब्लिकेशनमा र पछिल्लो एक वर्ष यता भृकुटी पब्लिकेशनले प्रकाशित गर्दै आएको "समय" साप्ताहिकमा काम गर्ने मेसोमा मध्य र सुदुरपश्चिमका धेरैजसो जिल्लाहरूमा रिपोर्टिङको लागि पुग्दा मैले अहिलेसम्म रिपोर्टिङ खर्च र अन्य केही सुविधा लिएको छैन् । विदेशी सञ्चार माध्यमका प्रतिनिधिहरूसँग ग्रामीण भेक पुग्ने अवसर पाउँदा मैले उनीहरूकै खर्चमा आफू सम्बद्ध संस्थाका लागि रिपोर्टिङ गरेको सम्झँदा मन खिन्न हुन्छ ।

विगतमा पत्रकारहरूसँग कुनै सम्पर्कमा आउन नखोज्ने शाही नेपाली सेना माओवादी विद्रोहपछि पत्रकारहरूसँग सम्पर्कमा आउन थालेको छ भने यत्तिखेर द्वन्द्वको समाचारको मुख्य स्रोत नै सेना बनेको छ । फलस्वरूप कतिपय समाचार अतिशयोक्तिपूर्ण भएको हुँदा शंकाको घेरामा परी पछि छानबीन गर्नुपर्ने स्थिति पनि आएको छ ।

द्वन्द्व रिपोर्टिङका सुरुका दिनहरूमा माओवादी र सुरक्षाकर्मीले प्रेस र पत्रकारहरूको भूमिका नबुझ्नाले विभिन्न समस्या आउने गर्दथे । तर हिजोआज सञ्चारजगतसँग उनीहरू बढी सचेत भएको मैले पाएको छु । तर, यत्तिबेला बुझ्दै नबुझी भन्दा पनि बुझेर पत्रकारहरूलाई मानसिक या भौतिक यातना दिने चलन बढिरहेको छ ।

द्वन्द्वरत दुबै पक्षले मौका मिल्यो कि आफनो 'इन्ट्रेष्ट' को समाचार दिन लगाउन प्रयत्न गरिरहन्छन् । आफूले भने अनुसार प्रयोग गर्न नसके अनेक धम्की दिने प्रवृत्ति छँदैछ । द्वन्द्वग्रस्त जिल्लाका पत्रकारहरू यो प्रवित्तिको सिकार निरन्तर रूपमा भइरहेका छन् । समाचार लेखेकै कारण कैयौँ पत्रकारहरूले ज्यान गुमाउनु परेको छ ।

नेपाली पत्रकारहरूका निम्ति द्वन्द्व रिपोर्टिङ बिल्कुलै नयाँ क्षेत्र हो । यसैले सुरुमा नेपाली आमसञ्चार माध्यमहरूले माओवादीका गतिविधिहरू जस्ताको त्यस्तै प्रकाशन/प्रशारण गरेका थिए । झण्डै दुई वर्ष यसरी बित्यो । तर पछिल्ला दिनहरूमा भने शान्तिको लागि प्रयास तिनीहरूको कामको अभिन्न अङ्ग बनेको छ ।

नेपालका द्वन्द्व पत्रकारहरू मध्ये अहिले पनि धेरैजसो विनातयारी नै द्वन्द्वग्रस्त क्षेत्रहरूमा पुग्छन् । दुर्गम इलाकामा काम गर्ने कतिपय नेपाली पत्रकारहरूले तालिम र सुविधा पाएका विदेशी पत्रकारहरूसँगै मिलेर वा उनीहरूको गाइड बनेर स्थलगत रिपोर्टिङ गर्ने अवसर पनि पाएका छन् । तैपनि उनीहरूलाई न त विदेशी आमसञ्चार माध्यमले न ऊसँग सम्बन्धित सञ्चार माध्यमले नै सुरक्षा र बीमाको व्यवस्था गर्छ । उनीहरू 'जे पर्छ त्यही अनुसार हुन्छ' भनेर रिपोर्टिङमा जानुपर्ने बाध्यता छ ।

द्वन्द्व रिपोर्टिङ गर्ने पत्रकारहरूमध्ये द्वन्द्वरत पक्षहरूबाट पीडित पत्रकारहरू सबैजसो दुर्गम र द्वन्द्वग्रस्त क्षेत्रहरूमा बस्नेहरू छन् । उनीहरूले बाध्यतावश द्वन्द्वको रिपोर्टिङ गर्न सिकेका हुन् । भीडन्त भएका क्षेत्रमा रिपोर्टिङ गर्न उनीहरू आफ्नै जोखिममा र आफ्नै समय र खर्चमा जाने गरेका छन् ।

ज्यान जोखिममा राखेर द्वन्द्वग्रस्त इलाकामा रिपोर्टिङ गर्ने पत्रकारहरूले त्यस्तो क्षेत्रमा काम गर्दा जान्नुपर्ने सुरक्षा उपायहरू, प्राथमिक उपचार, व्यक्तिगत सुरक्षा तथा द्वन्द्वरत पक्षहरूसँग गर्नुपर्ने व्यवहार बारे तालिम पाएका छैनन् । उनीहरूको स्वास्थ्य र जीवन बीमाको व्यवस्था छैन ।

द्वन्द्वलाई समाचारको राम्रो विषयवस्तु बनाएर पाठकहरूलाई पस्किरहेका नेपाली आमसञ्चार माध्यमहरूले अहिले पनि द्वन्द्व रिपोर्टिङको तालिम दिने चासो देखाएका छैनन् । हाल आएर द्वन्द्व रिपोर्टिङको नाममा केही संस्थाहरूले चलाउने तालिममा सो विषयमा अनुभवहीन पत्रकारहरू, खेल, आर्थिक वा अन्य रिपोर्टिङ गर्ने सम्वाददाताहरूलाई सामेल गराएको देख्दा अफ्ठ्यारो र अनौठो लाग्छ ।

दुर्गम जिल्लामा काम गर्ने धेरैजसो पत्रकारहरू नियमित सम्वाददाताको रूपमा नभई स्ट्रिङ्गरको रूपमा कार्यरत छन् । उनीहरूले छापिएको समाचारको शब्दको आधारमा पारिश्रमिक पाउँछन् । उनीहरूको जागिरको सुरक्षा छैन । व्यावसायिक पत्रकारिताको कुरा गर्ने नेपाली आमसञ्चार माध्यमहरूबाट द्वन्द्वग्रस्त जिल्लाहरूमा रिपोर्टिङ गर्ने पत्रकारहरूले नियमित तलव समेत पाउन सकेका छैनन् । अरू सुविधाको कुरा आश्वासनमा सीमित छ । यदि दिइहाले पनि समान रूपमा दिइँदैन । भीडन्तको बीचमा ज्यान जोखिममा राखेर लेखिएको समाचारको पारिश्रमिक शब्द संख्याको

आधारमा पाउनु विडम्बना नै हो । वास्तवमा अधिकांश युवा पत्रकारहरू आफ्नै खर्च खाएर र समाचार पठाउने खर्च पनि आफैँ व्यहोरेर पत्रकारिता पेशाको आकर्षण र उत्साहको बलले काम गरिरहेका छन् । अखबारमा छापिने नाम/बाइलाइन हेर्दै मख्ख पर्नु र चित्त बुझाउनु पर्ने अवस्था छ ।

हुनतः जिल्लामा पत्रकारिता पेशा गरेरमात्रै खान पुग्दैन । कसैले अध्यापन त कसैले व्यापार पनि गर्ने गरेका छन् । तर पत्रकारितालाई देखावटी पेशा बनाएर गोप्य रूपमा कुनै पक्षको हित वा अहित गरेमा त्यो आफ्नै लागि घातक हुनसक्छ । नक्कली पत्रकारहरूको कारणले सक्कली पत्रकारहरूले दुःख, पीडा र पूर्वाग्रहको सिकार हुन नपारोस् भन्ने कुरामा हामी सचेत हुनुपर्छ ।

नेपाली सञ्चारमाध्यमहरूले द्वन्द्वको प्रत्यक्ष रिपोर्टिङ गर्न थालेको एक दशक भइसकेको छ । यसबाट नेपाली पत्रकारहरूले द्वन्द्वको रिपोर्टिङ गर्ने शैली र तरिका सिकेका छन् । मेरो विचारमा द्वन्द्व रिपोर्टिङ गर्ने पत्रकारहरूको प्रमुख सुरक्षाकवच भनेको सम्बन्धित सम्वाददाताको व्यवहार नै हो । उसले लेखेका कुरा र काम गर्ने तरिकादेखि लिएर अरूसँग गर्ने व्यवहारले उसको सुरक्षालाई प्रभाव पार्छ । द्वन्द्वसँग सम्बन्धित अन्य तालिम, सुविधा, शिक्षा आदिले उसको सीपलाई खार्छ ।

# ४ आधा मिनेटको समाचारका लागि सत्तरी हजार !

*हरिहरसिंह राठौर, दैलेख*

**माओवादीको** जगजगी भएका गाउँमा महिलाहरूले माओवादीलाई पिटेर सख्त घाइते बनाएको कुरा सुरुमा पत्याउन गाह्रो थियो । तर माओवादीविरुद्ध गाउँले महिलाहरूको गतिविधि बढेर आन्दोलनको रूप लिँदै थियो । २०६१ कात्तिक २४ गतेदेखि दैलेखको मध्य क्षेत्र दुल्लुबाट सुरु भएको माओवादीविरुद्ध महिलाहरूको प्रतिकार आन्दोलन मत्थर हुनुको साटो झनै वरपरका गाविसहरूमा पनि विस्तार हुन थालेको थियो ।

आन्दोलनको रिपोर्टिङ गर्न च्यानल नेपालका सहकर्मी अमर सुनारसहित केही पत्रकारहरूसँग म मंसिर ३ गते दुल्लु पुगें । हामीसँग सामाजिक कार्यकर्ता हिरासिंह थापा पनि थिए । उनी हाल माओवादीलाई आर्थिक सहयोग गरेको आरोपमा विगत ६ महिनादेखि सैनिक हिरासतमा छन् । बाटाका विभिन्न ठाउँमा महिलाहरू हातमा बडेमानका लौरो लिएर सुरक्षार्थ सेन्ट्री बसेका थिए । उनीहरूको तिखो सोधपुछलाई छिचोल्दै हामी दुल्लु पुग्यौं । त्यहाँ पुगेको केही क्षणमै वरपरका ५ गाविसका महिलाहरूको ठूलो जुलुस देख्यौं । जुलुसका सहभागी महिलाहरू निक्कै आक्रोशित मुद्रामा थिए ।

अगाडि बढिरहेको जुलुसको अगाडि गएर फोटो खिच्न थाल्दा हामीलाई झण्डै दौडेको अनुभव भइरहेको थियो । तर ती अपरिचित महिलाहरूले हामी जुलुसलाई देखेर भाग्न खोजेको ठानेछन् । फलस्वरूप हामी झण्डै उनीहरूको आक्रमणको शिकार हुनु परेको । संयोगवश त्यहाँ केही परिचित महिलाहरू रहेछन् । उनीहरूले यिनीहरू पत्रकारहरू हुन् भनेर सम्झाएपछि उत्तेजित महिलाहरू शान्त भए ।

पत्रकारहरूले फोटो खिच्न लागेको देखेपछि ती ग्रामीण महिलाहरूले झन् उत्तेजित भएर नारा लगाउन थाले । त्यसैबीच कतिपय महिलाले पत्रकारहरूले आजसम्म प्रतिकार जुलुसको बेवास्ता गरेको आरोप लगाए । उनीहरूले आजको जुलुसको समाचार रेडियोबाट आउनै पर्छ, नत्र पत्रकारहरूलाई दुल्लुबाट लखेट्छौँ र कहिले पनि छिर्न दिँदैनौँ भन्न थाले ।

म कान्तिपुरको समचारदाता रेडियो नेपालबाट कसरी समाचार प्रसार गराउन सक्छु र ! धर्म सङ्कटमा परेँ । तैपनि मैले कोसिस गर्ने वाचा गरेँ । रेडियो नेपालमा कार्यरत आफन्त पत्रकार समीरजङ्ग शाहलाई अनुरोध गर्ने मैले विचार गरेँ ।

स्थानीय प्रशासनबाट स्वीकृति लिई मैले तीन वर्षदेखि लामो दुरीको कर्डलेस फोन प्रयोग गरिरहेको थिएँ । त्यो फोन मैले आफूसँगै लगेको थिएँ । मैले यसैबाट उनीसँग सम्पर्क गरी उताबाट फोन गर्न समय मिलाएँ ।

जुलुस दुल्लुबाट नाउले कटुवाल गाविसतर्फ जाँदै थियौँ । बीचबीचमा हातमा लाठो लिएका उत्तेजित महिलाहरू जुलुसमा सलहझैँ थपिदैँ थिए । बाटो साँघुरो थियो । आठ किलोमिटर बाटो पार गर्न त्यो जुलुसलाई तीन घण्टा लागेको थियो । जुलुस नाउले कटुवालको काफलपानीमा रहेको माध्यमिक विद्यालयको आँगनमा पुगेर सभामा फेरियो । सभामा भाषण गर्ने नेता कोही थिएनन् । तैपनि प्रमुख अतिथिका रूपमा हामी नै अगाडि बसेका थियौँ । सभामा चर्को नारा रोकिएको थिएन ।

यसैबीच रेडियो नेपालबाट फोन आयो । मूलफोन राखेको ठाउँबाट मैले बोकेको कर्डलेस फोन २५ किलो मिटर टाढा थियो । यसैबाट मैले त्यहाँ लागि रहेको चर्को नारा रेकर्ड गराएँ । साथै केही महिलाहरूसँग कुराकानी गरेको आधारमा उनीहरूका समस्या र मागहरू पनि मैले रेकर्ड गराएँ । स्थानीय महिलाहरूले सुरक्षा व्यवस्था मिलाउनु पर्ने, दुल्लुबाट विस्थापित आधा दर्जन सरकारी कार्यालयहरू पुर्नस्थापना हुनु पर्ने, सदरमुकामसँग जोडने निर्माणाधीन मोटरबाटो पूरा हुनुपर्ने आदि कुराहरू माग गरेका थिए । बन्दभएका बिजुली र टेलिफोन खुलाउनु पर्ने कुरा मैलै आफैले थपेँ ।

भेलाका सहभागीहरूको सल्लाहअनुसार मंसिर ७ गते प्रतिकार कार्यक्रम समापन गर्ने कुरा पनि रेडियोबाटै सूचना दिइयो । साथै उनीहरूले समापन कार्यक्रममा गृहमन्त्रीलाई बोलाउन प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्ने र सकेसम्म धेरै मानिस भेला गराउने निर्णय गरी सभा विसर्जन गरे ।

भोलिपल्ट हामी सदरमुकाम फर्क्यौँ । संयोगले मंसिर ७ गते तत्कालीन गृहमन्त्री पूर्णबहादुर खड्का सहित केही मन्त्रीहरू दैलेख आए । उनीहरूले दुल्लु, नौमुले र सल्लेरी क्षेत्रको विकासको लागि विशेष विकास कार्यक्रम सञ्चालन गर्न तीन करोड रुपैयाँ निकासा दिने घोषणा गरे ।

छ महिनाअघि, २०६१ जेठ १८ गते राती, माओवादीहरूले सदरमुकामसँग जोडिएको चुप्राबजारमा राखेर सञ्चालन गरेको मेरो लामो दूरीको कर्डलेस फोनको मूल उपकरण

(बेस) लुटेका थिए । त्यो सेटको सत्तरी हजार रुपैयाँ परेको थियो । जाजरकोटमा सँगै पढेका माओवादी जिल्ला ईन्चार्ज खगेन्द्रसँग अनुरोध गरी ती उपकरण फिर्ता पाउने भएको थिएँ । नगर ईन्चार्ज उत्तम हमालले छिटै फिर्ता गरिने आश्वासन दिएका थिए । फिर्ता पाएपछि त्यो सेट पचास हजार रुपैयाँमा बेच्ने व्यवस्था मिलाइसकेको थिएँ ।

तर मंसीर ३ गते काफलपानीबाट कर्डलेस मार्फत रेडियो नेपालको घटना र विचार कार्यक्रमलाई गरेको प्रत्यक्ष प्रशारण सुनेपछि माओवादीहरूले मलाई त्यो टेलिफोन सेट फिर्ता नदिने निधो गरे । नगर इन्चार्ज हमालले नै ती उपकरणहरू मलाई देखाउँदै फिर्ता नदिने कुरा सुनाएपछि म हिस्स परेँ ।

पत्रकारिता पेशामा कतिपय अवसरमा समाचारको महत्वलाई पैसासँग दाँज्न सकिन्न । उक्त समाचार मार्फत दुल्लुवासीहरूको व्यथा र पीडाका स्वरहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा फैलिए । यो उपलब्धिको तुलना सत्तरी हजारको टेलिफोन सेटको घाटासँग गर्न सकिन्छ र !

५

# डेकेन्द्र थापासँग अन्तिम भेट

*कमल न्यौपाने, दैलेख*

**वि.सं. २०६१** साल आसार १२ गते दैलेख जिल्लाको सदरमुकाममा आउने खानेपानीको पाइप माओवादीहरूले फुटालेपछि पानीको हाहाकार मच्चिएको थियो । सर्वसाधारणले ठूलो कष्ट भोगिरहेका थिए । समस्याको गम्भीरतालाई विचार गरी सो विषयमा जानकारी लिने र रिपोर्टिङ गर्ने विचारले आदरणीय दाइ डेकेन्द्रराज थापा र म सदरमुकामबाट करिब ८ कोश उत्तर भैँसेखोर बजारमा गयौँ ।

त्यही दिन साँझ फर्कने हाम्रो विचार थियो । तर अफसोच ! त्यो यात्रा पत्रकार डेकेन्द्र थापाको जीवनको अन्तिम यात्रा भयो भने मेरो पत्रकारिता जीवनको दुःखद, खतरनाक र अविष्मरणीय यात्रा ।

भैँसेखोर बजारमा हामीहरूले चारजना माओवादी हतियारधारीहरूलाई भेटायौँ । उनीहरू हामी आउने थाहा पाएर त्यहाँ बसिरहेका रहेछन् । उनीहरूले डेकेन्द्र थापालाई भने, "तपाईंसँग गोप्य कुरा गर्नुपर्ने छ । हाम्रा नेताहरूले नौमुलेमा बोलाउनुभएको छ । तपाईंहरू आजै नौमुलेसम्म जानुपर्छ । बरू भोलि नै फर्किनुहोला ।" उनीहरूको कुरा सुनेपछि हामीले एकछिन सल्लाह गर्‍यौँ । अन्त्यमा हामी ती हतियारधारीसँगै नौमुलेतर्फ लाग्यौँ ।

वर्षातको मौसम, सिमसिम पानी परिरहेको थियो । हामीहरू उकाली ओराली गर्दै १२ गते साँझ ८ बजे नौमुले बजारमा पुग्यौँ । त्यहाँ हामीले माओवादीका क्षेत्रीय इन्चार्ज प्रकाशलाई भेट्यौँ । उनले बजारमा हाम्रो बस्ने खाने व्यवस्था मिलाइदिए ।

भोलिपल्ट प्रकाशले नौमूलेमा बस्न खतरा छ भनेर हामीहरूलाई बालुवाटार गाविस वडा नं. १ मा लगेर एकजना शिक्षकको घरमा बसाले । १४ गते हामीहरूलाई माओवादीका नेताहरूले एउटा चिठी पठाए । पत्रमा 'तपाईंहरू हामीलाई नभेटी नफर्किनुहोला' भन्ने लेखिएको थियो । पत्र

आएपछि इन्चार्ज प्रकाशले तीन जना हतियारधारीहरूसँग हामीलाई आठ दिनसम्म बालुवाटारमै राखे ।

नवौं दिनको दिन, असार २२ गते हामीहरूलाई बालुवाटारबाट नौमुले ल्याइयो । नौमुलेमा हामीहरूलाई बस्ने कोठा र खाना खाने होटलका साथै टुथपेस्ट, ब्रुस, साबुनजस्ता दैनिक सामान पनि उपलब्ध गराएका थिए ।

असार २२ गतेदेखि प्रकाशले भोलि नेताहरूसँग भेट हुन्छ भन्ने आशा देखाउँदै २५ गते साँझसम्म नौमुलेमै बसाले । २६ गते बिहान सबेरै हामीलाई उठाए । हातमुख धोएर चिया खाइसकेपछि साढे आठ बजे हामीलाई एकजना माओवादीको जिम्मा लगाएर पठाए ।

हामीलाई कहाँ र किन लगिँदै छ भन्ने कुरामा हामी अन्जान थियौँ । हामी उनीहरूसँगै उकालो हिंड्यौं । एघार बजेतिर हामीलाई छहारी गाविसको जैसीडाँडा गाउँमा पुऱ्याइयो । त्यहाँ पुगेपछि हामीलाई एउटा घरमा बसाले । त्यहीँ खाना खायौँ । तर त्यो दिन कसैसँग पनि भेट हुन सकेन ।

साँझ खाना खाएर त्यही घरमा बास बस्यौँ । २७ गते बिहान चिया खाएपछि कुराकानी गरेर बसेका थियौँ । दश बजे माओवादीका दैलेख जिल्ला पार्टी सेक्रेटरी रणजित आए । सबैले सँगै खाना खायौँ र छलफलमा बस्यौँ ।

करिब एक घण्टाको छलफलपछि रणजितले भने, “कमलजी तपाईंसँग हाम्रो छलफल सकियो । तपाईं जान सक्नुहुन्छ । तर डेकेन्द्रजी हामीसँग केही दिन बस्नु हुन्छ । उहाँसँग छलफल अझै बाँकी छ ।” उनको कुरा सुनेर म झसङ्ग भएँ र भनेँ, “त्यस्तो कसरी हुनसक्छ ? हामी दुई भाइलाई सँगै ल्याइयो, सँगै छोड्नुपर्छ । जति दिन डेकेन्द्र दाइ यहाँ बस्नुहुन्छ त्यतिदिन म पनि बस्छु ।”

तर मेरो कुरा उनीहरूले मानेनन् । उनीहरूले उहाँलाई आफ्नो नियन्त्रणमा लिएर मलाई भने, “तपाईं जाने भए जानोस् नत्र मर्नु हुन्छ ।”

बाध्य भएर दाइलाई छोडेर म एक्लै ओरालो झरेँ । त्यत्रो दिनको सँगै बसाइपछि एक्लै हुँदा मेरा पाइलाहरू अगाडि बढन मानेनन् । चेतना शून्यजस्तै बनेर म ओह्रालो लागेँ । सल्लेरी आइपुग्दा राती ९ बजिसकेको थियो । गाउँ सुनसान थियो । पानी परिरहेको थियो । रुझ्दै र चिप्लो बाटोमा ढुङ्गा समात्दै म त्यहाँबाट उकालो लागेँ ।

दशबजेतिर चौराठा गाउँमा पुगेँ । त्यो गाउँ पनि सुनसान थियो । एउटा गोठमा गएर भोकभोकै रात काट्न विवश भएँ । २८ गते बिहानै चौराठाबाट हिंडेर ११ बजे सदरमुकाम आइपुगेँ । मलाई आफ्नो घरमा बस्न पनि डर लाग्यो । बजारको होटलमै बास बसेँ । २९ गते बिहान घरमा गएँ ।

माओवादीले डेकेन्द्र दाइलाई छाडेका थिएनन् । हामीहरू चिन्तित थियौँ । म र मेरा सहयात्री अन्य पत्रकारहरू उहाँको बारेमा बुझ्न तीन चार पटक गाउँमा गयौँ, तर भेट्न सकेनौँ ।

विरह र चिन्तामै दिन बितिरहेका थिए । एकदिन उहाँको चिठी पायौं । 'म कालिकानामा छु केही दिन भित्र आउँछु' भनेर लेख्नु भएको थियो । हामी अलिकति भए पनि खुशी भयौं र उहाँको फर्किने बाटो हेरिरह्यौं ।

साउन १७ गते माओवादीले मलाई घरबाटै पुनःअपहरण गरेर लगे । मेरो टाउकोमा पेस्तोल राखेर मार्ने धम्की पनि दिए । मैले मेरो त्यो अन्तिम दिन रहेछ भन्ने ठानें । तर भाग्यवश एकजना साथीको सहयोगले म उनीहरूको पञ्जाबाट फुत्किएँ र राती नै सदरमुकाम आएँ ।

साउन १८ गते माओवादीले पत्र पठाए । पत्रमा मैले त्यही दिनदेखि पत्रकारिता र जिल्ला नछाडे कारवाही गर्ने धम्की दिइएको थियो । बाँच्ने आशामा मैले १९ गते जिल्ला छोडें ।

केही दिनपछि मैले खबर पाएँ । उनीहरूले साउन २७ गते दाइ डेकेन्द्रलाई मारेछन् । अहिले पनि कसैले मलाई पत्रकार भन्दा त्यो दिनको सम्झना आउँछ र दाइ डेकेन्द्र थापालाई सम्झेर मुटुमा भक्कानो छुट्छ ।

६

# पहेँलो ज्याकेटको कमाल

*राजेश ढुङ्गाना, काठमाडौं*

**काठमाडौंबाट** दोस्रो बौद्ध सम्मेलनको लागि लुम्बिनी गएको बेलामा तौलिहवामा आमालाई भेट्न गएको थिएँ । बिहानै माओवादीले जगदिशपुरमा सरकारी गाडीमा आगो लगाउँदै छन् भन्ने फोन आयो । क्यामेरा बोकेर घटनास्थलतिर जान तयार भएँ । आमासँग अनुमति मागेँ । उहाँले भन्नुभयो, "बाबु, केही दिन अघि हाम्रो घरमा माओवादीले बम पड्काएका थिए । त्यस्तो ठाउँमा जाँदा खतरा हुँदैन र ?"

"हुँदैन आमा, म प्रेसमा काम गर्छु तिनीहरूले केही पनि गर्दैनन्" भन्दै मोटरसाइकल चढेँ । आधा घण्टामा घटनास्थलमा पुगेँ ।

माओवादीहरू गाडीमा आगो सल्काएर नजिकको जंगलतिर भागिसकेका रहेछन् । गाडीको फोटो खिचेँ । तर त्यतिले चित्त बुझेन । माओवादीले गाडीमा आगो लगाइरहेको दृश्य भएको भए राम्रो हुने थियो । त्यहाँ उपस्थित गाउँलेहरूले भने, "महेन्द्र राजमार्गको बुटवल नेपालगञ्ज खण्ड आज बन्द भएकोले धेरै गाडी जलाउँछन् होला तपाईं त्यहाँ गए हुन्छ ।"

राजमार्ग बन्द भएको कुरा मलाई थाहा थिएन । म त्यही राजमार्गमै मोटरसाइकल चलाइरहेको थिएँ । म झसङ्ग भएँ । तुरुन्तै प्रेस फोटोग्राफरले लगाउने ज्याकेट लगाएँ र राजमार्गमा पश्चिमतिर लागेँ । सुनसान बाटोमा म एक्लै मोटरसाइकल कुदाइरहेको थिएँ । बाटोमा सुरक्षाकर्मीहरू पनि थिएनन् । गोरुसिंगेमा पुग्दा सुरक्षाकर्मीले मलाई रोकेर मेरो परिचय मागे । आफ्नो परिचय दिँदै मैले अगाडिको बाटोको स्थिति सोधेँ । सुरक्षाकर्मीले 'अवस्था राम्रो छैन, नजाँदा राम्रो होला' भन्ने सुझाव दिए । साथै, जाने नजाने तपाईंको विचार पनि भने ।

म अगाडि बढेँ । बाटोको दुबैतिर बाक्लो जंगल थियो । गोरुसिंगेबाट झण्डै ४०-४५ किलोमिटर अगाडि पुग्दा माओवादीहरूले रुख काटेर

बाटोमा राख्दै गरेको देखें । म झसङ्ग भएँ । त्यहीबाट फर्किनु राम्रो होला कि अगाडि बढ्दा राम्रो होला भन्ने दोमन गर्दै बिस्तारै बढें ।

माओवादीहरूको नजिक पुगेपछि मोटरसाइकल रोकें । उनीहरूले म तिर बन्दुक तेर्स्याए । एकजना माओवादीले भने, “उहाँ त फोटोपत्रकार हो पहेलाँ ज्याकेट लगाउनुभएको छ । टिभीमा यो पहेँलो ज्याकेट लगाएको हामीले देखेका थियौँ ।”

त्यसपछि उनीहरूले मेरो परिचय मागे । परिचय पाएपछि उनीहरूले भने, “हाम्रो फोटो नखिच्नु होला । तपाईं कहाँसम्म जाने हो जानुस् । हामी सबैलाई तपाईंको बारेमा खबर गरिदिनेछौँ । डराउनु पर्दैन । भरे फर्किने हो भने बेलुका छिट्टै फर्किनुहोला । सुरक्षाकर्मीसँग भीडन्त पनि हुनसक्छ । तपाईंलाई खतरा होला ।”

म अगाडि बढें । केही पर पुग्दा फेरि माओवादीसँग भेट भयो । तर यस पटक भने उनीहरूले मलाई हात हल्लाए । मैले पनि हात हल्लाएँ । उनीहरूले मलाई अघि बढ्ने संकेत दिए । पहिलेका माओवादीले यिनीहरूलाई खबर गरेछन् भनेर म आश्वस्त भएँ । बाटोमा कतै पनि गाडी जलाएको नदेखेपछि मैले फर्कने विचार गरेँ । साँझ पनि पर्न लागेको थियो । फर्कदाँ पनि माओवादीहरूसँग भेट भयो । मेरो पहेँलो ज्याकेट देखेर सबैले ‘प्रेस हो प्रेस हो’ भन्दै हात हल्लाए । गोरुसिंगेमा पुगेपछि सैनिकले रोके पनि ज्याकेट देखेर उहाँ प्रेसको हो जानुहोस् भन्ने संकेत दिए ।

बाटोमा धेरै सुरक्षाकर्मीले रोक्ने प्रयास गरे । तर प्रेसको ज्याकेटले सबै बाधा पार गऱ्यो । घर पुग्दा ज्याकेटले मलाई बाधा अडचनबाट उम्कन सघाएकोमा एकातिर खुशी लाग्यो भने अर्कोतिर फोटो खिच्न नपाएकोमा निराश पनि भएँ । फोटोपत्रकारको हैसियतले मेरो उद्देश्य पूरा भएन । सायद म फोटोपत्रकार हुँ भन्ने थाहा पाएर नै माओावादीहरू सतर्क भएर मलाई फोटो खिच्न नदिएका हुन कि ! तैपनि मलाई मेरो प्रेस ज्याकेटप्रति गर्व छ । यसको बारेमा अब काठमाडौंमा मात्र होइन जिल्लाका सुरक्षाकर्मी र माओवादीलाई पनि जानकारी रहेछ । ज्याकेट नलगाएको भए मेरो मोटरसाइकल जलाउन सक्थे र मलाई मार्न पनि सक्थे !

पत्रकारको एउटा पहिचान भएपछि द्वन्द्वग्रस्त क्षेत्रमा गएर समाचार सङ्कलन गर्न सजिलो हुँदोरहेछ । त्यसैले, सबै पत्रकारहरूले द्वन्द्वग्रस्त क्षेत्रमा समाचार सङ्कलन गर्न जाँदा फोटोपत्रकारको पहिचान भएको ज्याकेटजस्तै पहिचान बोकेर गए अवश्य पनि सजिलो हुनेछ ।

७

# शिक्षकहरूको तर्कको अगाडि उनीहरूको केही लागेन

*रोहितचन्द्र भट्टराई, इलाम*

**जहाँ** म रिपोर्टिङ गर्न जान लागेको थिएँ त्यहाँ माओवादीहरूको कार्यक्रम भइरहेको रहेछ । मेरो उद्देश्य सकेसम्म द्वन्द्वसम्बन्धी समचार सङ्कलन गर्ने तथा माओवादीले कब्जा गरेका विस्थापित परिवारको घर जग्गाको अवस्थासमेत थाहा पाउनु थियो । त्यसैले हामी गाडीको सट्टा हिँडेरै गएका थियौँ । मसँग विमर्शका सम्वाददाता नेमिष गौतम पनि थिए ।

यो २०६१ मंसिर अन्तिम सातातिरको कुरा हो । हामी इलाम जिल्लाको पूर्वोत्तर भागका तीन गाविसहरू नामसालिङ, नयाँबजार र सोयाङ जाँदै थियौँ । नामसालिङ मेरो जन्म स्थान पनि हो । मेरा आफन्तहरू अझै पनि त्यहाँ छन् ।

पहिलोदिन बेलैमा घरबाट हिँडेर दिउँसो ३ बजेतिर नामसालिङ–५ स्थित काकाको घरमा पुग्यौँ । काका बिष्णुकुमार शर्मा भट्टराई मेरै स्थानीय पूर्वमेची साप्ताहिकको सम्पादकसमेत हुनुहुन्छ । पत्रिकाको कामभन्दा घरमै बढी बस्नुहुन्छ । उहाँले मेरो यात्राबारे सोधीखोजी गर्नुभयो । मेरो कुरा सुनेपछि उहाँले "अहिले गाउँमा जे पनि हुनसक्छ त्यसैले गाउँतिर जानु ठिक छैन ।" भन्दै भोलि बिहानै फर्कने सुझाव दिनुभयो ।

माओवादीहरूले त्यही दिन गाउँका सबै विद्यालयका शिक्षकहरूलाई लगेर नजिकको गाउँमा भेला गराएको कुरा पनि उहाँले भन्नुभयो । मलाई माथिल्लो गाउँमा जाने काम थियो । काकाकाकीले कर गरेपनि हामीले उहाँहरूलाई आश्वस्त पार्‍यौँ र राती बास बस्न आउने गरी माथिल्लो गाउँतर्फ लाग्यौँ ।

काम सक्दा करिब सात बजिसकेको थियो । बास बस्न काकाकहाँ पुग्नु थियो । त्यसैले त्यहाँबाट बिदा नदिए पनि हामी जबरजस्ती फर्कन

थाल्यौँ । केही तल देउराली भन्ने ठाउँमा बाटैछेउको खेतको आलीमा दुई वटा कालो थुप्रोजस्तो देखियो । काकाले सतर्क गराउनु भएको सम्झेँ । त्यो कालो थुप्रो मान्छेजस्तो देखिन्नथ्यो । तैपनि त्यो माओवादी सेन्ट्री हो कि भन्ने शंका गर्दै मैले सानो स्वरले खोकेजस्तो गरेँ ।

खोकेको सुन्ने बित्तिकै कालो थुप्रोमध्ये एउटाबाट 'को हो ?' भन्ने आवाज आयो । मैले 'हामी हौं' भन्न नभ्याउँदै उसले 'को हामी ? कहाँबाट आ'को ?' भन्दै टर्च बाल्दै दुई जना सेन्ट्री हामीतिर आए । मैले उनीहरूलाई नचिनेझैँ गरी हाम्रो परिचय र काम बताएँ । उनीहरूमध्ये एक जनाले मलाई चिनेको रहेछ । उसले नम्र भएर 'ए, ठिकै छ ? के छ खबर ?' भन्न थाल्यो । झ्याप्प दाह्री पालेकोले झट्ट नचिनिएको रहेछ । उनी मेरै आफन्त पर्ने रहेछन् । नामसालिङ गाउँ जनसरकारको प्रमुख भइसकेका रहेछन् । उनीसँग सामान्य घरायसी कुरा भए ।

मैले त्यहाँ कुनै कार्यक्रम छ कि भनी सोध्दा उनले 'सानो कार्यक्रम छ, फुर्सद भए जाऔँ' भने । तर कार्यक्रमबारे केही जानकारी दिन मानेनन् । केवल 'पुगेपछि थाहा भइहाल्छ' भनेर टारे । मेरै ठूलोबुवा पर्नेको घरमा कार्यक्रम रहेछ । १० मिनेट नहिँड्दै पुगियो ।

घरबाहिर भर्खरका ठिटाठिटीहरू पहरा दिइरहका थिए । उज्यालो र हँसिलो अनुहारकी पाइन्ट सर्ट लगाएकी एक जना ठिटी पेस्तोल भिरेर भित्र बाहिर गर्दै थिइन् । भित्रबाट खबर पाएपछि हामी गयौँ । भित्र एकजना भाषण गर्दैथिए । साँगुरो कोठामा गाउँभरिका शिक्षक र केही गाउँलेहरू एक जनाको घुँडामाथि अर्काको घुँडा खप्ट्याएर कोच्चिएर बसेका थिए । थकाइ र निद्राले गर्दा उनीहरू हाई काढ्दै थिए । भाषणतिर उनीहरूको रुचि थिएन । उनीहरूमध्ये धेरैले हामीलाई चिन्थे ।

हामीलाई देखेर शिक्षकका मलीन अनुहारमा उज्यालो थपिँदै गयो । सबैका अनुहार हामीतिर मोडिए । धेरै जनालाई म त्यहाँ कार्यक्रममा भाग लिन पुगेको भ्रम परेछ । कतिपयको मनमा अनेक प्रश्न उब्जेछ । नर्भस भइसकेका शिक्षकहरू हामीलाई आफ्नो माझमा पाएपछि कमसेकम अब त केही अनिष्ट भइहाल्दैन भनेर ढुक्क भएछन् । भोलिपल्ट उनीहरूले यो कुरा हामीलाई सुनाए ।

त्यहाँ मेरो बुवालाई पढाउने प्रेम सर पनि हुनुहुन्थ्यो । साथै तीन जना शिक्षिका पनि हुनुहुन्थ्यो । केही शिक्षकलाई दुई घण्टा टाढाको बाटोबाट ल्याइएको थियो । ४१ जना शिक्षकहरू माओवादीहरूको नियन्त्रणमा त्यो साँगुरो कोठामा दिउँसो चार बजेदेखि कोचिएर बसेका थिए ।

हामी पुग्नुअघि नै केही प्रधानाध्यापकहरूलाई माओवादीहरूले बोल्न लगाइसकेका रहेछन् । त्यसपछि उनीहरूको बोल्ने पालो आएको रहेछ । एकएक गर्दै माओवादीहरूका विभिन्न भातृसंस्थाका नेताहरू बोल्न थाले । उनीहरूको भाषण लामा र पट्यार लाग्दा थिए ।

उनीहरू 'विद्यालयमा जनवादी शिक्षा पढाउन थाल्नुपर्छ, उनीहरूकै शैक्षिक क्यालेन्डर अनुसार विद्यालय चलाउनु पर्छ' भन्थे ।

यसै बीच खाना खाने उर्दी भयो । खान जानुअघि उनीहरूले भने, 'कोही पनि यस घरको सेरोफेरो भन्दा टाढा जाने छैन ।" वरिपरि प्रसस्त सेन्ट्री राखिएका थिए । बाहिर जानु परे सेन्ट्रीलाई भन्ने सांकेतिक शब्द पनि उनीहरूले बताए ।

शिक्षकहरूलाई पालै पालो भात खान लगियो । पेस्तोल बोक्ने बहिनी र दलित वर्गका भाइहरूले स्कुसको टुर्रे तरकारी र जर्रो भात पकाएका रहेछन् । शिक्षकहरूले भोकको सुरमा मजैले खाए । कसैले आनाकानी गरेन । स्कुस र चामल उनीहरू आफैँले लिएर आएका रहेछन् । आफूले खाएको थाल आफैँले माझ्नु पर्ने नियम सबैले पालन गरे ।

शिक्षकहरू खाना खान गएको बेलामा मैले माओवादी अग्रपंक्तिका नेताहरूसँग कुरा गरेँ । उनीहरूले समाचार कस्तो हुनपर्छ भन्ने कुरामा दबाब दिए । कार्यक्रमका प्रमुख व्यक्तिले भने, 'तपाईंहरू आउनु भयो ठिकै भयो । समाचार के छाप्ने के नछाप्ने थाहा हुनुपर्छ । ज्ञानेन्द्र खड्काको जस्तो होला ।'

हामीले खाना खाँदा अचार, कागती पनि मागेर खायौँ । हामी पछि भात खान बसेका माओवादीले भने त्यस घरको टाँडमा राखेको घ्यू, दूध सबै सिध्याइ दिएछन् ।

खाना खाएपछि पनि कार्यक्रम चल्यो । राती ११ बजेतिर उनीहरूले यस्तो प्रस्ताव राखे : 'गाउँगाउँबाट भारतीय विस्तारवादका विरुद्ध लड्नुपर्छ । यो काम शिक्षकबाट थाल्नुपर्छ । एउटा देशभक्त मञ्च निर्माण गरी त्यसको नेतृत्व शिक्षकले गर्नुपर्छ ।' उनीहरूले त्यही भेलामा मञ्च गठन गर्न दबाब दिन थाले ।

प्रस्ताव सुनेर शिक्षकहरू स्तब्ध भए । मञ्च बनाउने इच्छा कसैको थिएन । तर प्रतिवाद गर्ने हिम्मत पनि कसैको देखिन्नथ्यो । सबैजना मुखामुख गर्न थाले ।

माओवादीहरू भने मञ्च बनाउन दबाब दिइरहका थिए । उनीहरूको भनाइ थियो । मञ्च गठन गरेपछि स्वतःस्फूर्त रूपबाट चल्नेछ । माओवादी नियन्त्रण हुँदैन भन्ने उनीहरूको भनाइ थियो ।

त्यसपछि मैले शिक्षकहरूको तर्फबाट बोलेँ । शिक्षकहरूको महत्व बताउँदै मैले उनीहरूले पाइरहेको दुःख सुनाएँ, "शिक्षकहरू गाउँगाउँमा फैलिएर रहेका सचेत वर्ग हुन् । यिनीहरूको काम पढाउने, भविष्य निर्माण गरिदिने मात्र हो । जुन व्यवस्था आए पनि शिक्षकको महत्व घट्दैन । अहिलेसम्म द्वन्द्वग्रस्त क्षेत्रमा समेत शिक्षकले मात्र चेतना फैलाइरहेका छन् । यस्तो अवस्थामा शिक्षकलाई झन् बोझ बोकाउनुको कुनै औचित्य छैन । तपाईंहरू भात खान उनीहरूकै घरमा जानुहुन्छ । चन्दा माग्न पनि उनीहरूकहाँ नै पुग्नुहुन्छ । विद्यालय गएर निगरानी र धरपकड गर्न छोड्नुहुन्न । सरकारी नीतिविपरीत विद्यालय चलाउन लगाउनुहुन्छ । वर्षको १२ दिनको तलब काटेर जबरजस्ती लिनुभएको छ । सबैकुरा शिक्षकले मान्दै आएका छन् । उनीहरूलाई

अरू कति पीडा दिनुहुन्छ ? मञ्च गठन गराएर थप पीडा दिनु उचित छैन । जस्तै भए पनि शिक्षकहरू समर्थन गर्न बाध्य भइरहेका छन् । मञ्चमा नबस्दैमा माओवादीको समर्थन नगरेको ठहर्दैन ।"

मेरो कुरा सकिएपछि पनि माओवादीहरू मञ्च गठन गर्ने र घरघरमा ट्रेन्च खन्नुपर्छ भन्ने कुरामा जोड दिइरहेका थिए । बिरामी भएर पल्टेका नेताले समेत ट्रेन्च खन्नुपर्छ भने ।

त्यसपछि शिक्षकहरू पनि एक पछि अर्को गर्दै बोल्न थाले, "हामीले जे भने पनि मानेका छौँ । किन मञ्चमा बस्ने ? मञ्चमा नबस्दा समर्थन नगरेको ठानिने होइन । भात, चन्दा हुँदै तलब नै काटेर दिएपछि अरू कति समर्थन गर्ने ? निरीह शिक्षकहरूमाथि किन समाजका शत्रुहरूलाई जस्तो व्यवहार गर्ने ?"

आखिर मास्टर मास्टरै हुन् । तिनैले पढाएका ठिटाठिटीले उनीहरूको कुरा काट्न सकेनन् । उनीहरूले मञ्च गठन गर्ने कुरालाई थाती राखे । शिक्षकहरूको अनुहार हँसिलो भयो । उनीहरूले ठूलो युद्ध जितेजस्तो अनुभव गरे । कार्यक्रम समापन गर्नुअघि मलाई बोल्न लगाए ।

मेरो तर्क र शिक्षकहरूको जीतपछि मलाई उनीहरूको आलोचना गरेर बोल्न डर भएन । केही समय पहिले पाँचथरको प्राङवुङ इलाकामा माओवादीका ३०० जनाभन्दा धेरै छापामारहरूको बीचमा एक जना पत्रकार मित्रसँग दुई दिन हिँडेर पुगेर पत्रकारको काम र समाचारका विषयमा माओवादीका क्षेत्रीय नेताहरूसँग तर्क गरिसकेको थिएँ । मलाई त्यो अनुभवले पनि काम दियो ।

मैले शिक्षकहरूलाई माओवादीको नीतिको जानकारी गराउनु ठिकै भएता पनि बाध्य बनाएर पीडा दिनु नहुने; अन्तर्राष्ट्रिय मानवअधिकारको पालन गर्नुपर्ने बताउँदै जिल्लामा भएका आधा दर्जन जति ज्यादती र मानवअधिकार उल्लंघन कार्यको उल्लेख गरेँ र यसबारे उनीहरूलाई सचेत हुन आग्रह गरेँ ।

राती २ बजे कार्यक्रम सकियो । सुत्ने व्यवस्था थिएन । सबैजना आआफ्नो घरतिर लागे । म मामासँग गफ गर्न थालेँ । माओवादीहरू पनि त्यहाँबाट गएपछि घरमालिक, ठूलोबुवाले भन्नुभयो, "अब के गर्ने ? सेनाले आएर अप्ठेरो पार्ने हो कि ? तिमीहरूले जसरी हुन्छ जोगाउनु । तिमीहरू त जिल्ला सदरमुकाममै बस्छौ ।"

त्यस्तो केही हुँदैन होला भनी उहाँलाई ढाडस दियौँ । राती साढे दुई बजेतिर हामी सुत्यौँ । भोलिपल्ट नयाँबजार गाविस र पर्सिपल्ट सोयाङ गएर हामीले रिपोर्टिङ गर्‍यौँ । त्यहाँ गएका शिक्षकहरूसँग पछि भेट हुँदा उनीहरूले भेटैपिच्छे मलाई भन्थे, "तिमी नभएको भए हामीलाई त्यो दिन भडखालामा पार्ने थिए । धन्न तिमी कताबाट आएछौ !"

# ८ सल्लाका पातहरू सुसाउँदा पनि हेलिकप्टर आएजस्तो लाग्थ्यो

*शुक्रऋषि चौलागाईं, नेपालगञ्ज*

**२०६०** माघ ४ गते माओवादीको भेरी कर्णाली स्वायत्त प्रदेश जनसरकार घोषणा सभाको रिपोर्टिङ गर्न नेपालगञ्जबाट तीन दिन हिंडेर जाजरकोटको जुँगाथापाचौर गएको घटना द्वन्द्व रिपोर्टिङको मेरो पहिलो स्थलगत अनुभव हो । त्यसअघि युद्धक्षेत्रमा काम गर्ने पत्रकारहरूले कस्तो जोखिमपूर्ण परिस्थितिमा काम गर्छन् भन्ने कुरा सुनेको र विदेशी टेलिभिजनमा देखेको मात्रै थिएँ ।

विद्रोहीहरूको नजरमा सन्तुलित समाचार लेख्ने चार जना पत्रकार र चार जना मानवअधिकारवादीलाई कार्यक्रममा भाग लिन मौखिक निम्तो दिइएको थियो । हामीलाई सल्यानको सल्लीबजार पुगेर सम्पर्क गर्न भनिएको थियो । सुरक्षा निकायलाई जानकारी नदिई हामी प्रस्थान गर्‍यौं । तर त्यहाँ पुग्दा कोही देखिएनन् । हामी निकै निराश र आक्रोशित पनि भयौं । जे त होला भनेर राकमतर्फ लाग्यौं । त्यहाँ पनि कोही भेट भएनन् । रात त्यहीं काट्यौं ।

केही साथीहरू अगाडि बढिसकेकाले हामीलाई जानुपर्ने बाध्यता पनि थियो । बिहानै हिंडेर ज्याम्नेबजार पुगेपछि विद्रोहीका मान्छे (क) लाई भेटयौं । दुई जना सशस्त्र विद्रोहीले हामीलाई औलीझ्यामसम्म पुर्‍याए । त्यहाँ अर्को मानिससँग सिमाभन्ने ठाउँमा पुग्यौं । त्यहाँ अरू साथीहरूसँग भेट भयो ।

उकालो ओरालो, अग्लो भीर साँघुरो बाटो हुँदै तीन दिनपछि लक्ष्यमा पुग्यौं । थकाइ मेट्न नपाउँदै हामी घोषणा सभास्थलतर्फ लाग्यौं ।

कार्यक्रमस्थलमा पुग्न नपाउँदै केहीपर सेनाको हेलिकप्टरले धेरै उचाईबाट बम र गोली वर्षाउन थाल्यो ।

"अघि नबढ्नुस् । सेनाको हेलिकप्टरले बम वर्षाउँदै छ" भनेको सुन्यौँ । तत्कालै एक जना महिलाले "कभर लिनुस्" भनिन् । त्यो भनेको सुरक्षित हुनुस्, अर्थात् भित्ता/पहाडमा टाँसिनु भनेकी रैछन् । नबुझ्ने पनि अरूको देखासिकी गरी त्यसै गरियो । डरले मुटुको धडकन बढ्यो । अनाहकमा ज्यान जाने हो कि भन्ने लाग्यो ।

त्यति बेलासम्म लाम लागेकाहरूमध्ये कोही उकाली चढ्दै थिए भने कोही ओरालो झर्दै थिए । कोही चिच्याउँदै रुख, ओढार र खोल्सातिर दगुर्दै थिए । तर, हामी सञ्चारकर्मीहरू भने हेलीकप्टर तर्फ हेर्ने र थ्याच्च भूइँमा बस्ने बाहेक अरू केही गर्न सक्ने हालतमा थिएनौँ । पश्चिम तर्फ उडिररहेको हेलिकप्टर एक्कासी हामी भएतिर फर्केपछि हंसले ठाउँ छाड्यो । मैले अन्तिम पटक सबैलाई सम्झेँ । आउनेबेला बहिनीले 'कहाँ जादै हुनुहुन्छ दाई' भन्दा 'पहाडतर्फ जाँदैछु किन चाहियो ठाउँ ?' भनेर दिएको खरो उत्तर सम्झेँ ।

"हामीसित प्रसस्तै हतियार छ । अग्ला डाँडा र नाका नाकामा हाम्रा सिपाहीहरू छन् । सुरक्षाको बलियो व्यवस्था छ ।" माओवादीहरू भन्थे । तर अहिले उनीहरू निरीह देखिन्थे । केही घरमा रुवाबासी भइरहेको थियो । तर सभास्थलमा नेताहरू सहादत प्राप्त गरेकोमा गर्व गरिरहेका थिए । सभास्थलदेखि उत्तरपूर्व नाहाडा गाउँमा बम बर्षाबाट एक जनाको मृत्यु र दुई जना घाइते भएका रहेछन् । मनमा डरत्रास लिएर पनि हामी घटनास्थल पुग्यौँ । सर्वसाधारणको लासमात्र होइन, गाईवस्तु मरेको र दुईटा घर ध्वस्त भइसकेको देख्यौँ ।

मृत्युसँग नजिकिएको त्यो कहाली लाग्दो क्षण बिर्सन नपाउँदै केही घण्टापछि नीलो आकाशमा फेरि हेलिकप्टर देखियो । तर हेलिकप्टर सभास्थलको नजिक नआई सिधै पूर्वतिर लाग्यो । शायद सेनाले कार्यक्रम विथोल्न मात्र खोजेको थियो ।

अग्लो डाँडामा सल्लाका पात सुसाउँदा पनि हेलिकप्टर आएको झस्को पर्थ्यो । मिठो संगीत सुनाउने ती सल्लाका पातले हामीलाई तर्साउन खोजेजस्तो लाग्थ्यो । कान ठाडा हुन्थे । आँखा आकाशतिर पुग्थे । संयोगले त्यो दिन ठूलो हवाई आक्रमण भएन । नयाँ जीवन पाएजस्तो भयो । खुशी भयौँ ।

केही साथीहरू भोलिपल्ट बिहानै फर्कन खोज्दै थिए । तर त्यो दिन माओवादी नेता कृष्णबहादुर महराको पत्रकार सम्मेलन भएकोले सबै जना रोकियौँ । सम्मेलनमा सञ्चार माध्यमहरूमा पत्रकार सहित दर्जनौँ मानिस मारिएको खबर प्रकाशित प्रसारित भएको चर्चा सुन्यौँ । यसले हामीलाई चिन्तित बनायो ।

हेलिकप्टरबाट बमवर्षा भएको समाचारमा रिपोर्टिङ गर्न गएका पत्रकार पनि परेको खबर स्थानीयदेखि राष्ट्रियस्तरका पत्रिकाहरूले छापेका रहेछन् । बीबीसीको समाचारले त झन् सारा संसारलाई जुँगाथापाचौर अर्थात् हामीतिर केन्द्रित गरिदिएछ ।

दुई दिनपछि सुर्खेतको छिन्चु पुगेर च्यानल नेपालमा केदार कोइरालालाई फोन गरेँ । उहाँले अचम्म मान्दै भन्नुभयो, "हैन तिमी जिउँदै छौ ?" उहाँको कुरा सुनेर म जिल्ल परेँ । हामीलाई त साथीभाइहरूले मरे पो भन्ठानेछन् । नेपालगञ्ज पुगेपछि फोनबाट बाँचेकोमा बधाइको ओइरो आउन थाल्यो ।

पश्चिम पृतना राँझामा बोलाएर हामीसँग स्पष्टिकरण मागियो । 'समाचार सङ्कलन गर्न जाँदा हामीहरूलाई खबर गर्नुपर्थ्यो । त्यहाँ मरेको भए के हुन्थ्यो ?' भन्ने भनाइ सुन्नुपऱ्यो । यति मेहनत गरेर रिपोर्टिङ गर्दा पनि आफ्नो प्रकाशन गृहबाट उत्साहजनक व्यवहार पाइएन । वास्तवमा द्वन्द्वग्रस्त क्षेत्रमा काम गर्ने पत्रकारहरूले विना तालिम, विना सुरक्षा जुन उत्साहको भरमा काम गरिरहेका छन् त्यसको लेखाजोखा हुनु आवश्यक छ ।

५

# जोखिमरहित छैन पत्रकारिता काठमाडौंमा पनि

*ध्रुव आले, काठमाडौं*

**पोखरा** जान लागेको सेनाको हेलिकप्टर काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा धावनमार्गमै दुर्घटनाग्रस्त भयो । खबर पाउनासाथ म त्यतातिर दौडिहालेँ । यो २०५९ असोज ७ गते दिउँसोको घटना हो । त्यस बेला म नेपाल समाचारपत्र दैनिकको प्रमुख फोटोग्राफर थिएँ ।

विमानस्थलको तीनवटा सुरक्षा जाँचपास गर्दै धावनमार्गसम्म पुगेँ । तर त्यहाँ खटिएका सुरक्षाकर्मीले फोटो खिच्ने अनुमति दिएनन् । परिचय पत्र देखाएँ, अनुनयविनय गरेँ । तर कुनै विन्ती र तर्कले काम गरेन ।

तैपनि तस्बिर खिच्ने उपाय सोच्न थालेँ । चिया खाने निउँमा विमानस्थलको कार्यालय परिसरभित्र रहेको चमेनागृहमा पसेँ । त्यहाँ केहीबेर भुलेर अरूको आँखा छल्दै म तीन तलामाथि बार्दलीमा पुगेँ । त्यहाँबाट क्यामेरा सोझ्याएर तस्बिर खिच्नमात्र के लागेको थिएँ दुईजना सशस्त्र सुरक्षाकर्मीले देखिहाले । उनीहरूले कुनै हालतमा पनि फोटो खिच्न दिएनन् । पत्रकारको परिचयपत्रले गर्दा कुटाइ खानु परेन । निराश भएर फर्कनुपर्‍यो ।

विमानस्थल बाहिर आएर चिया खाँदै अर्को जुक्ति सोच्न थालेँ । विमान स्थललाई घेरेको काँडे तारको बाहिर पूर्वतिरबाट विमानस्थललाई फन्को मार्दै जाँदा उत्तरतर्फ काँडेतार बार निर्माणाधीन अवस्थामा रहेको देखेँ । त्यहाँबाट छिरेर विमानको धानवमार्ग देखिने ठाउँसम्म पुगेँ । त्यहाँबाट दुर्घटनाग्रस्त हेलिकप्टर निकै टाढा थियो । तैपनि क्यामेराको प्राविधिको उपयोग गरेर फोटो खिच्न थालेँ ।

सकेसम्म चित्तबुझ्दो तस्बिर खिचिसकेपछि दङ्ग पर्दै पहिलेकै बाटो फर्कँदै थिएँ अकस्मात् टाढाबाट आवाज आयो, “त्यहाँबाट एक कदम

अगाडि बढिस् भने गोली चलाइदिन्छु ।" विमानस्थल सुरक्षामा खटिएको सेन्ट्रीले त्यो आदेश दोहोऱ्याए । फोटो पत्रकार मित्र सागर श्रेष्ठ पनि सँगै थिए । सेन्ट्रीको आदेश सुनेर हामी दुबैजना अत्तालियौँ । हत्तपत्त हात माथि उठायौँ । हामीले आपसमा कुरा गर्नु त के हलचल गर्न पनि सकेनौँ । डरले हाम्रो बोली फुटेन । रक्तसञ्चार बढ्यो । खलखल पसिना आउन थाल्यो । अन्तिम घडी आइपुगेजस्तो लाग्यो ।

हामी एक टकले 'सेन्ट्री' प्रहरीतर्फ हेरिरहऱ्यौँ । प्रहरीले हाम्रो परिचय मागे । 'सेन्ट्री' केहीपरै थियो । बडो मुस्किलले हाम्रो स्वर निस्क्यो, "हामी पत्रकार हौँ ।" हाम्रो कुरा सुनेपछि उनले आफ्नो हाकिमलाई बोलाए । हाकिमले टाढैबाट केहीबेर हाम्रो निरीक्षण गरे । दुबैको काँधमा क्यामेरा झुण्डिएको देखेपछि उनले जाने अनुमति दिए । त्यसपछि मात्रै हामीले लामो सास फेऱ्यौँ र गोली खानबाट बचेकोमा दङ्ग पर्दै तस्बिर पुऱ्याउन आ–आफ्नो कार्यालयतर्फ लाग्यौँ ।

यसरी टुंगियो मेरो जीवनको अत्यन्तै छोटो, भयानक, बिर्सनै नसक्ने क्षण । एकै छिन सास रोकिएको त्यस क्षणलाई म कहिल्यै बिर्सन सक्तिन । फोटोपत्रकारिता पेशा छाडन नपरोस् भनेर मैले यो घटना मेरा बाबु, आमा, दिदी, दाइ कसैलाई पनि थाहा दिइन । आफ्नो राइफलको ट्रिगर हतारमा नथिच्ने ती सेन्ट्रीलाई मनमनै धन्यवाद दिन्छु जसले गर्दा म समाचार बनिन र मेरो फोटोसहित समवेदना सन्देश छापिएन ।

मलाई लाग्छ बाँच्नु सबैभन्दा महत्वपूर्ण कुरो हो । फोटो खिच्ने जोसमा 'सेन्ट्री' धरापलाई बेवास्ता गर्न मिल्दैन । आफ्नो सुरक्षाको बारेमा पनि सोच्नै पर्दछ । आफुमा सुरक्षा सुझबुझ बढाउनुपर्दछ ।

झट्ट हेर्दा काठमाडौंमा रिपोर्टिङ गर्नु के नै पो गाह्रो होला र भन्ने लाग्नसक्छ । देशकै सबैभन्दा सुविधासम्पन्न सहर जहाँ सवारी साधन, सञ्चार माध्ययमको कुनै कमी छैन । भौतिक सुविधाको दृष्टिले निश्चय पनि यहाँ रिपोर्टिङ गर्नु सजिलो देखिन्छ । तर आमसञ्चार माध्यमहरूबीचको चर्को प्रतिस्पर्धाले गर्दा यदि कुनै महत्वपूर्णघटनाको समाचार वा फोटो कुनै पत्रिकामा छुट्यो भने त्यसले सञ्चार माध्यमको विश्वसनीयतामाथि नकारात्मक प्रभाव पार्छ ।

उपत्यका बाहिर जिल्ला सदरमुकाम तथा बाटोघाटोमा जस्तै काठमाडौंभित्र पनि जाँच चौकीहरू प्रशस्त छन् । यहाँका सबैजसो निकायहरूमा सुरक्षाको कडा व्यवस्था छ । मूलद्वार, पर्खालमाथि, भवनवरपर, छतमा चौबिसै घण्टा 'सेन्ट्री' बस्छन् । यी सबै सुरक्षा घेराहरू पार गर्दै रिपोर्टिङका लागि ठाउँ–ठाउँ पुगेर फोटो तथा समाचार सङ्कलन गर्नुपर्छ । सानोतिनो धैर्यले यो बाधा पार गर्न सकिन्न । त्यसबाहेक काठमाडौंमा पनि बन्दका कार्यक्रम भएकै हुन्छन् । बेलाबेलामा 'कर्फ्यु' पनि लागेकै हुन्छ ।

त्यसैले काठमाडौँमा रिपोर्टिङ गर्नु सोचेजति सजिलो भनेछैन । यो कुरा फोटो पत्रकारमा पनि उत्तिकै लागू हुन्छ ।

# १० समाचार पठाउन नपाएको छट्पटी

*घनश्याम खड्का, म्याग्दी*

**वि.स. २०६०** चैत्र ७ गते शनिवारको राती साढे १० बजे माओवादीहरूले म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा आक्रमण गरे । मेरो डेरा क्याम्पस चोकमा भए पनि त्यस बेला म डल्फिन होटलमा हरिकृष्ण दाइको पारिवारिक पाहुना भएर बसेको थिएँ । मैले आफुसँग 'प्रेस पास' परिचयपत्र बोकेको थिइन । पत्रकारिताको पेशागत जीवनमा सम्भावत यो मेरो पहिलो गम्भीर त्रुटी थियो ।

प्रायः सदरमुकामकै सुरक्षाकर्मीहरूले गर्ने फायरिङ भन्दा अस्वाभाविक ढङ्गको फायरिङको आवाज सुनेपछि माओवादीले सदरमुकाममा आक्रमण गरेको अनुमान गरेँ । गोली चलेको दिशा पत्ता लगाउन कोठाको पश्चिमपट्टि ब्यारेकतर्फ हेर्न थालेँ । त्यतिकैमा म बसेको होटलमा पसेर माओवादीले कोठामा सुतेका मानिसहरूलाई बाहिर निकाल्न थाले । उनीहरूलाई मानवढाल बनाउन सक्ने खतरा देखेँ । बाँच्ने उपाय सोच्दै थिएँ । खाटमुनि लुक्न सकिने देखेँ । खाटको तन्ना भुँइसम्म तानेँ । खाटमुनि नदेखिने बनाई सुतेँ । तर ढोकाभित्रबाट चुक्कुल लाएको थियो । उठेर विस्तारै ढोका खोलेँ र फेरि खाटमुनि लुकेँ । यी सबैकाम १ मिनेटभित्रै भयो । लगत्तै माओवादीहरू कोठामा पसे । कसैलाई नदेखेपछि फर्के । उनीहरूले त्यही होटलको छतबाट ब्यारेक र प्रहरी कार्यालयमा फायर गर्न थाले ।

म माओवादीको कब्जाबाट जोगिए पनि घटनाको समाचार पठाउन नसकेको पीडाले छट्पटाइरहेको थिएँ । माथिल्लो तलामा टेलिफोनको घण्टी बजिरहेको थियो । नजिकै माओवादी बसेर फायर गरिरहेका थिए । एकमनले सोचें नजिकै जाउँ, म पत्रकार हो भनुँ र त्यहींबाट कान्तिपुरलाई

फोन गरूँ । अर्को बिचार मनमा आयो, बाँचे समाचार त भोलि लेख्दा हुन्छ । दुस्साहस गर्नु हुँदैन । फेरि अर्को बिचार आयो । माओवादीको कब्जामा परे कमाण्डरकहाँ त पुऱ्याउलान् । उनलाई आफ्नो परिचय दिएपछि, मुक्त गरिदेलान्, किनकि समाचार त उनीहरूलाई पनि चाहिन्छ । धेरै ढङ्गबाट सोचेँ । साथमा प्रेस पास भएको भए बेग्लै उपाय गरिन्थ्यो होला ।

करिब आधा घण्टापछि माओवादीहरू त्यो घर छोडेर अगाडि बढे । उनीहरू सबै गएको निक्यौंल गरेपछि समाचार पठाउन टेलिफोन भएको ठाउँमा गएँ । तर टेलिफोन बन्द थियो । मन धमिलो भयो । आफू सुरक्षित भएकोमा खुशीभन्दा आँखा अगाडि भएको त्यस्तो महत्वपूर्ण समाचार पठाउन नसकेकोमा पछुतो लाग्यो । समाचार पठाउन नसक्दाको त्यो छटपटी र ग्लानी जति बिर्सन खोजे पनि बिर्सन सकेको छैन ।

कोठामा फर्केर झ्यालबाट बाहिरको दृश्य हेरिरहेको बेलामा अचानक झ्यालनेरै गोली लाग्यो । छर्राका टुक्रा कोठाभरी छरिए । खुट्टामा सानो घाउ भयो । कोठा छोडेर भऱ्याङको तल बसेँ । गोलाबारुद र बमको आवाजले घर नै थर्किरहेको थियो ।

जतिजति उज्यालो बढ्दै गयो, भीडन्त झन् चर्कंदै गयो । बाटोमा माओवादीहरू घाइते र मृतक बोकेका र घिसार्दैपनि हिँडेको देखिन्थ्यो । उज्यालो भएपछि माओवादी भाग्नुको साटो झन् बजार झरेको देख्दा मलाई अनौठो लाग्यो ।

घरको छतमा चढेर हेर्दा विनाशलीला देखेँ । जिल्लाका प्रमुख सरकारी भवनहरूबाट आगोको लप्का माथिसम्म उठिरहेको थियो । ८ बजेतिर माओवादीले प्रहरी नायव उपनिरीक्षकलाई समेत हातमा बाँधेर ल्याएको देखियो । क्यामेरा नभएकोले सबै कुरा टुलुटुलु हेरेर बस्नुपऱ्यो । आकाशमा हेलिकोप्टर डुल्न थालेपछि माओवादी पछि हटे ।

माओवादी फर्केपछि दिउँसो मात्र बजारबासी बाहिर निस्के । रेडक्रसकर्मीहरू झण्डा बोकेर प्रहरी कार्यालय तर्फ लाग्दा ब्यारेकबाट गोली चल्दै थियो ।

बेनीबाट समाचार पठाउने सञ्चार साधन नभएपछि दिनभरको समाचार संगालेर तीन घण्टा पैदल हिँडेर बाग्लुङ पुगेँ र कान्तिपुरलाई समाचार पठाएँ । टेलिफोन लाइन सञ्चालन नभएसम्म पाँच दिनजति बेनी बाग्लुङ दैनिक छ घण्टाको कसरत भयो ।

# ११ सुरक्षाकर्मीसँग द्वन्द्वग्रस्त क्षेत्रमा रिपोर्टिङ

*गोविन्द कोइराला, सुर्खेत*

**टोपी** खस्ने उकालोमा नाकको टुप्पाबाट तरर्र् पसिना चुहाउँदै हिँड्दाको दुःखसास्तीभन्दा मलाई सुरक्षा फौजका सैनिकहरूसँग जंगलको बीचमा हिँड्नुको खतराले बढी त्रस्त पारिरहेको थियो । कुन बेला धरापमा परिने हो वा कताबाट गोली चल्ने हो भन्ने डरले म बेसुरले हिँडिरहेको थिएँ । मनमा डर र त्रासको आँधीबेरी चलिरहेको थियो ।

सुर्खेतको दशरथपुर गाविसमा पर्ने पातीडाँडामा माओवादीहरूले छाडेको सकेट बम केटाकेटीले खेलाउँदा पड्केर एउटाको ज्यानै गएछ । बाँकी दुई जनालाई बमको छर्राले गम्भीर घाइते पारेछ । घाइते केटाकेटीलाई घटनास्थलबाट नजिकैको छिन्चु बजारमा उपचार गराउन लैजान गाउँलेहरूले नमानेपछि बाबु र भिनाजु भएर डोकामा बोकेर छिन्चु पुऱ्याएछन् । छिन्चुमा रहेको शाही नेपाली सेनाको बेस क्याम्पमा घाइतेको उपचार भइरहेको रहेछ ।

२०५९ साल असोजतिरको घटना हो । म त्यति बेलैदेखि नेपाल टेलिभिजनको सुर्खेतको स्थानीय सम्वाददाता थिएँ । त्यो घटनाको रिपोर्टिङ गर्न शाही नेपाली सेनाले म र त्यतिबेलाको रेडियो नेपाल सुर्खेतका र हाल बीबीसीका सम्वाददाता नेत्र के.सी. लाई गाडीमा हालेर छिन्चुतिर लगे ।

छिन्चु पुगेपछि थाहा भयो घटनामा मारिने बच्चाको लास भने ल्याइएको रहेनछ । गाउँलेहरू लास बोक्न र सतगती गर्न डराएछन् । क्याम्पमा एकछिन घाइते केटाकेटीहरूको भिडियो खिचियो । एक जना बालकको आँखाको डल्लो (आइबल) नै बाहिर निस्किएको थियो भने अर्कोको जिउभरी छर्रा लागेर घाउ भएको थियो ।

हामी आफ्नो काम गर्दै थियौँ । हामीसँग बीरेन्द्रनगरबाट सहसेनानी आए र उनले घटनास्थलमै जानुपर्ने भयो भन्न थाले । उनका कुरा सुनेर नेत्र भाइले अनिश्चय र अनिच्छाको भावले मेरो आँखामा पुलुक्क हेरे । त्यहाँ हाम्रो इच्छा र भनाइ लागू हुने स्थिति थिएन ।

"जर्सापबाट नेपाल टीभी र रेडियो नेपालको पत्रकारलाई पनि लिएर जाने आदेश भएको छ ।" उनले जोड दिएर भने ।

दिउँसोको २ बजेको हुँदो हो । हामी सेनाको गाडीमा चढेर रामघाट बजार पुग्यौँ । त्यहाँ गाडीबाट झरेर हामी हिँडेर जानुपर्ने उत्तरतिरको डाँडालाई हेर्‍यौँ । हेर्दा नजिकै देखिन्थ्यो । हिँडेर डेढ घण्टामा पुगिन्छ भनेर त्यहाँका मानिसहरूले भने ।

भेरी पुल तरेर दशरथपुर बजार हुँदै उकालो चढ्यौँ । हाम्रो पछिपछि आधुनिक हतियार बोकेका चालिसपचास जना सुरक्षाकर्मी थिए । सशस्त्र सुरक्षाकर्मीहरूको माझमा हिँड्दा मन निर्धक्क हुनुपर्ने हो । तर त्यहाँ स्थिति बेग्लै थियो । बाटोमा एम्बुस र गोलाबारीको डर थियो, जसले गर्दा हाम्रो मनमा डरको हुरी चलिरहेको थियो ।

बाटो हिँडनेले नचिनुन् भनेर मैले पी क्याप अलि मुख छोपिने गरी लगाएको थिएँ । तैपनि उकालोमा भेटिने केही मानिसले गोविन्दजी भनेर नामै लिएर अभिवादन गर्दा मेरो मनमा अर्को डर थपियो । हातमा ठूलो भी.एच.एस. क्यामेरा बोकेर घोसे मुण्टो लगाएर हिँडनु बाहेक मसँग अरू उपाय थिएन । ओरालोभन्दा उकालो म हिँड्न सक्थेँ । तर डर ती नमस्कार गर्ने अपरिचित मानिसहरूको थियो ।

उनीहरू को होलान् ? अचानक भीडन्त भयो वा धरापमा परियो भने के गर्ने ? यस्ता चिन्ताले सताइरहयो । मेरो हतियार भनेको भिडियो क्यामरा र कलममात्रै थियो । हामीसँग सुरक्षित हुने युद्धकला थिएन । भीडन्त भयो भने हाम्रो जोगिने उपाय थिएन ।

डरलाई गफले बिर्साउन खोज्दै हामी गमरकोला पुग्यौँ । त्यो ठाउँ माओवादीको जक्सन नै रहेछ । तर सेना आउने थाहा पाएर होला माओवादीहरू अन्तै गएछन् । होटलमा बिस्कुट र पानी खाएर एक छिन थकाइ मार्‍यौँ । त्यसपछि घटनास्थलबारे बुझ्न थाल्यौँ ।

स्थानीय मानिसहरू घटनाबारे बताउन डराउँदा रहेछन् । 'थाहा पाएनौँ' मात्र भने । उनीहरूले आधा घण्टामा घटनास्थलमा पुगिन्छ भने । पाँच बजिसकेको थियो । गाउँलेले अडकल गरेको समय र हाम्रो हिँडाइको समय मिल्दैनथ्यो । एक घण्टा लाग्छ भन्ने बाटो हिँड्न तीन घण्टा लागेको थियो । रात नपर्दै फर्कनुपर्थ्यो ।

क्याप्टेनले डाँडातिर दुरबीनले हेरेपछि धेरै सोचे । अनि फौजी जवानहरूलाई नआत्तिन नडराउन ढाडस दिए । कप्तानले जवानहरूलाई ढाडस दिँदा हामीलाई झन् डर लाग्यो । उनले नेत्र भाइ र मलाई अलिपर एकान्तमा लगेर सल्लाह गर्न थाले ।

उनी फर्कने मनस्थितिमा रहेछन् भन्ने हामीले बुझ्यौँ । हामीलाई घटनास्थलमा पुऱ्याउन आएका मानिस आफैँ आत्तिएजस्तो लाग्यो ।

"यस्तो असुरक्षित स्थितिमा हामी तपाइँहरूसँग रिपोर्टिङ गर्न जाँदैनौँ" मैले भनेँ । मेरो कुरा सुनेपछि क्याप्टेनको होस खुले जस्तो लाग्यो । उनले अचानक जवानहरूलाई फर्कने आदेश दिए । अनि हामी फेरि उही बाटो ओरालो लाग्यौँ ।

मलाई अघि उकालो चढ्दाभन्दा ओरालो झर्दा झन् डर लाग्यो । किनकि यति बेलासम्म अर्को पक्षले हान्ने तयारी गर्ने सम्भावना थियो । बत्ती बाल्न मनाही थियो । अँध्यारोमा लड्दैपड्दै ओरालो झऱ्यौँ । जाँदाभन्दा फर्कंदा धेरै समय लाग्यो ।

रामघाट पुगेर गाडीमा बस्दा पूरै भारी बिसाएजस्तो हलुँगो अनुभव भयो । एकैछिनमा छिन्चु आइपुगियो । बीरेन्द्रनगर पुग्दा झण्डै रातीको एक बजेको थियो । कालको मुखबाट फर्केको अनुभव गर्दै म घरभित्र पसेँ ।

# १२ घटनास्थलमा जाँदा आफैंमाथि आक्रमण

*जितेन्द्र खड्गा, सप्तरी*

**सप्तरी** जिल्लाको मधुपट्टी गाविसस्थित डिट्टबार मन्दिर (ग्राम देवता) भन्दा झण्डै एक किलोमिटरपर दलित महिला तथा पुरुषहरू सहभोजका लागि खाना पकाइरहेका थिए । तर उनीहरूको अनुहारमा उत्साह थिएन । उनीहरूका आँखामा भय र त्रास देखिन्थ्यो । जिल्लाको सदरमुकाम राजविराजबाट तीस किलो मिटर पर त्यो गाउँमा पुस १७ गते एकातिर दलितहरू मन्दिर प्रवेश र सहभोजको तयारी गरिरहेका थिए भने अर्कोतिर ठूला जातका भनिनेहरू मन्दिरभित्र पस्न खोज्ने दलितहरूलाई कुटपिट गर्ने तयारी गर्दै थिए ।

राजविराजमा कार्यरत पत्रकार, मानवअधिकारवादी कार्यकर्ता र समाजसेवीहरूले सहभोजका लागि तीन दिनअघि नै निम्तो पाइसकेका थिए । आयोजक दलित संगमका अध्यक्ष गणेश रामलगायतले गरेको अनुरोधलाई पन्छाउन मेरो मनले मानेन । कार्यक्रम हुने दिन १७ गते बिहान ८ बजे आमन्त्रित केही मानवअधिकारवादी तथा केही सहकर्मी पत्रकारहरूले जान लागेको जानकारी गराए ।

त्यस बेला म कान्तिपुर दैनिकको सप्तरी समाचारदाता थिएँ । मैले त्यस कार्यक्रमको समाचार सङ्कलन गर्न जानबाट आफूलाई रोक्न सकिन । केही मानवअधिकारवादी र केही पत्रकारहरू बसबाट त्यसतर्फ गइसकेको थाहा पाएपछि म आफ्नै मोटरसाइकलमा प्रस्थान गरें । जाने बेलामा पत्रकार महासंघका जिल्ला शाखाका उपसभापति ब्यास शंकर उपाध्याय पनि मेरै मोटर साइकलको पछि बसेर जान तम्सनु भयो ।

कार्यक्रम बिहान ११ बजे सुरु हुने भनिएको थियो । तर हामी आधा घण्टा ढिलो पुग्दा पनि कार्यक्रमको सुरसार थिएन । पत्रकारहरू – प्रेस

काउन्सिल सदस्य शिवहरी भट्टराई र शाखाका पूर्वसभापति बैद्यनाथ झा – नजिकै भइरहेको अर्को कार्यक्रममा सहभागी हुन जानुभएको थाहा पाएँ । इन्सेक मानवअधिकार वर्ष पुस्तकका सप्तरी प्रतिनिधि प्रकाश खतिवडा र इन्सेक सप्तरीका प्रतिनिधि दिनेश यादव पनि त्यहाँ पुगेका रहेछन् । तर उनीहरू त्यो कार्यक्रमको विरोधमा उत्रेका त्यहाँका "माथिल्लो" जातका चौधरीहरूसँग कुरा गर्न त्यसतर्फ गएको जानकारी आयोजकहरूले दिए ।

समय बित्दै गयो । दिउँसोको २ बज्यो । तर न त त्यहाँ प्रहरी प्रशासन नै आयो न त सहमति भएको खबर लिएर मानवअधिकारवादीहरू नै आए । अन्ततः त्यहाँको वास्तविक अवस्था बुझ्न म र सहकर्मी ब्यासजी त्यसतर्फ लाग्यौँ । त्यहाँ पुग्ने बेलामा माथिल्ला जातका भनिनेहरू बसेको ठाउँभन्दा २ सय मिटर वरै एक जना चौधरीको घरमा भयानक तयारीको दृश्य देखियो । त्यहाँ ठूलो पाल टाँगिएको थियो । त्यसको बीचमा चिउरा–भुजाको ठूलो रास थियो । अनि एकातिर रक्सीका ग्यालनहरू देखिन्थे । रक्सीले मातिसकेका डेढ–दुईसय जना युवाहरू पनि देखिन्थे । छेवैमा दसबाह्र वटा ठूला बाल्टीनमा खुर्सानीको धुलो अनि किरा मार्न विषादि छर्कने स्प्रे मेसिन, अनि बाँसका भाटाहरूपनि ४–५ सयको संख्यामा ठड्याएर राखिएको थियो ।

त्यस्तो दृश्य देखेपछि मैले मन थाम्न सकिन । एक महिनाअघि मात्रै किनेको जुम भएको डिजिटल क्यामेराबाट मैले दलितलाई कुट्न तयार गरिएको त्यो दृश्य खिच्न थालेँ । फोटो खिच्दा कसैले विरोध गरेन । तर एक छिनपछि चौधरीहरू भेला भएको ठाउँमा पुग्न पाँच मिनेटको बाटो बाँकी हुँदा एउटा ठूलो हुल ममाथि जाई लाग्यो । बुढा, युवा, युवती महिलासहित करिब दुई सयको त्यो समूह "यही हो कान्तिपुर एफएमको, दलितलाई भड्काउने । यसलाई कुट" भन्दै कसैले क्यामेरा खोस्न थाले त कसैले पर्स, कसैले परिचयपत्र । कसैले भाटाले त कसैले लाठीले अनि कसैले मुड्कीले हिर्काए । मलाई जोगाउन कोसिस गर्ने सहकर्मी ब्यासजीलाई उनीहरूले सजिलै नियन्त्रणमा लिए । १०–१५ मिनेटसम्म एकसुरले कुटे ।

कार्यक्रममा ठूलै दुर्घटना हुनसक्ने अनुमान आयोजकहरूले गरेका रहेछन् । पटकपटक त्यहाँका प्रमुख जिल्ला अधिकारी आनन्दराज पोखरेल र प्रहरी प्रमुख डिएसपी संजयसिंह बस्नेतलाई कार्यक्रममा आउन फोन गरी आग्रह गरिएको पनि रहेछ । परिस्थितिको गम्भिरता बुझ्न र सहमति कायम गराउन मानवअधिकारवादी खतिवडा र यादव त्यसतर्फ गएका रहेछन् ।

आयोजकहरूले "माथिल्लो" जातकाले उनीहरूलाई कुट्ने तयारी गर्दैछन् भन्ने जानकारी हामीलाई दिएका थिएनन् । पछि थाहा भयो त्यहाँका "माथिल्लो" जातका व्यक्तिले मन्दिर प्रवेश गर्न आउने दलितहरूलाई बाँकी नराख्ने तयारी गरेका रहेछन् । उनीहरूले दलितहरूलाई मार्नेसम्म तयारी गरी वरिपरिका गाउँहरूबाट समेत चौधरी, यादव, क्षेत्री, बाहुनहरूलाई भेला गराएका थिए ।

मैले होश भएसम्म क्यामेरा दिएको थिइन । त्यो क्यामेरा मैले कडा मेहनतको कमाइबाट रू. ५३ हजारमा किनेको थिएँ । म बेहोश भएपछि क्यामेरा खोसेछन् । त्यहाँस्थित मानवअधिकारवादीहरूले मलाई उद्धार गरी नजिकैको लहान नर्सिङ होममा भर्ना गरे । तीन दिनपछि २० गते म घर फर्कें ।

घटनापछि त्यहाँ पुगेका नेपाल प्रहरीले केही मानिसलाई समाते पनि कुनै ठोस कार्वाही गरेन । दोषीमाथि किन कार्वाही भएन भनी मैले बुझ्ने कोसिस गरेँ । एक जना अलि मिल्ने माथिल्लो दर्जाका प्रहरीबाट ममाथि प्रशासन र सुरक्षा निकायको नकारात्मक दृष्टि रहेको कारण कार्वाही नगरिएको भन्ने जानकारी पाएँ ।

केही साता अघिमात्र माओवादीहरूले जिल्लाका करिब २ सय शिक्षकलाई अपहरण गरी रातभरि जनवादी शिक्षासम्बन्धी तालिम दिएका थिए । प्रमुख जिल्ला अधिकारी आनन्दराज पोखरेलले यसको जानकारी पाएर पनि सुरक्षा निकायलाई परिचालन नगरेको आशयको समाचार मैले कान्तिपुरलाई पठाएको थिएँ । यसैले उनीहरू मसँग रिसाएका रहेछन् । दलितहरूको आन्दोलनप्रति पनि उनीहरूको सकारात्मक धारणा थिएन । मैले दलित आन्दोलनको समाचार सक्रियताका साथ सम्प्रेषण गरेको कारण पनि मधुपट्टीमा म माथि हमला हुँदा प्रजिअले चासो नलिएको बुझियो ।

प्रजिअले एक साता अघि आफ्नै कार्यालयमा दलितहरू मन्दिरमा प्रवेश नगरी बाहिरैबाट पूजा गर्नुपर्ने समझदारी दुबै पक्षबीच गराएको कुरा पनि थाहा पाइयो । घटनाबारे जानकारी पाउनासाथ त्यसतर्फ जान खोजेको प्रहरीलाई प्रजिअले रोकेको र सेना लिएर जान भने पनि सेनालाई आदेश नदिएको र घटना भइसकेको ४ घण्टापछि मात्र प्रहरी पुगेको कुरा जिल्ला प्रहरी कार्यालयबाटै थाहा भयो ।

यो घटना हुनुअघि माओवादीको नाउँमा सेनाले नियन्त्रणमा लिएर छुटाछुट्टै घटनामा तीनजना सर्वसाधारणलाई मारेको समाचार सम्प्रेषण गरेको थिएँ । यो समाचारका कारण पनि सेना मप्रति सहानुभूतिशील नहुने नै भयो ।

समाचार पठाएकै कारण मसँग माओवादीहरू पनि रिसाएका थिए । मैले माओवादीहरूद्वारा निर्दोषको हत्या, घरमा आगजनी गरेको जस्ता समाचार पठाएको कारण माओवादीका जिल्ला सेक्रेटरी 'अमर' ले धम्की दिएका थिए । पछि समाचार सच्याउन भनेका थिए । माओवादीहरूको समाचार लेख्दा समाचारको स्रोतको अभाव हुने र ठीकबेठिक क्रस चेक गर्न पनि गाह्रो हुने, साथै ठीक समयमा पूर्ण जानकारी नपाइने भएकोले उनीहरूको कुरा समाचारमा आउन नसकेको वास्तविकता उनीहरूले महसुस गरे । तर सुरक्षा निकायले जानकारी पनि नदिने र समाचारकै कारण दुःख दिने गरेको मेरो अनुभव छ ।

गरिब दलितहरूको समाचार पठाउनुको महत्व बुझाएपछि प्रशासनसँग सम्बन्धमा सुधार आयो । सेनाका त्यसबेलाका कर्नेल भरत पाठक र मेजर आर.सी. खत्रीले पनि

समाचार सत्यतथ्यमा आधारित रहेछ भन्ने उनीहरूकै अनुसन्धानबाट प्रमाणित भएपछि सम्बन्ध सुध्रियो । सुरक्षा निकायलाई जानकारी दिएर र त्यहाँ जानुपर्ने पर्याप्त कारण खुलाएर कार्यक्रमस्थलमा गएको भए सायद मसँग त्यो दुर्व्यवहार हुने थिएन कि ! त्यसैले द्वन्द्वको समाचार सङ्कलन गर्न जाँदा सम्बन्धित सुरक्षा पक्षलाई जानकारी गराएर जानु उपयुक्त ठानेको छु ।

# १३ प्रवास गएर जोगिएँ

*कृष्ण हुमागाईं, झापा*

**माघ १९** को शाही घोषणापछि राष्ट्रिय प्रजातन्त्र दिवस झापा जिल्लामा दुई प्रकारले मनाइयो । एकथरीले जिल्ला सदरमुकाममा सरकारी कर्मचारीहरूको व्यापक उपस्थितिमा सुरक्षा घेराभित्र राजारानीको जयजयकार गर्दै प्रजातन्त्र दिवस मनाए । अर्काथरी १९ माघको घटनापछि अन्यौलमा परेका राजनीतिक दलहरू (नेपाली काँग्रेस, एमाले, जनमोर्चा, सद्भावना) ले झापाको शनिश्चरे बजारमा आ–आफ्नो पार्टीको झण्डासहित नारा जुलुस गरेर प्रजातन्त्र दिवस मनाए ।

कुन कार्यक्रममा को जाने भनेर जिल्लाका पत्रकारहरू बाँडिएका थिए । नेपाल पत्रकार महासंघका त्यस बेलाका जिल्ला सभापति माधव विद्रोही लगायत केही पत्रकारहरू जिल्ला सदरमुकाममा मनाइएको प्रजातन्त्र दिवसको समाचार सङ्कलन गर्न जानु भयो । दिपीन राई, रोहितचन्द्र भट्टराई, म र अरू केही साथीहरू शनिश्चरेको कार्यक्रमको समाचार सङ्कलनक गर्न गयौं ।

प्रशासनले सरकारबाहेक कुनै राजनीतिक दल वा कसैले प्रजातन्त्र दिवस नमनाओस् भन्ने नीति लिएको रहेछ । त्यो हामीलाई थाहा भएन । सरकारी कार्यक्रममा सहभागी नभई राजनीतिक दल, मानवअधिकारवादी र बुद्धिजीवीले मनाएको कार्यक्रमा सहभागी भएको भनेर हामीलाई प्रशासनले निगरानी गरिरहेको रहेछ ।

त्यही दिन जिल्लाका पाँच राजनीतिक दलले शाही कदमको विरोधमा संयुक्त प्रेस विज्ञप्ति प्रकाशित गरेको सूचना मैले पाएँ । माघ १९ पछिको पहिलो सातामा झैं त्यो दिन पनि सबै टेलिफोन लाइन काटिएका थिए । एक जना मानिसले मलाई त्यो विज्ञप्ति नेपाल ट्रेड युनियन काँग्रेसका झापा जिल्ला अध्यक्ष एवं केन्द्रीय सदस्य दीपक तामाङको शनिश्चरे कप्तानवारी स्थित घरमा पाउन सकिन्छ भन्ने जानकारी दिए । नेकपा

माओवादीले शाही घोषणको विरोधमा नेपाल बन्द घोषणा गरेको त्यो ठाउँमा जानका लागि कुनै सवारी साधन थिएन । शनिश्चरेको कार्यक्रम सकेर म विर्तामोड पुगेको थिएँ । त्यहीँबाट फेरि शनिश्चरे जानु पर्‍यो । प्रेस लेखेको सेतो झण्डा झुण्ड्याएर म मोटरसाइकलमा दीपक तामाङको घरतर्फ हुइँकिएँ । बाटोमा सादा पोशाक लाएका सुरक्षाकर्मी साइकल चढेर मेरो पछि लागेछन् ।

दीपक तामाङको घरमा पुग्दा त्यहाँ नेपाली काँग्रेस झापाका जिल्ला सचिव उद्धव थापा लगायतका नेताहरू बस्नु भएको थियो । पूर्वमन्त्री वीरमणी ढकाल प्रेस विज्ञप्तिलाई अंग्रेजीमा अनुवाद गरी सकेर घर (नारायणचोक) तर्फ लाग्नुभएको रहेछ । यत्तिकैमा सादा पोशाकमा खटिएका सुरक्षाकर्मीहरूले दीपक तामाङको घर घेरिसकेका रहेछन् ।

त्यस घरकी भाउजुले मान्छेहरूले घर घेरा हालेको जानकारी दिनुभयो । दीपकजीको घर वरिपरि चिया बगान भएकोले हामीले बगानमा काम गर्ने मानिसहरू होलान् भनेर त्यति वास्ता गरेनौँ । तर एकैछिनमा सादा पोशाकमा हतियार बोकेका मान्छेहरू घरतिर आइरहेको देखेपछि नेताहरू भाग्नु भयो ।

म भाग्ने कि नभाग्ने दोधारमा थिएँ । घरमूली भाउजुले भाग्न कर गरेपछि प्रेस विज्ञप्ति र सबै सामग्री फालेर मैले म पनि भाग्ने निधो गरेँ ।

म भाग्दै थिएँ । त्यही बेला गोली चल्यो । दोस्रो पटक गोली चले पछि म भाग्न सकिन । म झण्डै अचेत भएँ । थुचुक्कै भुँईमा बसेँ र खाल्डो जस्तो ठाउँमा पल्टेँ । सादा पोशाकमा आएका सुरक्षाकर्मीले मलाई पक्रेर उनीहरूको गाडीछेउ लगेर उभ्याए । त्यसबेला साँझको ५ बजेको हुँदो हो । त्यही बेला कसैले कडा र ठूलो स्वरमा सुरक्षाकर्मीलाई गोली नचलाउन आदेश दियो । सुरक्षाकर्मीहरू काँग्रेस सचिव उद्धव थापा र ट्रेड युनियनका अध्यक्ष दीपक तामाङलाई खोज्न थाले ।

गोली चलेपछि उहाँहरू दुवैजना चिया बगानको नालीभित्र लुक्नु भएको रहेछ । सैनिकहरूले करिब डेढ घण्टापछि उहाँहरूलाई भेट्टाए । उहाँहरूलाई अर्को गाडीमा राखियो । त्यसपछि मलाई सोधपुछ गर्न थालियो । एकजना सुरक्षा अधिकारीले मलाई देखेर "यो कृष्ण हुमागाईं होइन, चिया बगानको कुन मजदुर परेछ" भन्दै मलाई छाडिदिए । त्यसबेला मैले बगानको मजदुरले लाउनेजस्तै ठूलो भ्याङ्गले हाफ पाइन्ट लगाएको थिएँ ।

त्यसबेला नेपाली सञ्चार माध्यममा प्रतिबन्ध, नियन्त्रण र सेन्सर गरिएको हुँदा वास्तविकता सार्वजनिक हुनसक्ने अवस्था थिएन । राती टेलिफोन लाइन खुलेपछि मैले अन्तर्राष्ट्रिय सञ्चार माध्यमलाई यो घटना र नेताहरू पक्रिएको समाचार पठाएँ । त्यसपछि घरमा बस्ने सम्भावना थिएन । त्यसैले अन्यत्रै बास बसेँ । हुन पनि त्यस राती सुरक्षाकर्मीहरू विभिन्न बहानामा मलाई खोज्न घरमा गएछन् ।

पहिले सेनाले सबै प्रकाशनगृह र एफ.एम. प्रसारण संस्थाहरूमा समाचार प्रकाशन, प्रसारणमा रोक लगाइराखेका अवस्थामा पनि मैले बी.बी.सी लगायत अन्तर्राष्ट्रिय र राष्ट्रिय सञ्चार माध्यमहरूलाई समाचार पठाएको थिएँ ।

त्यसपछि घरबाट सेनाले खोजिरहेको छ, सुरक्षित भएर बस्नु भन्ने खबर आयो । म अलमलमा परेँ । सेना गाउँ–गाउँमा पुगेको थियो । त्यसैले गाउँमा बस्नु पनि सुरक्षित थिएन । मैले भारत जानु नै उत्तम उपाय हो भन्ने ठानेँ र फागुन ८ देखि बैशाख ५ गतेसम्म उत्तरपूर्वी भारतमा स्वनिर्वासित भएँ ।

त्यसबीचमा पत्रकार दिपीन राई, दिपक अधिकारी र मदन पोखरेललाई पक्राउ गरिएको, राजनीतिक व्यक्तिहरूलाई चारआलीस्थित जबजंग गणमा लगेर चरम यातना दिइएको थाहा भयो । त्यो यातनाको खबर पनि अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूमा आएको थियो ।

बैशाख ७ गते झापामा नेपाल पत्रकार महासंघको सातौं जिल्ला अधिवेशन थियो । म सभापतिको उम्मेदवार बनेर अधिवेशनमा भाग लिन पुगेँ । कार्यक्रम दमकको रेडक्रसको हलमा भइरहेको थियो । मैले उम्मेदवारी दर्ता गरिसक्दासम्म प्रहरीहरूले रेडक्रस हलमा घेरा हाले । त्यसपछि हतारहतार भोट खसालेर पत्रकार कमल मिश्रजी र म भेष बदलेर त्यहाँबाट हरायौं । कमलजी झापामै बस्नुभएछ । म विराटनगर पुगेँ ।

अधिवेशनले मलाई पत्रकार महासंघको झापा जिल्लाको सभापति चुनिसकेको थियो । त्यसपछि चारलआली व्यारेकका कर्णेल सुरेश कार्कीले मलाई ब्यारेकमा बोलाउनुभयो । जिल्लाका वरिष्ट पत्रकारहरू माधव विद्रोही, गोविन्द चन्द्र क्षेत्री र मोहनकाजीसँगै म उहाँलाई भेट्न गएँ । त्यहाँ सेना र पत्रकारका आ–आफ्नै समस्याका विषयमा कुराकानी भयो । कर्णेल कार्कीले हामीसँग कुनै अशिष्ट र अभ्रद व्यवहार भने गर्नुभएन । तर डरधम्की भने निक्कै देखाउनुभयो । उहाँका कुरा सुन्दै टाउको हल्लाउँदै एक छिनपछि हामी बिदा भयौँ ।

१४

# हेल्मेट लाएर विस्फोटस्थलतिर

*दुर्गाप्रसाद शर्मा, पर्वत*

**पर्वत** जिल्लाको सदरमुकाम कुस्मा नजिकै भीरमा एउटा प्राकृतिक गुफा छ त्यहाँ एकै चोटि सैयौँ मानिसहरू हराउन सक्छन् । गुफाभित्र असंख्य सुन्दर आकृतिहरू र निर्मल पानीका स्रोतहरू छन् । गुफाको मुखैमा गुप्तेश्वर महादेवको मन्दिर छ । यो गुफा विस्तारै आन्तरिक पर्यटकहरूका लागि आकर्षक गन्तव्य बन्दैछ । यही गुप्तेश्वर गुफा र पर्वत जिल्लाको पर्यटकीय महत्वलाई परिचित गराउन २०६१ माघ १२ गतेदेखि पर्वत गुप्तेश्वर महोत्सव/मेला आयोजना गरिएको थियो ।

दोस्रो दिन पनि मेलामा हजारौँ मानिसहरूको जमघट थियो । मेलाको रिपोर्टिङ गर्न स्थानीय पत्रकारका साथै पोखराबाट पनि पत्रकारहरू आएका थिए । मेलाको मौका छोपेर विद्रोही माओवादीहरूले हमला गर्नसक्ने सम्भावनालाई ध्यानमा राखेर सुरक्षा सेनाको उपस्थिति पनि सदरमुकाममा केन्द्रित थियो ।

यसैबीच इलाकास्तरीय विद्रोही नेता र केही कार्यकर्ताहरू कुस्मातिर आइरहेको सूचनाको आधारमा सुरक्षा सेनाको एउटा गस्ती टोली गाडीमा बसेर दस किलोमिटर पर पातीचौर बजारतिर गएको थियो । पातीचौर बजार पुग्नुभन्दा पाँच सय मिटर अगाडि नै विद्रोहीले राखेको धरापमा परी गाडी क्षतविक्षत भएछ । गाडी धरापमा परेपछि विद्रोहीहरूले झण्डै पन्ध्र मिनेटसम्म वरिपरिबाट गोली वर्षाएका रहेछन् । यो हमला दिउँसो ३ बजेतिर गरिएको थियो ।

गोली चलिरहेकै बेला पातीचौर बजारका एकजना परिचित मानिसले कुस्मामा मेरो डेरामा फोन गरेर घटनाको जानकारी दिएका रहेछन् । गैरसरकारी संस्थामा कार्यरत मित्र विश्व प्रकाश प्रसाई र शान्तिका लागि नागरिक समाजको सञ्जाल पर्वतका सचिव भक्त कुँवरले पनि घटनाको जानकारी पाउनु भएको रहेछ ।

त्यति बेला म विश्वजीको मोटरसाइकलमा बसेर मेलाको समाचार सङ्कलन गर्न र पोखराबाट आएका पत्रकारहरूलाई विदा गर्न बसपार्कतिर जाँदै थिएँ । विश्वजीबाट मैले घटनाबारे थाहा पाएँ । कुनै दुर्घटना वा खतराको बिचारै नगरी हामीले तुरुन्तै घटनास्थल तिर जाने निधो गर्‍यौँ ।

विश्वजीलाई उहाँका संस्थाका कर्मचारीहरूले ज्याकेट तानेर त्यतातिर नजान जिद्दी गरे । तर उहाँ रोकिन मान्नु भएन । पत्रकारिता नै मेरो व्यवसाय भएको हुँदा घटनास्थलमा गएर रिपोर्टिङ गर्ने दायित्व र आकर्षणबाट मैलेपनि पन्छिने कुरै भएन । घटनास्थलमा पुगेर तात्तातो समाचार केन्द्रमा पठाउने आकर्षण र उत्साह यति धेरै थियो कि घटनास्थलमा जानका लागि आवश्यक पूर्व तयारी र आफ्नो व्यक्तिगत सुरक्षाका बारेमा कुनै बिचार नै गरिएन । सुरक्षाको नाममा हाम्रो टाउकामा हेल्मेट बाहेक केही थिएन, किनकि मोटरसाइकल चढ्न यो अनिवार्य थियो ।

बसपार्कमा पुगेर हामीले ट्राफिक प्रहरीलाई पोखरातर्फ जाने सवारी साधन रोक्न आग्रह गर्‍यौँ । सबै सवारी साधन रोकिए । 'उनले गोली चलिरहेको छ, तपाईंहरू नजानुस, आक्रमणमा पर्न सक्नुहुन्छ' भन्दै हामीलाई नजान सुझाव दिए । घटनास्थलतर्फ अरू कुनै सवारी साधन पनि गएका थिएनन् । विष्फोट भएको १५ मिनेटमात्र भएकाले उनले तपाइँहरू भीडन्त सकिएपछि मात्र जानुहोला भनेका थिए । तर हामी मानेनौं । पोखरा जान तयार भएका नेपाल वन टेलिभिजनका ओम हमाल पनि हामी चढेकै मोटरसाईकलमा बस्नुभयो भने कान्तिपुरका पोखरा सम्वाददाता दिनेश रेग्मी र घनश्याम पौडेल पनि समाचार सङ्कलनका लागि जान थाल्नुभयो । प्रस्थान गर्नुअघि मेरो अखबारलाई घटनाको जानकारी गराएर घटनास्थलतिर जानलागेको जानकारी दिएँ । जिल्लास्थित सुरक्षाफौजलाई भने कुनै जानकारी गराएनौँ । घटनास्थलमा पुग्न हामी यति हतारमा थियौँ कि सुरक्षाकर्मीलाई जानकारी गराउनुपर्ने विचार पनि आएन । यसरी मनभरी उत्साह बोकेर हामी घटनास्थलतिर लाग्यौँ ।

घटनास्थलतिर बढ्दै गएपछि बल्ल हामी आफ्नो सुरक्षाबारे सचेत हुन थाल्यौँ । धराप राखेको ठाउँभन्दा अगाडि र पछाडि पनि बाटोमा नपड्केका एम्बुस हुनसक्थे । विद्रोहीहरूले वरिपरिबाट गोली चलाउनसक्थे । यसैले सडक वरिपरिका गतिविधितिर ध्यान दिन थाल्यौँ । ठाउँठाउँमा सडक किनारमा सवारी साधनहरू रोकिएका थिए । हामीलाई घटनास्थलतिर जान लागेको देखेर यात्रुहरू अचम्म मानेर हेर्थे ।

यसरी हामी चार किलोमिटर पर दोबिल्लामा पुग्यौं । यहाँ घटनामा परेर ज्यान जोगाई आएका एक व्यक्ति भेटिए । उनी चढेको ट्याक्सी जाँच गर्दागर्दै सुरक्षाकर्मी चढेको गाडि एम्बुसमा परेको उनले सुनाए । उनले ट्याक्सी चालक र आफ्नो दाजुपनि मारिएको र सुरक्षाकर्मीको गाडि आकाशमा उडेर खसेको सुनाए । उनीसँग आएका अरू दुई जना यात्री पनि त्यहीँ थिए । टाढा कतै गोली चलेको छिटपुट आवाज सुनिन्थ्यो । उनीहरूले 'गोली चलिरहेको छ नजानुस्' भने । मेरो घर पाँचथर

त्यही बाटो भएर जाने भएकाले त्यहाँका चिनेका होटल व्यवसायी र अरू आफन्तहरूले पनि मलाई अगाडि नबढ्ने सल्लाह दिँदै थिए । तर मेरो पुरै ध्यान घटनास्थलमा पुग्ने कुरामा केन्द्रित भएकाले उनीहरूको सुझावतिर मेरो ध्यानै गएन ।

घटनास्थलबाट करिब एक किलोमिटर नजिक अम्बोटमा पुग्दा गोलीको आवाज सुनिएन । हाम्रो मोटर साइकलको आवाज सुनेर स्थानीय शिक्षक अमृत गुरुङ्गले ढोका खोले । उनले दस मिनेटदेखि गोली चल्न छाडेको बताए । हामी अगाडि बढ्यौं । घटनास्थलभन्दा २–३ सय मिटरजति नजिक पुग्दा होटल अगाडि घाइते सर्वसाधारणहरूलाई देख्यौं । घाइतेहरू मध्येमा दोबिल्लामा भेटभएका भाइले मरिसकेको भनेका श्यामबहादुर केसी पनि रहेछन् । विस्फोटसँग उनी सडकबाट उछिट्टिएर खोलामा पुगेछन् । उनी रगताम्मे भएका थिए । अरू केही सर्वसाधारण र सवारी चालकहरू थिए । उनीहरूको तुरुन्तै उपचार गर्नुपर्ने कर्तव्य सम्झयौं । छर्रा र गोली लागेका घाइतेलाई अस्पतालमा पुऱ्याउनु जरूरी थियो । यसैले विश्वजीले आफ्नो मोटरसाईकल दिएर होटलवाला एक जना युवकलाई ट्याक्सी लिन कुस्मातिर पठाउनुभयो । हामी क्यामेरा र नोटबुक लिएर घटनास्थलतिर लाग्यौं ।

घटनास्थलमा सबैभन्दा पहिले पुग्ने हामी नै थियौं । स्थानीय बासिन्दाहरू घरबाट बाहिर निस्केका थिएनन् । ट्याक्सीमा घाइतेलाई अस्पताल पठाएपछि भने डर लाग्न थाल्यो । मनमा अनेक शंका उब्जन थाल्यो । हेलिकोप्टर र स्थलमार्गबाट आउने सुरक्षाकर्मी जुनसुकै बेला आउन सक्थे भने विद्रोहीहरूले पनि हामीलाई सिभिल ड्रेसमा आएका सुरक्षाकर्मी ठानेर गोली चलाउने सम्भावना थियो ।

यो हमलामा शाही नेपाली सेनाका मेजर र जनपद प्रहरीका इन्स्पेक्टर सहित सात सुरक्षाकर्मी र एक जना सर्वसाधारण मारिएका थिए । वरिपरि सुरक्षाकर्मी चढेको गाडी र सुरक्षाकर्मीका शरीरका अङ्गहरू छरिएका थिए । एम्बुस पडकेको ठाउँमा नपडकेका माइनहरू हुनसक्थे । यसैले क्यामारामा लामो लेन्स लगाएर दस मिटर टाढाबाट घटनास्थलको फोटो खिच्न थाल्यौं । पड्केको स्थानमा जान थप एम्बुस विष्फोटन हुने खतरा भएकाले गएनौं । पोखरामा पुगेर काठमाडौंमा क्यासेट पठाउनुपर्ने टिभीका साथीहरू पनि त्यो ठाउँ नाघेर जान डराउनुभयो । हेलिकोप्टरबाट सुरक्षाफौजले कार्वाही गर्ने र नजिकैबाट माओवादीले फायर गर्ने सम्भावना देखेर हामीले जतिसक्दो चाँडो फर्कने निधो गऱ्यौं । करिब दस मिनेटपछि हामी त्यहाँबाट फर्किहाल्यौं ।

नभन्दै त्यस्तै भएछ । हामी फर्केको ५ मिनेटपछि ट्याक्सी चढेर सशस्त्र प्रहरीको टोली त्यहाँ पुगेको रहेछ । त्यो टोलीलाई हतियार लिन आएको विद्रोही भन्ने ठानेर जंगलबाट पैदल सडकतिर सपोर्टका लागि गएका सुरक्षाकर्मीले गोली चलाएछन् । उनीहरूले पछि आफू सुरक्षाकर्मी भएको सञ्चार सेटमार्फत भनेपछि मात्र गोली चल्न रोकिएको रहेछ । मोदीखोलाको ढुङ्गाको छेलपारेर ज्यान जोगाएको सशस्त्र प्रहरीको इनिस्पेक्टरले घटनाको दुई दिनपछि बताउँदा आङै सिरिङ्ग भयो ।

हामी फर्कन पाँच मिनेटमात्र ढिलो गरेको भए ती गोलीको निसाना बन्न सक्थ्यौं । सुरक्षाकर्मीले त तालिम लिएको हुँदा कभर लिएर ज्यान जोगाए । हामी नत तालिम न कुनै सुरक्षा उपाय ! विना कुनै तयारी खुला सडकमा क्यामेरा बोकेर जाँदा परबाट विद्रोही वा सुरक्षाकर्मीले पनि लेन्सवाला क्यामेरालाई दुरवीन र हतियार ठान्न पनि सक्थ्यो । हाम्रो मोटर साइकलमा प्रेस वा पत्रकारको परिचय दिने कुनै सङ्केत थिएन । भए पनि टाढाबाट कसले देख्थ्यो होला र ! हामी भाग्यले नै बाँचेको मैले ठानें ।

हामी कुस्मा फर्कंदै गर्दा घटनास्थलतिर जान लागेको सुरक्षकर्मी सदरमुकामबाट चार किलोमिटर अगाडि मात्र पुगेका भेट्यौं । हामीलाई क्यामेराको चिन्ता थियो । तर पत्रकार भनेर चिनेको हुनाले घटनास्थलको अवस्थाको जानकारी लिएर छाडिदिए । यसरी ज्यान हत्केलामा राखेर घटनास्थलमा जानु उचित थियो कि थिएन ? घटनास्थलमा पुगेर रिपोर्टिङ गर्नु पत्रकारको काम नै हो । तर कति खतरा मोल्ने ? त्यो खतराको फाइदा जनता वा अखबारका पाठकले कसरी पाउँछन् भन्ने थाहा नपाई ज्यानै जोखिममा पर्ने गरी उत्साहित हुनुहुँदो रहेनछ । मेरो विचारमा यसरी गोली चलिरहेको समयमा र थप सुरक्षा बल नपुगेको अवस्थामा घटनास्थलमा जानु हुन्नथ्यो । पूर्व तयारी विना जोखिम उठाउँदा जीवन गुम्ने सम्भावना बढी हुँदोरहेछ ।

तातोतातो समाचार पस्कने नाममा हतार गरेर समाचार सङ्कलन गर्दा सही, उपयोगी र धेरै समाचार पाउने सम्भावना पनि हुँदो रहेनछ । घटनास्थलमा पाइएका जानकारीहरू सबै टुक्राटाक्री र अधुरा थिए । जिल्लामा कति सुरक्षाकर्मी मारिए भनेर पत्ता लगाउन थप चार घण्टा पर्खनु परेको थियो ।

झण्डै एक वर्षअघि विद्रोहीहरूले म्याग्दी जिल्लाको सदसमुकाम बेनीमा आक्रमणको रिपोर्टिङ गर्दा पनि यस्तै खतरा मोल्नु परेको थियो । पोखराबाट आएका आधादर्जन पत्रकारसँगै त्यसबेला विद्रोहीहरूले सडकको अवरोध गर्न ढालिएका रूख र ढुङ्गामाटाका ढिस्काहरू पन्छाउँदै बेनी पुगेका थियौं । माथि आकाशमा उडेको हेलीकप्टरले बम बर्साउला भन्ने चिन्ता र रूख फाल्दा माइन पड्कने डर थियो । विना बिमा, विना तालिम, विना कुनै आकर्षक अवसर यसरी जोखिम उठाएर पत्रकारिता गर्नु हामीजस्ता पत्रकारहरूको बाध्यता हो कि रहर हो ? उचित तालिम, सुरक्षा उपाय र अवसर पाएको भए हामीले अझै राम्रो रिपोर्टिङ गर्न सक्थ्यौं कि ?

# १५ सुरक्षा निकायको वक्रदृष्टि

*गणेश पोखरेल, झापा*

"**हाम्रो** कार्यक्रम छ, तपाईं आजै बिहानै केचना आउनु होला ।" एक जना माओवादीले फोन गरे । कार्यक्रममा जाने कि नजाने म दोधारमा परेँ । अरू साथीहरूलाई पनि बोलाएको छ कि भनी जान्न मैले पत्रकार साथीहरूसँग सम्पर्क गरेँ । अरू तीनजना साथीहरू दीपक, एकराज र सुव्रतलाई पनि बोलाएका रहेछन् । यो घटना २०६१ चैतको हो ।

हामी तीन जना सँगै जाने निधो गर्‍यौँ । हामी झापाको बिर्तामोडबाट भद्रपुर पुग्यौँ । भद्रपुरबाट केचना जाने बाटोमा सेनाले चेकिङ गरिरहेको थियो । एक जना सैनिकले हामीलाई 'कहाँ हिँडेको ?' भनी सोध्यो । हामीले पृथ्वीनगर जाने भनी ढाँट्यौँ । त्यसो नगरेको भए एकातिर सेनाले हाम्रो पिछा गर्नसक्थ्यो भने अर्कोतिर विद्रोहीहरूले हामीलाई सुराकीको आरोप लगाउनसक्थे ।

माओवादीको कार्यक्रमस्थल पुग्नुभन्दा अघिनै उनीहरूले ठाउँठाउँमा जाँच चौकीहरू राखेका थिए । तर, हामीहरू पुग्नुअघिनै हामीलाई चिन्ने मान्छे कार्यक्रमस्थलसम्म सँगै लैजान लिन पठाएका रहेछन् । त्यहाँ उनीहरूको जिल्लास्तरीय आमसभा थियो । साँझ सात बजेमात्र कार्यक्रम सकियो । समाचार पठाउनका लागि पत्रिकाको कार्यालयमा हामी फर्कनैपर्ने थियो । मनमा डर र शंका बोक्दै हामी चारै जना मोटरसाइकलमा फर्क्यौँ । झापा चोक आइपुग्दा राती साढे आठ बजिसकेको थियो । सेना सदरमुकामको ब्यारेकतर्फ फर्किइसकेको रहेछ । हामी ढुक्क भएर घर पुग्यौँ र राती नै समाचार लेखी आ–आफ्ना सञ्चार माध्यममा प्रकाशन प्रसारणका लागि पठायौँ ।

समाचार प्रकाशित र प्रसारित भएपछि जवरजंग गणका गणपति सुरेशकुमार कार्कीले मलाई फोन गरी बोलाए । मैले नजिकका केही साथीहरूलाई जानकारी दिएर सेनाको ब्यारेकमा गएँ । कर्णेल कार्कीले

ममाथि माओवादी भएको आरोप लगाए । मैले त्यसको प्रतिवाद गर्दै भने, “समाचार प्रकाशन गर्नु अपराध हो र ?”

उनले मैले पठाएको समाचारले सेनाको मनोवल गिरेको तर्क दिँदै अबदेखि कुनैपनि ठाउँमा माओवादीसँग म उभिएको देखेमा पहिले मलाई मार्ने धम्की दिए ।

उता माओवादीका गतिविधि अर्थात् द्वन्द्वसँग सम्बन्धित समाचार लेखेका कारण मलाई मैले काम गर्दै आएको पत्रिका *दैनिक विवेचना*बाट ६ महिनाका लागि निलम्बन गरियो । त्यसपछि सेनाका सकारात्मक समाचारहरू प्रकाशित गरे उनीहरूले मेरो बारेमा सकारात्मक धारणा बनाउछन् कि भनेर मैले प्रयास गर्न थालेँ ।

स्थानीय सुरक्षा निकायले २०५९ साल साउनदेखि नै मेरो बारेमा नकारात्मक धारणा राख्न थालेको थियो । त्यस बेला म *स्वाधीन सम्बाद* साप्ताहिकको कार्यकारी सम्पादक थिएँ ।

झापाको चारआली स्थिति ब्यारेकमा तीन जना विद्रोहीहरू मारिएका थिए । तीमध्ये देवकुमार आचार्य शनिश्चरे ८ मा पक्रिएका थिए । शंकर घिमिरे २७ दिन पहिले शान्तिनगरमा पक्रिएका थिए भने खगेन्द्र दंगाल दुई दिन पहिले पक्राउ परेका थिए । सेनाले यो हत्यालाई मुठभेड भनेर सार्वजनिक गऱ्यो । मैले त्यस घटनाका सबै विवरण सार्वजनिक गरेपछि तत्कालीन गणपति देवेन्द्र मेघासीले मलाई पक्राउ गर्न सेना पठाए । म अन्यत्र गई जोगिएँ ।

त्यो घटनाको ७ दिनपछि अर्थात् साउन १४ गते खोजतलासको कार्वाहीमा चुलाचुली क्षेत्रमा माओवादीका अर्का नेता छविलाल आचार्य (अणु) मारिएको समाचार सेनाले सार्वजनिक गऱ्यो । तर वास्तविकता बेग्लै थियो । मैले छविलाल पक्राउ परेको मिति र प्रत्यक्षदर्शीलाई उद्धृत गरी समाचार पठाएँ । समाचार छापिएपछि म झापामा सुरक्षित हुनसक्ने अवस्था रहेन ।

जिल्लामा बस्ने वातावरण बनाउनका लागि मैले राष्ट्रिय मानवअधिकार आयोग र इन्सेकसँग सम्पर्क गरें । मानवअधिकार आयोगले ती घटनाहरू अध्ययनका लागि हिमाल पाक्षिकका किरण नेपालको नेतृत्वमा एउटा टोली झापा पठायो । म पनि टोलीसँगै सेनाको गणमा पुगें । घटना अन्तर्राष्ट्रिय मानवीय कानुन विपरित भएको ठहर भएपछि मलाई सेनाले तत्काल केही गर्न सकेन ।

# १६ राजमार्गमा भीडन्तको फोटो खिच्न जाँदा

*किरण पाण्डे, काठमाडौं*

द्वन्द्वको समाचार सङ्कलन गर्ने क्रममा समाचार दाताहरू भन्दा फोटो पत्रकारहरूले बढी खतराको सामना गर्नुपर्ने हुन्छ । किनकि फोटो खिच्न घटना स्थलमा नै जानुपर्ने हुन्छ ।

२०६१ माघ १९ लगत्तै माओवादीले १० दिने उपत्यका बन्दको आव्हान गरेका थिए । नाकाबन्दीका कारण उपत्यकामा दैनिक उपभोग्य वस्तुको अभाव त छँदै थियो, बस पनि नचल्दा मानिसहरूलाई दुःख भइरहेको थियो । पृथ्वी राजमार्गमा सेनाले एस्कर्ट गरेर ल्याएका सवारी साधनबाहेक अरू चल्न सकेका थिएनन् ।

राजमार्गको स्थितिको फोटो रिपोर्टिङ गर्नु, खासगरी माओवादीद्वारा मौवा खोलामा जिउँदो राँगासहित जलाइएको ट्रकहरूको तस्बिर खिच्नु र राजमार्गमा नाकाबन्दीबाट प्रभावित अन्य सामग्री खोज्नु हाम्रो उद्देश्य थियो ।

फागुन ८ गते दिउँसो साढे बाह्र बजेतिर हामी तीन जना फोटोपत्रकार काठमाडौंबाट मोटरसाइकलमा हिड्यौं । बन्द र आतङ्कको प्रत्यक्ष अनुभव गर्न पाइने भएकाले म अलि बढी नै उत्साहित थिएँ । थानकोटबाट तल झरेदेखि नै मैले क्यामरा चलाउन थालें । बन्दको प्रभाव र त्यसबाट भएका क्षतिसम्बन्धी तस्बिर खिच्न थालें । सुरक्षाकर्मीलाई परिचयपत्र देखाउँदै आफ्नो गन्तव्य छिचोल्दै हामी अगाडि बढ्यौं ।

बेनीघाटभन्दा चार किलोमिटर यता केही मानिसहरू हतास बसेको देखेर हामी अलि झस्क्यौं । "अगाडि चरौंदी बजारमा सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भीडन्त भैरहेको छ । तपाईंहरू अगाडि नजानुहोस्" उनीहरूले भने । त्यो भीडन्त कस्तो होला भन्ने खुलदुली लाग्यो । फोटोपत्रकारको हैसियतले खतरा मोलेरै भए पनि त्यहाँ पुग्न र तस्बिर

खिच्नुपर्छ भन्ने मलाई लाग्यो । त्यसैले हामी अघि बढ्यौं । तर चरौंदी बजारभन्दा ५ किलोमिटर वरै बेनिघाट बजारमा पुग्दा हामीलाई सुरक्षाकर्मीले रोके । हामी अन्यौलमा केहीबेर त्यहीं रोकियौं ।

त्यतिकैमा सेनाको हेलिकोप्टरले आकाशबाट गोली बर्साएको पनि सुनियो, जुन निकै अत्यासलाग्दो थियो । तत्काल त्यहाँ ल्याइपुऱ्याइएका दुई जना घाइतेको तस्बिर खिच्दैगर्दा भीडन्त रोकिएको समाचार पनि आयो । सुरक्षाकर्मीहरूसँग आफ्नो सुरक्षा आफैं गर्ने बताएर हामी त्यहाँबाट भीडन्तस्थलतिर अघि बढ्यौं ।

सुरक्षाकर्मीको अनुमति लिएर राजमार्ग यत्रतत्र फालिएका सकेट बम, घाइते, गोलीले प्वालैप्वाल पारेका वरिपरिका घर र ध्वस्त गाडीहरूको तस्बिर खिच्यौं । भारतीय मूलका एकजना ड्राइभर माओवादीको गोलीले मारिएका थिए । त्यो भयावह दृश्यलाई क्यामेरामा बन्द गरेपछि मुगलिनतिर बढ्यौं । तर मौवा खोलाभन्दा झण्डै एक किलोमिटर पर राजमार्गको माथिल्लो पट्टि रहेको जंगलबाट माओवादीहरूले फायरिङ गरेको सुनियो ।

फायरिङको आवाज सुन्दासुन्दै पनि त्यसको वास्ता नगरी गन्तव्यतिर अघि बढ्दै थियौं । तर मोटरसाइकलको गति केही कम भने गरिसकेका थियौं । अगाडि बढ्दा थप खतरा हुनसक्ने अनुमान हामीले गरेका थियौं । पुनः केहीबेरमै फायरिङ भयो । हामी अत्तालियौं र के गर्ने भनेर सल्लाह गर्दै थियौं । हाम्रो अघिल्तिर ठूलो आवाजसहित बम पड्क्यो । त्यसबाट आगोको झिल्का निस्केको देखियो । त्यो फायरिङ हामीलाई त्यहाँबाट अगाडि नबढ्न माओवादीले चेतावनी दिएको होला भन्ने अनुमान गरी हामी अत्तालिँदै त्यहाँबाट फर्क्यौं ।

# १७ प्रहरी हिरासतमा चरम यातना

*अम्बिका भण्डारी, धनकुटा*

**राती** डिएसपी गुप्तबहादुर श्रेष्ठ र प्रहरी निरीक्षक रमेश कार्कीको नेतृत्वमा रहेको टोलीले मलाई एक डेढ घण्टाजति पाइप र भाटाले हिर्काए । केहीबेरपछि भुइँमा लडाएर बुटले शरीरभरी हिर्काउन थाले । मैले बेस्सरी जिउ फुलाएर पीडा कम गर्ने प्रयास गरेँ । मुखबाट रगत आउन थालेपछि मलाई पिट्न छाडे ।

२०५८ साल पुस १ गते बेलुका धनकुटा नगरपालिका वडा नं ७ जिरो प्वाइन्टमा आफ्नै कोठाबाट प्रहरीले मलाई पक्रेको थियो । जिल्ला प्रहरी कार्यालयमा पुऱ्याएर पत्रपत्रिकामा प्रकाशित भएका केही समाचारको विषयमा मलाई सोधियो । त्यसपछि माओवादी पार्टीमा रहेका आफन्त पर्ने व्यक्तिहरूको विषयमा सोधेर मलाई यातना दिन थालियो ।

मध्यरातमा मलाई जि.प्र.का.को दोस्रो तलामा रहेको स्टोर अगाडिको कोठामा राखियो । म त्यसबेला पीडाले अर्धचेत अवस्थामा थिएँ । पक्राउ परेदेखि नै हातमा हत्कडी र आँखामा पट्टी बाँधिएको थियो । जाडोको महिना, कोठा साह्रै चिसो थियो । ओछ्याउने कुरा थिएन ।

बिहान ब्युँझँदा म काँपिरहेको थिएँ । जिउ थिलथिलो भएको थियो । त्यसमाथि चिसोले गर्दा म उठ्नै नसक्ने अवस्थामा थिएँ । दिशा–पिसाबले निकै च्यापेपछि मैले चर्पी जानका लागि कराएँ । झ्यालढोका सबै बन्द हुनाले आवाज बाहिर जाँदैनथ्यो । एक घण्टाभन्दा धेरै बेरसम्म झ्याल छेउ गएर चिच्याएपछि बल्ल एकजना प्रहरी आए ।

भित्र आएर अश्लील गाली गर्दै हप्काए । मैले 'सर ट्वाइलेट जानुपर्ने भो' मात्र के भनेको थिएँ उनले मेरो शरीरमाथि बुट बजारिहाले । त्यसपछि चुप लागेर बस् भन्दै फोहोर गाली गर्दै उनी बाहिरिए । हातमा हत्कडी र आँखामा पट्टी बाँधिएको हुनाले म केही देख्न र गर्न सक्दिनथेँ ।

दिसाले च्यापेपछि म फेरि कराएँ । अर्को प्रहरी आयो र 'ए साला माओवादी किन कराउँछस् ?' भन्दै छेउमा राखिएको पाइपले मलाई हिर्कायो । धेरै आग्रह गरेपछि बल्लतल्ल चर्पीमा पुऱ्यायो । तर, चर्पीमा पस्दा पनि आँखाको पट्टी खोलिएन । प्रहरीले चर्पी लैजाँदा र ल्याउँदा भने कुटपिट गरेन । चर्पीबाट फर्केर थुनिएको कोठामा पुगेपछि मेरो आँखामा बाँधेको पट्टी केही खुकुलो पारिदिँदै ती प्रहरीले भने, "भाइ तपाइँ त कस्तो मान्छे ? पढेलेखेर पनि पुलिस यस्तै हुन्छ भन्ने थाहा पाउनु भएको थिएन ? पहिल्यै किन नभाग्नु भएको ?" मैले कानुन विपरीत कुनै काम नगरेकोले नभागेको बताएँ । उनले राम्रो व्यवहार गरे । पाँच छ दिन एक्लै हिरासतमा बस्दा अरू कुनै प्रहरीले पनि त्यस्तो राम्रो व्यवहार गरेन ।

प्रमुख जिल्ला अधिकारी र प्रहरी नायव उपरीक्षक दुबैले मलाई अरू बन्दीहरूलाई नदेखाउन आदेश दिएका रहेछन् । चर्पी भएको ठाउँ नजिक अरू बन्दीहरूलाई राखिएको थियो । यसैले चर्पीमा हत्तपत्त लैजान्नथे र लगेपनि कैयौँ पटक पिटाइ खानुपर्थ्यो । अरू बन्दीहरूले मलाई नचिनुन् र मैले अरूलाई देख्न नसकुँ भनेर चर्पीमा लैजाँदा पनि पट्टी खोलिन्नथ्यो । पट्टी र हत्कडी नै नखोलिदिँदा दिशा गर्न गाह्रो हुन्थ्यो । त्यसबाहेक कोठाभित्रै आँखामा पट्टी बाँधेर भुइँमा पल्टाएर दिनमा २५–३० पटक अज्ञात मानिसको बज्रमुक्का खानुपर्थ्यो । राती 'ए यसलाई पर लगेर गोली ठोक्नुपर्छ' भनेको सुनिन्थ्यो ।

पुस २ गते बेलुका डीएसपी गुप्तबहादुर श्रेष्ठ र इन्स्पेक्टर रमेश कार्की मलाई सोधपुछ गर्न आए । झण्डै एकघण्टा समाचारका स्रोत र माओवादीका विषयमा सोधपुछ गर्दा पनि मबाट कुनै सूचना पाउन नसकेपछि बयान ढाँटेको भन्दै मलाई पिटे । त्यसपछि डिएसपीले मलाई तीन दिनसम्म पानी पनि खान नदिनु भन्ने आदेश दिए । मैले पनि आफू उनीहरूकै कब्जामा भएकाले गल्ती गरेको भए कानुनअनुसार कारवाही गर्न चुनौती दिएँ । डिएसपी श्रेष्ठले 'कानुनअनुसार होइन, मानवीय नाताले मात्र यसो गर्न आदेश दिएको हो, कानुन अनुसार भए गोली ठोक्दा पनि मलाई कसैले केही गर्न सक्तैन' भन्ने फूर्ती लाए ।

'हेर भाइ, तँ निर्दोष होलास् । तर, माओवादीले यत्तिका संवैधानिक हक र अधिकार पाउँदापाउँदै पनि बन्दुक उठाएर व्यक्ति हत्या र अपराधिक गतिविधि गरेका छन् । निहत्था र निर्दोष मानिसहरूलाई मारेर कैयौं चेलीहरूको सिन्दुर पुछेका छन् । माओवादीले गरेका गल्ती र कानुनी अपराधको सजायका लागि तँ पनि परिवन्दमा परिस् । त्यसैले प्रयाश्चित गर्' भन्दै उनी निस्के । मलाई तीन दिनसम्म खान र पानी नदिने भनिए पनि पक्राउ गरेको पाँच दिनसम्म केही खान दिइएन । खानपीन बन्द, हातमा हत्कडी, आँखामा पट्टी अनि चिसो भुइँमा लडाएर जथाभावी पिट्ने गर्नाले ममा बाँच्ने आशा हराइसकेको थियो । मलाई मनपरी प्रश्नहरू सोध्दै जिप्रकाका एक सयभन्दा बढी प्रहरीहरूले पिटे होलान् । उनीहरूले 'यो त कस्तो ज्याद्रो रहेछ, केही

नभन्ने कसम खाएको छ कि क्याहो' भन्दै पिट्थे । स्टोरमा सामान झिक्न भनेर आउने २५-३० जना प्रहरीहरूले प्रत्येक दिन मलाई कुनै न कुनै प्रश्न सोधेर पिट्ने गर्थे ।

एक रात म सुतिरहेको बेला एक जना प्रहरी आयो । त्यसबेला मैले हात पछाडि लगेर लगाएको हत्कडी खुट्टामुनिबाट अगाडि ल्याएको थिएँ । यो त भाग्छ कि क्या हो ? भन्दै खुट्टामा नेल लगाउन तम्सियो । तर, त्यसदिन ड्युटीमा खटिएका असईले त्यसो गर्न दिएनन् । मेरो हातमा लगाइएको हत्कडीबाट सिक्री टेवुलमा लगी बाँधियो । खाना र पानी नपाएपछि म बारम्बार खाना मागिरहन्थेँ । केही खान नपाएपछि चर्पीमा दिशा गर्न जाँदा बट्टामा राखेको पानी खाएर प्राण धान्ने कोशिस गरेँ । पाँच दिनसम्म खान नदिएपछि ५ गते मैले टेवुलमाथि राखिएको जिप्रकाको लेटर प्याडबाट दुई पाना च्यातेर खाएको थिएँ ।

पुस ५ गते बेलुका डिएसपी र इन्सपेक्टर आएर पुरानै प्रश्न सोधे । उनीहरूले माओवादीहरूसँग सम्बन्धित समाचारका स्रोत र आफूले चिनेका माओवादी नेता कार्यकर्ताहरूबारे जोड दिएर सोधे । नयाँ सूचना केही नपाएपछि त्यसदिन खाना दिने आदेश दिए । तर खाना सकिएको भनेर त्यसदिन चिया बाहेक केही खान दिइएन ।

मेरो वास्तविकता बुझेर नै होला पछि प्रहरीहरूले पनि केही नरम व्यवहार गर्न थाले । मसँग उनीहरूले खानतलासी गर्दा नभेटेको पैसा थियो । मैले त्यही पैसाले बिस्कुट किनेर ल्याउन लगाएँ । मैले चर्पीमा गएर त्यो बिस्कुट खाएँ । तर मेरो घाँटीको भित्रपट्टि घाउ भइसकेकाले सबै खान सकिन । बेलुका एउटा कम्मल दिए । त्यसैमा गुटमुटिएर सुतेँ ।

पुस ६ गते दिउँसो २ बजेपछि मात्रै खाना दिइयो । बडो मुस्किलले खाना निलेँ । बेलुका मलाई अरू बन्दीहरूसँगै राखे । अनि मलाई अब बेपत्ता पार्दैन भन्ने विश्वास भयो । आठ-दश जना जसोतसो अट्ने कोठामा २७ बन्दीहरूसँग मलाई राखिएको थियो । एकजनाको खुट्टा अर्काको खुट्टामाथि राखेर सुत्दा पनि ठाउँ पुग्दैनथ्यो । प्रहरीलाई मन लागेको बेलामा मात्र चर्पी जान दिइन्थ्यो । कोठाभित्रै पिसाप गर्ने भाँडा थियो । कहिलेकाहीँ त राति कोठाभित्रै प्लाष्टिकमा दिशा गर्नुपर्थ्यो । दिनहुँ प्रहरीले बन्दीहरूलाई दिने गरेका यातनाको चित्कारले भात खान सकिँदैनथ्यो । झण्डै दुई महिनासम्म पेट भरी खाना दिइएन । त्यहाँबाट रिहा भएका मानिसहरूले त्यहाँ भोग्नु परेका कष्ट र समस्या पत्रपत्रिकामा प्रकाशित हुन थालेपछि त्यहाँ केही सुधार आयो ।

माओवादीले कुनै ठाउँमा ठूलो आक्रमण गर्‍यो भने पनि हाम्रो न्यूनतम् सुविधा कटौती गरिन्थ्यो । आतङ्ककारी ऐन लगाएर ९० दिनसम्म थुन्न पाउने व्यवस्था भए पनि ९० दिनपछि रिहा गरिएको र ४-५ दिनपछि पुनः पक्रेर ल्याएको व्यहोराको कागजमा सही गराइन्थ्यो । बन्दीहरूलाई बेलाबेलामा बाहिर निकालेर पिटिन्थ्यो ।

२०५९ जेठमा र भदौमा हिरासतबाट पत्रिकामा समाचार पठाएको रिस फेर्न प्रहरी निरीक्षक कृष्णप्यारा खरेल र सहायक निरीक्षक हरेराम थापाको नेतृत्वमा रहेको टोलीले मलाई आँखामा पट्टी र हातमा हत्कडी लगाएर अज्ञात स्थानमा लगी पिटे ।

अन्तर्राष्ट्रिय रेडक्रस (आईसीआरसी) का प्रतिनिधिहरू बन्दी भेट्न आउँदा ३० जना बन्दीहरूलाई गोदाममा लगेर लुकाइएको थियो । बन्दीका घरपरिवारका सदस्यहरूलाई समेत धम्काउने, त्रसित पार्ने तथा भेट्न नदिने जस्ता काम गरिन्थ्यो ।

मलाई पटक पटक रिहा गर्ने आश्वासन दिएता पनि स्थानीय पत्रकारहरूको खासै पहल नहुनाले रिहाइमा ढिलाइ भएको थियो । अझ एक–दुई जना स्थानीय पत्रकारहरू त म विरुद्ध नै लागिपरेका थिए । राजनीतिक दलहरूले समेत आफ्नो झण्डा बोक्ने कार्यकर्ताहरूलाई मात्र रिहा गर्ने पहल गर्थे । पार्टीको टिकट काटेमा रिहा गर्ने सम्मको लोभ स्थानीय नेताहरूले देखाउँथे ।

मेरोतर्फबाट अदालतमा बन्दी प्रत्यक्षीकरण निवेदन दिने तयारी भइरहेका बेला स्थानीय प्रशासन मलाई विनाशर्त छाड्न बाध्य भयो । २०६० बैशाख ५ गते रिहा भएपछि मलाई प्रहरीले दुई वटा तारेख दियो । तारेख नसकिँदै मैले यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) को सहयोगमा यातना सम्बन्धी क्षतिपूर्ति मुद्दा दिएँ । मुद्दा फिर्ता गराउन दबाब आए पनि मैले मानिन । अदालतमा वारेसनामाबाट तारिख बुझाएँ । सुरक्षाको राम्रो प्रत्याभूति नभएपछि २०६० असारदेखि मैले धनकुटा छाडेर विराटनगर बसी पत्रकारिता गर्न थालेँ ।

यातना दिने प्रहरी निरीक्षक रमेश कार्कीले उनका विरुद्ध किटानी जाहेर मुद्दा दिएको रिसमा २०६१ वैशाखमा हप्कीदप्की गरे । उनले सादा पोसाकका सुरक्षाकर्मी खटाएर पिछा गराए । पछि मैले बेलबारीमा बसेर विराटनगरबाट प्रकाशित हुने दर्शन दैनिकको लागि गर्दै आएको काम नै छाडिदिएँ ।

जिल्ला अदालत धनकुटाले २०६१ माघ ४ गते मलाई रु. बीस हजार क्षतिपूर्ति दिनुपर्ने फैसला गर्‍यो । २०६१ फागुनदेखि साउनसम्म विराटनगर छाडी काठमाडौंमा नै बसेर पत्रकारिता गरेँ । हाल इनरुवाबाट नेपाल समाचारपत्रमा काम गर्दै आएको छु । क्षतिपूर्तिको रकम पाएको छैन । हिरासतमा बसेको बेलामा मैले भोगेका शारीरिक र मानसिक यातनाले गर्दा मैले पत्रकारिता पेशामा लाग्न गाह्रो भएको छ । यसको क्षतिपूर्ति कसले र कसरी गर्ला ?

# १८ माओवादीको पाहुना हुँदा

ऋषिराम पौडेल, सिन्धुपाल्चोक

**एक** जना माओवादी कार्यकर्ताले पत्रकार सम्मेलन गर्दैछौं भनेर मलाई टेलिफोनबाट निम्त्याए । उनले एउटा गहकिलो समाचार पाउने आशा देखाए । तर अरू पत्रकारसँग बुझ्दा कसैलाई पनि डाकेका रहेनछन् ।

यो २०५९ साल पुसको घटना हो । म सिन्धुपाल्चोकको सदरमुकाम चौतारा बस्थें । सुरक्षाकर्मीले पत्रकारको दैनिक काममा समेत निगरानी राख्ने गर्थे । कसैले नक्कली माओवादी बनेर षड्यन्त्र गरेको हो कि भन्ने पनि लाग्यो । दुबैतिरको डर हुँदाहुँदै पनि गहकिलो समाचार पाउने लोभले म उनीहरूले लिन आउने भनेको ठाउँ लिसंखु गाविसको बाफलतिर लागेँ । हिँडनुअघि एक जना आफन्तलाई आफू जान लागेको ठाउँ र काम बताएँ ।

चौताराबाट दोलालघाट हुँदै म अरनिको राजमार्गको चेहेरे पुगेँ । त्यहाँबाट वाफल जाने कच्ची सडक थियो । त्यो बाटोमा एउटा बस र एउटा ट्रकमात्र चल्थ्यो । म ट्रकमा चढेँ । मनमा अनेक कुरा खेल्न थाले । बाटोमा माओवादीहरूको ठूलै समूह लिसंखुतिर लागेको थाहा पाएँ । ठोकर्पा गाविसको मिलडाँडामा पुगेपछि टेलिफोन बुथको अपरेटर मलाई हेर्दै हाँसे । उनले हातको इसाराले ‘वाफलतिर जाने हो ?‘ भनेर सोधे । मैले मुन्टो हल्लाएर हो भनेँ । मेरो ससुराली पनि ठोकर्पा भएकोले उनले त्यतै हिँडेको भनेर सोधेका होलान् भन्ने लाग्यो ।

बेलुकी ५:३० बजेतिर सिन्धुपाल्चोक र काभ्रेको सीमानामा पर्ने वाफलमा पुगेँ । त्यहाँ चारपाँच जना माओवादी देखेँ । तीमध्ये मलाई फोनमा खबर गर्ने सिसन पनि रहेछन् । परिचयपछि चिया खायौँ । जाडो महिना छोटो दिन, झमक्कै साँझ परिसकेको थियो । उनीहरू त्यहाँ निर्धक्क भएर खाने र हिँड्डुल गर्ने गरेको देखेँ ।

वाफलबाट अँध्यारोमा झाडी र बुट्यान भएको बाटो १५ मिनेट जति हिँडेपछि गाउँ आयो । माओवादीहरूले काँधमा खाद्यान्नको बोरा

बोकेका थिए । हिँड्दा हिँड्दै एउटा विद्यालय आइपुग्यो । त्यो नारगाउँ रहेछ । करिब ४५ मिनेट जति हिँडेपछि हिँडेको ठाँउ आइपुग्यो ।

एउटी वृद्ध महिलामात्र भएको घरमा बास बस्ने बन्दोबस्त मिलाएको रहेछ । केही महिला छापामार खाना पकाउँदै रहेछन् । हामी माथिल्लो तल्लामा बस्यौँ । माओवादी सेनाको एउटा डफ्फा गाउँमा रहेछ । कमाण्डर हामीसँगै थिए । गाउँ उनीहरूको नियन्त्रणमा थियो । छापामारहरू समूहमा बाँडिएर बेग्लाबेग्लै घरमा बसेका रहेछन् । २०५८ को सङ्कटकाल सुरु हुने बित्तिकै भूमिगत भएका एक जना शिक्षक पनि सँगै थिए । उनीसँग पुरानो चिनजान थियो । उनले आश्वस्त पार्दै भने, "ऋषिजी डराउनु पर्दैन । हामी मरेर पनि तपाईंलाई बचाऔंला ।" मैले हाँस्दै भनेँ, "हैन, त्यस्तो अप्ठेरो लागेको छैन ।"

खाना खाएपछि उनीहरूले मलाई त्यहाँ बोलाउनुको कारण बताए । उनीहरूले रामेछापबाट एक जना सैनिक जवानलाई अपहरण गरेर ल्याएका रहेछन् । उनीहरू ती सैनिकको भनाइ सार्वजनिक गर्न चाहन्थे । २०–२२ वर्षका ती सैनिकसँग परिचय भयो । सिसनले चार पेज लामो विवरण देखाउँदै भने, "यो भनाइ यिनै सैनिकको हो । यो वक्तव्य पत्रिकामा हुबहु छापिदिनु पर्‍यो । त्यतिमात्र होइन, उनकै हस्ताक्षरले लेखेको यो बयानको फोटो नै छाप्नुपर्‍यो । हुँदैन ऋषि दाइ ?"

मैले यसो गर्नु गाह्रो छ भन्दा उनले जोड दिँदै भने, "के को गाह्रो हुनु ? हाम्रो युद्धलाई तपाईंले पनि सहयोग गर्नुपर्‍यो । यो बयान झुट्टा भए उसैलाई सोध्नुस्, हामीले जबरजस्ती यो बयान तयार गरेको होइन ।"

माओवादी कब्जामा परेको सेनाको जवानले कुन मनस्थितिमा बयान दियो होला भन्ने मलाई अडकल थियो । तैपनि औपचारिकतावश मैले सैनिक जवानसँग सोधेँ, "तपाइँ के भन्न चाहनुहुन्छ ? घरमा केही खबर गर्नुपर्छ कि ? माओवादी युद्ध तपाईंलाई कस्तो लाग्छ ?"

मेरा प्रश्नको त्यहाँ कुनै औचित्य थिएन । न त सैनिक जवानको रेडिमेड उत्तरको नै औचित्य थियो । किनकि उनीहरूले सिकाएको कुराभन्दा बढी कुरा आउने सम्भावना थिएन । तैपनि उसले जनमुक्ति सेनाको व्यवहारको तारिफ गर्दै माओवादी कब्जाबाट छुटाउन सञ्चारकर्मी र मानवअधिकारवादीले पहल गरिदिनु पर्‍यो भने । माओवादीले उनको हस्ताक्षर भएको चार पेजको वक्तव्य मलाई दिए ।

झण्डै डेढ बजेसम्म माओवादी आन्दोलन र राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिबारे छलफल भयो । उनीहरू धेरै बोल्थे र आफ्ना कुरा सबै ठिक हुन् भन्ने पुष्टि गराउन खोज्थे । मेरो स्वतन्त्र तर्कको त्यहाँ कुने अर्थ थिएन । त्यसैले मैले थोरै बोलेँ ।

हामी बसेको कोठामा छ सात जना सुत्ने व्यवस्था मिलाइयो । मलाई उनीहरूको नेतासँगै एउटै खाटमा सुताए । राती दिसा पिसाव गर्न बाहिर जानुपरे कोड भाषा बोल्न सिकाए ।

विस्फोटक पदार्थहरूको माझमा सुत्दा आइलाग्न सक्ने खतराको बारेमा मनमा अनेक कुरा खेल्न थाले । राती सेनाले आक्रमण गऱ्यो भने के गर्ने ? शंका, भय र त्रासले निर्धक्क एक निंद सुत्न पनि सकिन ।

माओवादीहरूले भोलिपल्ट पनि बस्नुपर्छ भन्दै थिए । त्यो दिन पूर्वाञ्चलका सेना तथा कार्यकर्ता एकै ठाउँ बसेर भोजखाने योजना रहेछ । खसी, चामल पनि ठिकपारेका रहेछन् । मैले नबस्ने निर्णय गरेँ ।

मेरो बिदाइका लागि सानोतिनो कार्यक्रम राखिएको रहेछ । बारीको पाटामा चारवटा लाइनमा लामबद्ध माओवादीहरूले माला लाएर मेरो सम्मान गरे । फोटो खिचाउन मैले मानिन ।

बिहान ६ः३० बजे त्यहाँबाट म वाफलतिर लागेँ । सिसनसहित दुई जना माओवादीसँगै आए । १०–१५ मिनेट हिँडेपछि पिसाब फेर्ने बहानामा पछि बसेँ र माला फुकालेर ब्यागमा राखेँ । सिसनले माला किन खोल्नु भएको भनी सोधे । बस चढ्ने ठाउँ आउन लागेकोले भनी मैले जवाफ दिएँ । उनीहरूले बस चढाएर मलाई बिदा गरे ।

पछि अपहरित सेनाका जवानले आफूलाई मुक्त गर्न पत्रकार र मानवअधिकारवादीहरूलाई पहल गर्न आग्रह गरेको समाचार कान्तिपुरमार्फत् सार्वजनिक भयो । केही दिनपछि उनी मुक्त भएको सुन्दा खुशी लाग्यो ।

१८

# बंकरभित्र पाँच दिन

*दिपीन राई, झापा*

**२०६१** फागुन १२ गते मेरो माइला भाइको विवाह थियो । म आफ्नो अखबार, मुक्तिआवाज साप्ताहिकको काम सकेर घरायसी काममा जुटेको थिएँ । आमा–बा वृद्ध हुनु भएको र जेठो छोराको नाताले घरको जिम्मा मेरै काँधमा थियो । साँझ भाइको लगन गर्नुपर्ने भएकोले नजिकैको शनिश्चरे बजारमा सामान किन्न गएको थिएँ । दिउँसो डेढ बजेतिर सादापोसाकका सुरक्षाकर्मीहरूले 'तपाईंलाई खोज्दै छौं' भन्दै मलाई पक्रे ।

संकटकाल यता झापा जिल्लामा धेरै पत्रकारहरू पक्राउ परेका थिए । तर नेपाल पत्रकार महासंघका जिल्ला सभापति मौन रहनुभएकोले कोषाध्यक्षको हैसियतले मैले सम्पूर्ण पत्रकार रिहाइको माग गर्दै प्रेस विज्ञप्ति लेखेको थिएँ । विज्ञप्ति मसँगै थियो । पक्राउ परेपछि हतार–हतार त्यो विज्ञप्ति कहाँ राख्ने भन्ने समस्या आयो । सुरक्षाकर्मीलाई एकैछिन है भन्दै एउटा होटलमा पसें र पूजा कोठामा कागज लुकाएँ ।

करिब साढे दुई बजेको थियो । मेरो घरमा कुखुरा, बाख्रा किन्ने निहुँले केही सुरक्षाकर्मीहरू गएका रहेछन् । त्यहाँ मलाई नभेटेपछि उनीहरू बजारमा आएका रहेछन् । उनीहरूले अर्जुनधारास्थित मेरो घर नजिकै गाडी रोकेर राखेका रहेछन् । सेनाको गाडीमा राखेर मलाई पौने चार बजेतिर चारआली ब्यारेकको जवर्जङ गणनजिक पुर्‍याए । ब्यारेकभन्दा एक किलोमिटर वर मेरो आँखामा कालो पट्टि बाँधे । त्यसपछि कता लगे मलाई थाहा भएन । भरे बुझ्दा म त सेनाले खनेको बंकर खाडलमा पो रहेछु । सुरुमा मलाई भरे या भोलि बिहानै छाडिदिन्छौं भनेका थिए । तर भोलिपल्ट सोधपुछको लागि कोही आएन । मलाई राती फेरि सिमेन्टको बंकरमा लगेर राखे ।

१४ गते पौने दुई बजे एकजना सेनाका उच्च अधिकारी आएर मसँग बयान लिए । बयान लिंदा राजाविरोधी काम गरेको भन्दै शाही कदमका

सम्बन्धमा बढी प्रश्नहरू गरियो । माओवादीबारे धेरै कुरा सोधिएन । बयानपछि पुनः बंकरमा राखियो । भोलिपल्ट म साह्रै बिरामी परेँ । रिङटा लाग्यो । मुखबाट रगत आयो । माथि तल दुबैतिरबाट रगतबगेपछि मलाई बाँच्नु भन्दा मर्नु बेस लाग्यो ।

१५ गते फेरि अर्को पटक ब्यारेकका प्रमुख नै बयान लिन आए । त्यसबेला मेरो अवस्था एकदमै नाजुक थियो । रातदिनको ज्वोरोले गर्दा अब बाँच्दिन जस्तो लाग्थ्यो । उनले पनि राजाको विरुद्ध र माओवादीसँग मिलेको प्रश्न गरे । मैले भनेँ, "म राजाको विरुद्धमा लागेको छैन र माओवादीलाई पनि चिन्दिन ।"

१६ गते ११ बजे एकजना सशस्त्र प्रहरीको इन्स्पेक्टर आए । उनले बयान लिनुभन्दा बढी मलाई आरोप लगाउने काम गरे । उनले 'मुलुक बिगार्ने पत्रकार र मानवअधिकारवादी नै हो । माओवादीको रिपोर्टिङ गर्न गइस्, माओवादीसँग तेरो फोटो छ' जस्ता आरोप लगाए । मैले भनेँ, "मैले केही गल्ती गरेको छैन । फोटो खिचेको प्रमाण भए जे जस्तो सजाय भोग्न पनि तयार छु । तर आजकल डिजिटल प्रविधिले चाहेको जस्तो फोटो निस्कन्छ ।"

मैले उनका सबै आरोपको खण्डन गर्दै गएँ । सवा घण्टासम्म मेरो आँखामा कालो पट्टी बाँधेर बयान लिइयो । बयान नसकिएसम्म मेरा आँखाबाट आँसु बगिरह्यो ।

मलाई राखेको बंकरमा तीन खण्ड थिए । हावा खेल्नका लागि दुइटा प्वाल थिए । प्वालबाट पश्चिमतर्फ हेर्दा कर्णेल बस्ने क्वार्टर/बंगला र पूर्वतर्फ तलबाट चियाएर हेर्दा पहरामा बसेको सैनिकको बुटमात्र देखिन्थ्यो । बंकर फोहर थियो । झिंगाभन्दा ठूला लामखुट्टेले रातदिन टोक्थे । रात काट्नै गाह्रो थियो । सुत्न र ओढ्न दिइएको स्लिपिङब्याग मैलो र गन्हाउने थियो । कोठामा लामालामा केश, काइँयो, ब्लेड आदि भेटिन्थे । एक छेउमा सानो सिसीमा राइफलको तेल थियो । बंकरभित्र रगतको गन्ध आउँथ्यो । सुत्न खोज्दा ऐठन लाग्थ्यो र नराम्रा सपना देखिन्थ्यो । खानेकुरा जेजस्तो भएपनि चिसोले गर्दा ज्वरो आउनुका साथै पेट दुःख्न थाल्यो । रगतै दिसा हुन थाल्यो । दिसा, पिसाब गर्न जाँदा पनि गालीमात्र खानुपर्थ्यो । त्यस्तो बंकरमा मैले कष्टकर छ रात बिताएँ ।

१८ गते बिहान निर्वतमान जि.वि.स. सभापति राजेन्द्र लिङदेन, र विवेचना दैनिकका प्रधान सम्पादक नकुल काजीले त्यो दिपीन राई माओवादी हुनसक्दैन भनी जमानी बसेर मलाई छुटाउनुभयो । छुटेपछि दुई साता बिरामी भएर ओछ्यानमा परेँ । चारपल्ट भारतको सिलगुडीमा गएर उपचार गराइसकेको छु । औषधीउपचार चलिरहेको छ ।

यो घटनाको फलस्वरूप विगत ७ वर्षदेखि हरेक मंगलबार प्रकाशित हुँदै आएको मुक्तिआवाज साप्ताहिक पत्रिका बन्द छ । भय र त्रासले गर्दा पत्रिका चलाउने स्थिति छैन । पत्रिकाको आर्थिक स्रोत पनि बन्द भएकोले पत्रिका बन्द भएको हो । सम्पादकहरू, जिल्ला प्रतिनिधि र हकर गरी ३४ जनाको पेशा हराएको छ । प्रेसमा पनि पत्रिका छापेको पैसा तिर्न बाँकी नै छ ।

मानसिक रूपले म यति त्रस्त छु कि अझै पनि सेनालाई देख्दा, ठूलो आवाज आउँदा, नचिनेको व्यक्तिले बोलाउँदा मनमा चिसो हुन्छ । डर लाग्छ । विदेशतिर जान पाए हुन्थ्यो जस्तो लाग्छ । तर बुवाआमा, छोराछोरी र श्रीमतीले गर्दा विदेशिन पनि मन लाग्दैन ।

२०

# माओवादीसँगको एक रात

*किरण ढकाल, पाँचथर*

२०६१ साल माघ अन्तिम साता माओवादीले मेची राजमार्गको रक्से–फिदिम खण्डमा यातायात बन्द गराए । दुई दिनसम्म पनि बाटो नखुलेपछि विर्तामोड, इलामतर्फ आउने सबै यात्रु रक्सेसम्म करिब ४७ किलोमिटर बाटो हिंड्न बाध्य भए । कतैबाट बाटो खोल्न पहल गरिएन । माओवादीले आफै खोलेनन् । सेना जान सकेन ।

त्यसपछि म र एकजना साथी सहित फिदिमबाट ३४ किलोमिटर हिँडेर राँके भञ्ज्याङ पुग्यौँ । त्यहाँ हामीले माओवादीका एरिया सेक्रेटरी भेट्यौँ र बाटो बन्द गरेको कारण सोध्यौँ । सेनाले सामान ओसारपसार गर्छ भनेर बाटो बन्द गरेको कुरा उनले बताए । सेनाले चाहे जसरी भए पनि सामान ओसार्छ । जनताले अनाहकमा दुःख पाए भन्ने तर्क हामीले राख्यौँ । हामीले जोड दिएर भन्यौँ, "तुरुन्त बाटोको ढुङ्गामुढा हटाउन लगाउनुस् । नत्र हामी आफैँ हटाएर गाडी लैजान्छौ ।"

हामीबीच एक छिन तर्क वितर्क भयो । अन्त्यमा उनले हाम्रो कुरा माने र बाटो खोलिदिने भए । "तर बाटो आजैदेखि रक्सेसम्म १३ कि.मी. मात्र खोलिन्छ" उनले भने । तर हामीले रक्सेदेखि फिदिमसम्मको ४७ कि.मी. नै खोल्नुपर्ने अडान लियौं । उनले भने, "आज हाम्रा मानिस र छापामार छैनन् ।"

उनको भनाइपछि हामीले भोलि राँके–फिदिम खण्ड बाटो खोल्ने तर आज राँके–रक्से भनी हिंड्यौं । उनले केही छापामार खटाई बाटो खोल्न लगाए । हामी पनि बाटो खोलिएको हेर्दै राँकेबाट इलामतिर लाग्यौँ ।

रिपोर्टिङको काममा म केही दिन इलाममा बसेँ । माओवादीले विद्यालयको नाम फेरेका थिए । त्यसपछि म माघ २९ गते रिपोर्टिङ गर्दै राँके पुगें । फागुन १ देखि मेची राजमार्ग बन्द भन्दै पम्प्लेट टाँसिएको थियो । फागुन १ देखिको बन्दको लागि माओवादीले गर्न लागेको तयारी

र बन्द कसरी गर्छन् भन्ने प्रत्यक्ष रिपोर्टिङ गर्ने मेरो चाहना थियो । बन्दको गतिविधि कसरी सञ्चालन गर्छन् भन्ने बुझ्नका लागि म राँकेमा माओवादीसँगै बसेँ ।

हामी बस्ने होटलमा ८०–९० जना माओवादी कार्यकर्ता पनि बसेका थिए । उनीहरूले मलाई पनि मिटिङमा बसाले । राती ११ बजे मिटिङ सिद्धियो ।

राती उनीहरूले राँके बजारका सबै व्यापारी र सर्वसाधारणलाई बाटो बन्द गर्ने काममा लगाए । उनीहरूले रूख ढाल्न, बाटोमा ढुङ्गामुढा थुपार्न र बम राख्न थाले ।

एक जना छापामारले आएर मलाई 'दाइ तपाईं पनि जानुपर्‍यो' भन्यो । मैले उसको कुरा मानिन । उसले अरू ३ जना छापामार बोलायो र ४ जना भएर मसँग तर्क गर्न थाल्यो । म पनि उठेर तर्क गर्न थालेँ । तिनीहरूले मलाई 'नगए जे पनि हुनसक्छ' भन्ने धम्की दिए । तर मलाई डर लागेन ।

उसले मलाई हातपात गर्न खोजेपछि मैले भने, "थेवालाई ले अनि जान्छु तँसँग ।" थेवाको नाम सुनेर उ झस्क्यो । अनि बाहिर गयो । केही समयपछि आएर भन्यो, "सर सरी । तपाईंले अघि भन्नुभएको भए हुन्थ्यो ।" मैले एरिया सेक्रेटरी थेवासँग सबै भनेको थिएँ ।

भोलिपल्ट बिहान उठेर म प्रत्यक्ष स्थलगत रिपोर्टिङ गर्न निस्कँे । राँके फिदिम सडक खण्डमा ५० भन्दा बढी ठाउँमा रूख ढालिएको, उत्तिकै अनुपातमा ढुङ्गा थुपारिएको र २० भन्दाबढी ठाउँमा बम राखिएको थियो ।

बिहान राँकेबाट ७ बजे एक्लै त्यो बाटो हिँडेर साँझ पाँच बजे फिदिम पुगेर विभिन्न मिडियामा समाचार पठाएँ । बीबीसीका विराटनगरस्थित सम्वाददाता टंक खनालसँग सम्पर्क गरेँ र समाचार दिएँ । बेलुकी बीबीसीमा समाचार प्रसारित भयो भने भोलिपल्ट राष्ट्रिय दैनिक तथा स्थानीय पत्रपत्रिका पनि समाचार छापियो ।

समाचार प्रसारित र प्रकाशित भएपछि सबै प्रशासनिक निकाय छक्क परे । मलाई प्रहरीबाट सम्पर्क भयो । तपाईं कसरी कहिले जानुभएको थियो भनेर सोधे । मैले आफ्नो कुरा सुनाएँ । त्यसपछि करिब १५ दिन इलाम, फिदिम र ताप्लेजुङ जाने यातायात बन्द भयो । पुनः इलाम र पाँचथरका पत्रकारहरूको संयुक्त प्रयासमा बाटो खोलियो ।

# २१ साथीलाई माओवादीकहाँ छाड्नुपर्दा

*गणेशकुमार कार्की, सुर्खेत*

**जुन** साथीले हामीलाई उत्साहपूर्वक माओवादीहरूको रिपोर्टिङ गर्ने ठाउँमा पुऱ्याए त्यही साथीलाई उनीहरूले आफ्नो नियन्त्रणमा लिएर साथी विहीन भएर फर्कनु पर्दा कस्तो भयो होला ? त्यसमाथि त्यो दुर्गम बाटोको यात्रा जीवनमा बिर्सनै नसकिने छ ।

२०६१ असोज ११ गते नेपाल समाचारपत्रका स्थानीय सम्वाददाता र इन्सेक वर्षपुस्तकका जिल्ला प्रतिनिधि दुर्गा थापाले 'रिपोर्टिङ गर्न माओवादी क्षेत्रमा जान तयार हुनु' भनेपछि उत्साहित हुँदै बोलाएको ठाउँमा पुगेँ । मभन्दा अघि समय साप्ताहिकका देव सुवेदी, कान्तिपुर टेलिभिजनका कमल पन्त, कर्णाली एफएमका रत्नबहादुर शाही र श्रीबहादुर भण्डारी पुगिसक्नुभएको रहेछ । कहाँ जाने र कति बेला हिँड्ने होला भन्ने उत्सुकता थियो । यस अघि मैले माओवादीलाई देखेको थिइन । एक त माओवादी देख्न/भेट्न, पाइने अर्को झन् दुर्गा सरजस्तो हँसिलो मान्छे साथमा हुँदा यात्रा रमाईलो र रोमाञ्चपूर्ण हुने कुरामा ढुक्क थिएँ ।

रिजर्भ गरेको जिपमा ११ बजेतिर हामी बीरेन्द्रनगरदेखि उत्तरतिर लाग्यौँ । भर्खर वर्षा ऋतु सकिएको थियो । कच्ची सडक हिलै हिलो थियो । कतै गाडी चढ्दै कतै धकेल्दै रातानाङलासम्म पुग्यौँ । गाडी त्यहाँबाट अघि बढ्न नसक्ने भएपछि आआफ्ना झोला बोकेर पूर्वतिर हान्नियौँ । पानी पर्न थाल्यो । छाता, रेनकोट जे छ ओढ्यौँ । तर मेरो रेनकोटले पानी थाम्न सकेन । निथ्रुक्कै भिजेँ । एक छिन त हो नि भनेर पानीलाई वास्तै नगरी हिडेँ ।

सुर्खेततिर अलि गर्मी नै भएकाले त्यति न्यानो लुगा लगेको थिइन । लेकको ठाउँ, मुटु छेड्ने चिसो सिरेटोले खत्तमै बनायो । साझँपख

निगालपानी पुगेपछि बास बस्ने निधो गर्‍यौँ । आगो ताप्ने व्यवस्था भएकोले रात सजिलै कट्यो ।

बिहानीपख त्यहाँबाट अगाडि बढ्यौँ । बाटोमा पर्ने भिमचुलामा चिया खायौँ । घरमपोखरा पुग्दा राती ११ बजिसकेको थियो । यहाँसम्म आउँदा पनि एक जना माओवादी भेटिएन । माओवादीको जिल्लास्तरीय कार्यक्रम भएकोले सबै उता गएका रहेछन् भन्ने गाउँलेहरूबाट थाहा भयो । । तर कार्यक्रम कुन ठाउँमा हो भन्ने थाहा पाउन सकिएन ।

माओवादीले चलाएका साना घरेलु उद्योग र श्रम शिविरमा राखिएका बन्दीहरूको रिपोर्टिङ गर्ने आशाले हिँडेका हामी जिल्लास्तरीय कार्यक्रमको पनि रिपोर्टिङ गर्न पाइने भयो भनेर दङ्ग पर्‍यौँ ।

दिउँसो ३ बजेतिर चिंगाड खोलामा पुगियो । त्यहाँ एकजना गाउँ जनसरकार उपप्रमुख भेटिए । उनले पत्रकार भन्ने थाहा पाएपछि हामीलाई पछि लगाए ।

त्यहाँबाट ठाडै उकालो सुरु भयो । त्यति बेलासम्म खुबै जाँगरका साथ हिँडिरहेको थिएँ । तर नाकै छुने ठाडो उकालो देख्दा जाँगर मर्‍यो । तैपनि छक्कै पार्ने समाचार पाउने आश मरेको थिएन । फेरि पानीले चुट्न थाल्यो । मेरा लागि त्यो रेनकोट ओढ्नु र नओढ्नुमा कुनै फरक थिएन ।

म कहिल्यै त्यसरी हिँडेको थिइन । त्यो उकालो मलाई सगरमाथा चढेजस्तै भयो । अरू धेरै अगाडि थिए, म भने धेरै पछाडि थिएँ । मसँगै मेरो उमेरका एकजना छापामार पनि थिए । उनले मलाई आफ्ना क्रान्ति र युद्धका अनुभव सुनाउँदै थिए । तर मेरो चिन्ता उकालो कहिले सकिएला भन्ने थियो । जति हिँडे पनि उकालो सकिने छाँट थिएन । हामीलाई देखेर बाटोछेउका मानिसहरू माओवादी आए भन्दै भाग्थे । भोक र प्यास पनि बढ्दै जान लाग्यो । साथमा खाने पिउने केही थिएन । एउटा घरको छेउमा नास्पाति फलेका थिए । पैसा तिरेर खान्छौँ भन्दा पनि त्यो घरकी दिदीले मरी गए दिइनन् । भोक, प्यास सहेरै हिँड्यौँ । केही नपाएर अन्तमा बाटामा भएका झार उखेल्दै त्यसमा भएको पानीले ओठ भिजाउन थाल्यौँ ।

'अब नजिकै पसल छ, केही खाउँला, पिउँला' भन्दै माओवादीहरूले घण्टौँ हिँडाए । भोक, प्यास र थकाइले सास फुत्कन लाग्यो । बल्लतल्ल पसल आइपुग्यो । त्यहाँ बिस्कुट पाइयो । ओठमुख सुकेको हुँदा बिस्कुट घाँटीबाट तल छिर्न गाह्रो भयो । पानीले निलेँ । बिस्कुट पेटमा पुगेपछि जिउमा प्राण आएजस्तो भयो ।

रात पर्न लागेको थियो । फेरि हिँड्नुपर्ने भयो । 'अब हिँड्ने बाटो नयाँ सत्ताले बनाएको बाटो' भन्दै थिए । त्यति बेलासम्म हामीसँग धेरै माओवादी कार्यकर्ताहरू जम्मा भइसकेका थिए ।

रात छिप्पिँदै जान थाल्यो । खुट्टाको गति क्रमशः कम हुँदै गयो । बाटो भिरालो थियो । बाटोको चौडाइ एक हातजति थियो । सुरक्षाको दृष्टिले होला टर्च बाल्न

निषेध गरिएको थियो । एक कदम बढाएर राम्रोसँग छामछुम गरिसकेपछि मात्र अर्को कदम बढाउनुपर्थ्यो । चिप्लिएर लड्यो भने कहाँ पुगिन्छ थाहा थिएन । पानी परेको हुँदा लड्ने सम्भावना पनि धेरै थियो । हरेक पाइलामा ज्यान जोखिममा थियो । हामीसँग श्रम शिविरका बन्दीहरू पनि थिए । उनीहरूको मुद्दाको फैसला त्यही कार्यक्रममा हुनेरहेछ । बन्दीहरूले त्यो बाटो आफूहरूले खनेको बताउँदै थिए ।

झार समाउँदै सकेसम्म बाटो पछ्याउँदै तल पुग्दासम्म जुका लागेको पत्तै भएन । तल पुगेर थकाई मार्दा जिउमा जता छाम्यो त्यतै जुकामात्र । रगतले मोटाएका जुका टिप्दै फाल्दै थियौँ । एकजना माओवादी आएर रूखो स्वरमा हाम्रो परिचय र आउनुको कारण सोधे । सबै कुरा बताएपछि एकछिन त्यहीँ बस्न भनियो । एकछिन थकाई मार्ने विचारले थुचुक्क बस्दा सिस्नोमा पो बसेछु ।

केही बेरपछि हामीलाई बोलाएर एउटा घरमा लगेर बसालियो । त्यो घरमा चार जना केटाकेटी र एक महिलामात्र रहेछन् । त्यहाँ ओढ्ने ओछ्याउने केही थिएन । न त खाने कुरा नै थियो । एक जनालाई चाउचाउ ल्याउन पैसा दियौँ । दुई घण्टापछि उसले बिस्कुट ल्यायो । तर त्यो बिस्कुट सडेकोले खान सकिएन ।

जसरी भए पनि रात काट्नु थियो । भुँइमा लम्पसार पर्‍यौं । आँखा बन्दमात्र के हुन लागेको थियो सुरु भयो आक्रमण उडुस र उपियाँको । ओल्टी, पल्टी रात कटाइयो । भोक त सहिन्थ्यो । तर उडुस उपियाँ र त्यो जाडोमा धन्न बाँचियो ।

केहीपर स्कुलमा उनीहरूको कार्यक्रम रहेछ । हामीलाई त्यहाँ जान दिइएन । दुई दिन त्यहीँ बसालियो । १५ गतेमात्र हामीलाई त्यहाँ जान दिइयो । चारैतिर उनीहरूकै सेनाको कडा सुरक्षा व्यवस्था थियो । सुर्खेतका जिल्लास्तरीय थुप्रै नेताहरू थिए । एकैचोटी त्यति धेरै नेताहरूलाई भेट्न पाउनु मेरा लागि नौलो अनुभूति थियो ।

केहीबेर कुराकानी गरेपछि हामी हिँड्ने तरखरमा लाग्दैथियौँ अचानक उनीहरूले 'दुर्गा थापालाई २५ दिनसम्म यही राख्छौँ, तपाईंहरू फर्कनुहोस्' भने । उनीहरूको आदेश सुनेर हामी छाँगाबाट खसेझैँ भयौँ । हामीले निकै प्रतिवाद गर्‍यौँ । तर हाम्रो सुनुवाइ भएन । हामीलाई उहाँसँग जम्मा पाँच मिनेट कुरा गर्न दिए । त्यसपछि हामीलाई जान भनियो । बाटो देखाउनका लागि उनीहरूले एक जना कार्यकर्तालाई हामीसँग खटाए ।

दिउँसो तीन बजेतिर हामी त्यहाँबाट फर्क्यौं । साथीलाई छोडेर आउँदाको पीडाले हामीलाई बाटोको दुःखकष्ट, भोक प्यास, जाडो वर्षा कुनै कुराको हेक्का भएन ।

# २२ कहाली लाग्दो त्यो क्षण

*युवराज पुरी, सिन्धुपाल्चोक*

**भदौ २१,** २०६० साल, समय त्यस्तै साढे चार भएको थियो । त्यो दिन मैले आफ्ना आँखाले जुन दृष्य देखैं त्यो मेरो मनले विश्वासै गर्न सकेन । पाँच मिनेटअघि मात्र टाउको काटिएको मानव शरीरको रगत बगिरहेको शरीर मेरो अगाडि थियो । यो कुनै फिल्मको दृश्य थिएन । मेरा मित्र ज्ञानेन्द्र खडकाको हात बाँधेर टाउको पुरै नछिनेको, जिउको घाँटीबाट रगत बगिरहेको दृश्य थियो यो ।

मेरो आफ्नै आँखाले जुन दृश्य देखिरहेको थियो त्यही दृश्यलाई मस्तिष्कले विश्वास गर्न सकिरहेको थिएन । करिब पाँच मिनेट अघि काटिएको रक्ताम्य शरीर ! कुनै चलचित्रको पर्दामा अडिएको एउटा दृश्यजस्तो थियो । त्यतिबेला म हिमालय टाइम्स र क्लासिक एफएमको सिन्धुपाल्चोक सम्वाददाताका साथै प्राथमिक विद्यालयको शिक्षक पनि थिएँ । त्यसदिन पनि म आफ्नो विद्यालयबाट फर्कंदै थिएँ । गोल्मस्थान आएपछि एक जना वृद्धले पत्याउनै नसक्ने एउटा गम्भीर कुरा सुनाए । "ज्ञानेन्द्र मारियो........।" तर उनको कुरा मैले विश्वास गर्न सकिन ।

तर पाँच सय मिटर पर नपुग्दै देखिएको दृश्यले मलाई स्तब्धमात्र तुल्याएन आक्रोश, कर्तव्यबोध र त्रास सबैले एकपटक झस्कायो । ज्ञानेन्द्रको मृत शरीरलाई श्रदाञ्जलीको दुई थोपा आँसु चढाउँदै त्यहाँबाट अघि बढ्नुभन्दा मसँग विकल्प थिएन ।

उहाँको घरमा पुगैं, उहाँकी श्रीमती, छोराछोरी र दाजु बेहोस अवस्थामा थिए । त्यहाँ उनीहरूलाई सम्हाल्नु आवश्यक थियो । तर मलाई त्यसो गरेर बस्नु मेरो कर्तव्यले दिएन । स्थानीय साथीहरूलाई उनीहरूलाई सम्हाल्ने जिम्मा लगाएर म मेलम्ची झरैं । मेलम्ची पुगेर आफूले काम गरिरहेको सञ्चार माध्यमलाई समाचार पठाएँ । त्यसपछि स्थानीय सञ्चारकर्मी र नेपाल पत्रकार महासंघ सिन्धुपाल्चोकलाई घटनाको जानकारी दिएँ ।

थकित शरीर, सुस्ताएको मनस्थिति र गह्रौं मन लिएर म उँभो, ज्यामिरेको डाँडातर्फ लागेँ । घर पुगेर खाना नखाई निदाउने प्रयास गरेँ । तर आँखाभरी ज्ञानेन्द्रको बाँधिएको अवस्थामा घाँटी छिनाएको शरीरले मलाई झस्काइरह्यो । ननिदाइकनै रात बित्यो ।

बिहान क्यामेरा बोकेर पुनः घटनास्थलमा गएँ । मृत शरीर पहिलेकै हत्या गरिएकै स्थितिमा थियो । फोटो खिचें । आज पनि मैले त्यो दृश्य सम्झँदा आङ सिरिङ्ग हुन्छ । फोटो सञ्चार माध्यममा प्रकाशित भएपछि माओवादीले मलाई ज्यान मार्ने धम्की दिए । शिक्षकको जागिरसमेत छाड्नुपऱ्यो । तर म आफ्नो कर्तव्यबाट भने विचलित भइन ।

# २३ माओवादीसँग पहिलो जम्काभेट

*आनन्द गौतम, ताप्लेजुङ*

**यसलाई** साहस भन्ने कि दुस्साहस ! तर विद्रोहीहरूसँग पहिलो जम्काभेट भएर फर्कंदा मैले कालको मुखबाट फर्केको अनुभव गरेँ । यो यात्रा सफल र खतरारहित हुने कुरामा पहिले नै शंका थियो । माओवादीहरूसँग मेरो भेटघाट भएको थिएन । उनीहरूको व्यवहार कस्तो होला भन्ने अडकल नै थिएन । अनि उनीहरूसँग कसरी कुराकानी गर्ने भन्ने थाहै थिएन ।

२०५८ साल असोज महिनाको विजयादशमीको अवसर थियो । स्पेसटाइमका काठमाडौंस्थित सम्वाददाता भोजराजभाटसँग दशैंको समयमा ताप्लेजुङ्ग जिल्लाको उत्तरी हिमाली क्षेत्रमा घुम्न जाने सल्लाह भएको थियो । महानवमीका दिन भोजराजजी सदरमुकाम फुङलिङ्ग पुग्नुभयो । उहाँलाई होटलमा राखेर दशैं मनाउन म घर गएँ ।

गाउँतिर माओवादीहरूको गतिविधि बढेको थियो । म स्पेसटाइमको साथै रेडियो नेपालको पनि सम्वाददाता भएकोले गाउँमा जानु खतरा थियो । त्यसैले दशैंको बेलामा घरबाट मलाई गाउँमा जान दिनु सम्भव थिएन । मैले गाउँ जाने कार्यक्रमबारे कसैलाई भनिन । आमाबाको हातबाट दशमीको टिका लाएर म फुङलिङ फर्कें । त्यहाँबाट हामी आफ्नो लक्ष्यतिर लाग्यौँ । दुई हप्ता हिमाली क्षेत्रको भ्रमण गर्ने हाम्रो कार्यक्रम थियो । हिमाली क्षेत्र पुग्नुभन्दा पहिले बीच बाटामा पर्ने क्षेत्र माओवादीको अत्यन्तै प्रभावित क्षेत्र मानिन्थ्यो । हाम्रो पहिलो बास हाङदेवा गाउँमा भयो । त्यहाँ हामी ठूलीआमा पर्नेको घरमा बसेका थियौँ । गाउँतिर माओवादी गतिविधि बढेको हुनाले उहाँहरूले हामीलाई गाउँतिर नजान धेरै पटक आग्रह गर्नु भयो । तर उहाँहरूको आग्रहलाई बेवास्ता गर्दै गाउँतिर

गएको खबर घरमा सुनाइ दिनु भनेर हामी एकादशीका दिन बिहान पाँचै बजे लेलेपतिर लाग्यौँ । बिहानबिहान सुरक्षा सेनाले गस्ती र सर्च गर्ने रहेछ । यसैले बिहानको समयमा माओवादीहरूको गतिविधि नहुने रहेछ । उनीहरू बाटोको अवस्था बुझेर मात्रै दिउँसोतिर मूल सडकमा निस्कने रहेछन् । त्यसैले ढुक्कसँग बाटो काट्यौँ । बाटोमा पर्ने घुन्सा र ओलाङचुङगोला हुँदै साँझ हामी लेलेप पुग्यौँ र त्यहीँ बास बस्ने व्यवस्था मिलायौँ ।

लेलेप गाविसमा के क्याप (K Cap) को कार्यालय छ । पहिले हामी त्यहाँ गयौँ र समाचार सङ्कलन गऱ्यौँ । त्यसपछि लेलेप गाविस अध्यक्ष ग्याजु भोटियाका घरमा पुग्यौँ । हामी उहाँसँग कुराकानी गरिरहेका थियौँ । त्यही बेला सशस्त्र विद्रोहीको एउटा समूहले घर घेरा हाल्यो । घरभित्रबाट निस्कँदा मलाई विद्रोहीहरूले घेरे र केरकार गर्न थाले । मलाई सोधपुछ गर्नेहरू माओवादीका एरिया सेक्रेटरी र सहायक सेक्रटरी क्रमशः सुमन र लक्ष्मी रहेछन् । उनीहरूले सोधपुछ गरिरहेकै बेला भोजराजजी बाहिर निस्केर सरासर चर्पीतिर जानुभयो ।

यो स्थिति निक्कै खतरनाक थियो । किनभने भोजराजजी पश्चिमतिरको हुनुहुन्छ । उहाँलाई विद्रोहीहरूले चिनेका पनि थिएनन् । यसैले उहाँलाई सुरक्षा निकायको मानिस भन्ने शंका गरेछन् । उनीहरूले मलाई मानव ढालको रूपमा चर्पीतिर राखेर उनीहरू मेरो पछाडि उभिएर सुरक्षित हुन खोजे । भोजराजजी चर्पीबाट फर्केपछि स्थिति स्पष्ट भयो । उनीहरूले हामीलाई के क्यापको अफिसमा लगेर बयान लिन थाले ।

राती बाह्र बज्यो तर बयान सकिएन । दिनभरिको हिँडाइले हामी साह्रै थाकेका थियौँ । तर उनीहरू हामीलाई छाड्ने मनस्थितिमा देखिएनन् । उनीहरूले अनेक तरहका कुरा गरिरहेका थिए । उनीहरू भन्थे, “तपाईंहरू यस्तो युद्धरत अवस्थामा किन आउनुभयो ? युद्धले दनदन बलिरहेको अवस्थामा के समाचार सङ्कलन गर्नुहुन्छ ? हाम्रो क्षेत्रमा प्रवेश गर्ने अधिकार र हिम्मत कसले दियो ? तपाईंहरूको परिचयपत्रमा कसरी विश्वास गर्न सकिन्छ ?” आदि ।

विद्रोहीहरूसँग कुरा गर्दा सुरुमा जस्तो डर र त्रास हटिसकेको थियो । हामीले उनीहरूसमक्ष माओवादीका राम्रा र नराम्रा दुवै पक्ष र आफ्ना कुराहरू राख्यौँ । मध्यरातसम्म धेरै कुरा भइसकेपछि माओवादीका एरिया सेक्रेटरी सुमनले पेटबाट पेस्तोल निकालेर खाटमा राख्दै भने तपाईंहरूको बयान मिलेन । उनको कुरा सुनेर हामी दुबै जनाको होश उड्यो । हामीले सुरुदेखि नै माओवादीका ९५ प्रतिशत सकारात्मक पक्ष र ५ प्रतिशत नकारात्मक पक्षको कुरा गरेका थियौँ । तैपनि धरै पाइएन । अब बाँचिएला भन्ने आशा हराउन थाल्यो ।

धेरै पटक अनुरोध गरिसकेपछि बल्लतल्ल रातको एक बजे सुत्ने अनुमति त पाइयो, तर भोलिपल्ट बिहानै भेट्ने शर्तमा । घर फर्कन पाइएला कि नपाइएला भन्ने चिन्ताले रातभरी निन्द्रा लागेन । बिहान पाँचबजे नै उठ्यौँ । सँगै सुतेका विद्रोहीमध्ये

एक जनालाई उठाएर हामी फर्कन्छौँ भन्यौँ । त्यसै राती मैले उनीहरूबाट छुट्न एउटा बहाना सोचेको थिएँ । उनीहरूलाई त्यही कुरा भनेँ, 'भोजराज भाटको आतिथ्यमा पत्रकार महासंघको कार्यक्रम आजै छ, त्यसैले हामी चाँडै फर्कन्छौं ।" उनीहरू निन्द्रामै थिए । सम्भवतः निँदमै जाने अनुमति दिए । बिहान उज्यालो नहुँदै जुनको सहारामा बाटो लाग्यौँ र दुई घण्टा हिँडेपछि तापेथोकको बस्तीमा पुग्यौँ ।

तापेथोकमा चिया खान लाग्दा सुरक्षा सेना गाउँमा सर्च गर्न पसेका छन् भन्ने थाहा पायौँ । हामीले जुन घरमा चिया खाइरहेका थियौँ त्यसका घरवेटी भूतपूर्व भारतीय सैनिक रहेछन् । उनले भने, "बाटामा सेना आएका छन् रे छिरूवा भन्ने ठाउँमा बास बसेका छन् । तपाईंहरू अहिले नजानोस् । तपाईंहरू गोलाबारीमा पर्नुहोला । अनाहकमा ज्यान जाला ।" तर जतिसकेको हामी चाँडो त्यो ठाउँ छाड्ने हतारमा थियौँ । यसैले उनको कुरा मानेनौँ । उनले जाने बेलामा हामीलाई भने, "ती सैनिकले 'अड्' भन्यो भने दुबै हात उठाएर उभिनुहोला ।"

केहीबेर हिँडेपछि हाम्रो मनमा अनेक शंका उत्पन्न हुनथाल्यो । माओवादीले भनेका थुप्रै कुरा हामीले डायरीमा टिपेको थियौँ । सेनासँग भेट भयो र हाम्रो डायरी हेऱ्यो भने हामीमाथि शंका गर्नसक्थ्यो । माओवादीहरूसँग पहिलो पटकको भेट भएकाले मेरो दिमागमा धेरै कुरा त नमेटिने गरी बसेको थियो । यसैले उनीहरूसँग भएको कुराकानीको डायरी च्यातेर फ्याँकिदिएँ । तैपनि मनमा त्रास थियो । असुरक्षाको भावनाले ग्रस्त मनःस्थितिमा हामी हतारहतार फर्क्यौँ । जीवितै सदरमुकाम पुगेको खुशियालीमा साथीहरूसँग भोज पनि खायौँ ।

सुरक्षा निकायहरूको पहिलो तीतो व्यवहारको अनुभव २०५९ मा भयो । त्यो साल भदौमा ताप्लेजुङकै चाँगे गाविसको दोभान भन्ने ठाउँमा दुईदिने मेलामा सुरक्षा सेनाको गोलीबाट एउटी बालिकाको मृत्यु र दुई जना घाइते भएका थिए । प्रशासनले तत्काल सुरक्षाकर्मी र माओवादीको क्रस फायरिङका कारण माओवादीको गोलीले बालिकाको मृत्यु भएको बयान सार्वजनिक गऱ्यो । तर घटनाका प्रत्यक्षदर्शी, स्थानीयवासीको भनाइ बिल्कुल फरक थियो ।

मैले पत्रकारको दायित्व पालन गर्दै स्पेसटाइम दैनिकमा वास्तविक घटनाको विवरण र सुरक्षा सेनाको कुरा लेखेर पठाएको थिएँ । तर प्रशासनले आफूले बोलेको कुरामात्रै छापिनुपर्ने कुरामा जोड दियो । उनीहरूले मलाई निक्कै खोजे र ज्यानको धम्की पनि दिए ।

साथीहरूको सल्लाहबमोजिम काठमाडौं पुग्नुपऱ्यो । सुरक्षा अधिकारीसँग कुराकानी गरेर फर्कने वातावरण बनेपछि मात्रै म जिल्लामा फर्के । जिल्ला छोड्दा गिरफ्तारी, धम्की, यातनाबाट त बच्न सकिन्छ, तर बाहिर बस्दा पनि पक्रिने डर र अनावश्यक खर्च भइहाल्छ । काठमाडौं स्थित मेरो प्रकाशन गृहले पनि मेरो समस्याको विषयमा केही चासो देखाएन । मैले मेरो समस्या जिल्लामै बसेर समाधान गर्नुपर्थ्यो भन्ने

अहिले मलाई लागेको छ । किनकी मेरो पक्षबाट सम्बन्धित निकायसँग कुरा गर्न मेरा साथीहरू तयार थिए ।

हुनतः माथिका दुबै घटना मेरो जीवनका पहिला अनुभव हुन् । यसैले त्यस बेलाको मेरो सोच र व्यवहार पनि असामान्य भएको हुनसक्छ । तर विद्रोही र सुरक्षा निकायबाट गरिने व्यवहारमा त्यति फरक पाइएन । सायद भयग्रस्त मनःस्थितिमा काम गर्दा कसैको पनि सोच र व्यवहार सामान्य हुँदैन होला ।

२४

# द्वन्द्वस्थलको पहिलो अनुभव

*बेनुपराज भट्राई, इलाम*

"**बाटोको** अवरोध खुल्यो रे । छिट्टै हिँड्नुहोस् है । छिटो नहिँडे आइपुग्न ढिलो हुन्छ ।" पाँचथरबाट एक जना पत्रकार साथीको फोन आयो । माघ ७ गते नेपाल पत्रकार महासंघ पाँचथर शाखाको अधिवेशन थियो । इलामबाट अन्नपूर्ण पोष्टका विमल प्रधान, रेडियो नेपालका उमेश गुरुङ र कान्तिपुर दैनिकबाट म अनि अरू दुई जना पत्रकार साथीहरू पनि जाँदै थियौँ । पछिल्लो फोन आएपछि हामी फिदिमतर्फ लाग्यौँ ।

मेची राजमार्गको इलामस्थित पुवाखोला बजार नपुग्दै हाम्रो ट्याक्सी रोकियो । करिब १५ किलोमिटरको यो यात्रामा आफन्त र साथीभाइहरूले चारपाँच ठाउँमा रोकेर हामीलाई फिदिमतिर नजान आग्रह गर्दै थिए । "जताततै अवरोध र माइन राखेको छ । सडकबाट नजानुस् ।" भन्दैथिए । तर हामी विचलित भएनौँ । हाम्रा शुभचिन्तकहरूलाई भन्थ्यौँ, "हाम्रो बारेमा चिन्ता नलिनुस् । अवरोध पन्छाएर पनि सुरक्षित किसिमले जान्छौँ ।"

तर भनेजस्तो भएन । माओवादीले एक साता अघिदेखि पुवाखोला पुलमा बाटो अवरोध गर्नुका साथै बम राखेका थिए । सदरमुकामबाट सुरक्षाकर्मीहरू अवरोध हटाउन जान सकेका थिएनन् । नागरिक समाजको दबाब बढेपछि त्यो दिन इलामस्थित ३१ नम्वर बाहिनीबाट दुई समूहमा सय जनाभन्दा धेरै सुरक्षाकर्मी अवरोध हटाउन त्यहाँ पुगेका थिए । बम निस्क्रिय पार्ने क्रममा दुई जना सुरक्षाकर्मी घाइते भएका रहेछन् । पुवाखोला पुल तर्दा सुरक्षाकर्मीहरू सदरमुकाम फर्कने तरखरमा देखिन्थे ।

सुरक्षाकर्मीले अवरोध हटाएपछि हामी अघि बढ्यौँ । राजमार्गमा पर्ने नेपालटार, रक्से, भदौरे, थप्पुर, बाघखोरलगायत खण्डमा अवरोध पन्छाउँदै हामी राँके बजार पुग्दा अपरान्हको ३ बजेको थियो । "खतरा ! अघि बढ्ने दुष्प्रयास नगर्नु होला । ज्यान जोखिममा पर्ला" भन्ने सूचना

रातो कपडामा नेकपा माओवादीका नामबाट टाँगिएको पाइयो । त्यसभन्दा अगाडि बढ्न ड्राइभर हिच्किचायो ।

फिदिम पुग्नै पर्ने थियो । गाडी त्यहीँ छोडेर हिँड्ने सल्लाह गरी हामी मोटर बाटो पैदल हिँड्न थाल्यौँ । पौवाभञ्ज्याङ पुग्दा झमक्क साँझ पर्‍यो । सुरुमा होटलमा बास बस्ने हामी मात्रै थियौँ । तर पछि झण्डै पचास जना यात्रु थपिए । अवरोधले गर्दा उनीहरू त्यहाँ बस्न बाध्य भएका थिए ।

"इलामको पुवाखोला नजिक सानविरे इलाकामा भीडन्त, सुरक्षाकर्मी धेरै मारिएको आशंका" साँझ एफएम रेडियोबाट समाचार सुनियो । अवरोध पन्छाउने टोली भीडन्तमा परेछ भन्ने अनुमान गर्‍यौँ । रातीको समाचारमा माओवादीसँग त्यस ठाउँमा भीडन्त भएको र झण्डै दुई दर्जन सुरक्षाकर्मी हताहत भएको समाचार सुन्यौँ । त्यसपछि मलाई निन्द्रा लागेन ।

आफ्नो कार्यक्षेत्रभित्र यत्रो ठूलो घटना हुँदा म भने अर्कै ठाउँमा थिएँ । आफ्नो प्रकाशन गृहप्रतिको जिम्मेवारी र पत्रकारिताको धर्मले मलाई पिरोल्न थाल्यो । राती नै घटनास्थलतर्फ जानका लागि साधन थिएन । अन्यौल र छटपटीमा रात बित्यो ।

फिदिम जाने कार्यक्रम छाडेर उमेशजी र म झिसमिसेमै इलामतिर फर्क्यौँ । सडकको अवस्था अघिल्लो दिनकै जस्तो होला भन्ठानेर राँकेदेखि गाडी पाइने आशले छिटोछिटो हिँड्यौं । तर पौवाभन्ज्याङ–राँकेबीचको करिब १० किलोमिटरको सडकमा चौधपन्ध्र ठाउँमा माओवादीले रुख, बाँस, ढुङ्गा र माटो थुपारेर अवरोध खडा गरेका रहेछन् । विष्फोटक सामग्री पनि यत्रतत्र देखिन्थे । हामी एकपछि अर्को अवरोध नाघ्दै र हटाउँदै अघि बढ्न थाल्यौँ । निबुवाखोला नजिक हतियारधारीहरूको एउटा समूहसँग जम्काभेट भयो ।

भीडन्त भएको ठाउँमा पाँचथरतिरबाट सुरक्षाकर्मी जान नपाउन भनेर उनीहरूले रातभर सडकमा अवरोध राखेका रहेछन् । उनीहरूले धम्की दिएजस्तै गरी हाम्रो परिचय मागे । हामीले विनम्र भएर भन्यौँ, "हामी सञ्चारकर्मी हौँ । समाचार सङ्कलन गर्न हिँडेका हौँ ।" उनीहरूले हाम्रो परिचयपत्र जाँचे । हामीलाई रोक्लान् कि भन्ने डर थियो । तर उनीहरूले भने, "बाटोमा अवरोध बढेको छ । छिटो पुगेर हाम्रो पक्षमा समाचार लेख्नु, बजाउनु ।"

राँके पुग्दा ४०–४५ जना माओवादी भेटिए । कोही सडकमा परेड र कोही ब्याडमिन्टन खेल्न व्यस्त थिए । उनीहरूले पनि चेतावनी दिँदै हामीलाई आदेशात्मक स्वरमा भने, "माओवादी पक्षलाई कुनै क्षति नभएको समाचार लेख्नु ।" हुन्छ भन्दै हामी अगाडि बढ्यौँ ।

बाटोमा गाडी चलेको थिएन । दसदस मिटरको फरकमा अवरोध खडा गरिएको थियो । हामीले चियासमेत खान पाएका थिएनौँ । तैपनि हार खाएनौँ । करिब ३० किलोमिटर हिँडेपछि इलामको बाघखोर बजार पुग्यौँ । लगातारको हिँडाइले थकित

थियौँ । तर जसरी भए पनि घटनास्थल पुग्ने उत्साह थियो । होटलमा परिचयपत्र देखाएर धेरै बिन्तभाउ गरेपछि मात्रै खाना खान पायौँ ।

हतारमा खाना खाएर अघि बढ्यौँ । सडक रित्तो थियो । बाटामा पर्ने बस्ती र बजार पनि सुनसान थिए । मानिसहरू तर्सेका र आत्तिएका देखिन्थे ।

पुवाखोला बजार पुग्दा अपरान्ह १ बज्यो । अघिल्लो दिउँसोदेखि सुरु भएको भीडन्त राती नौ बजेमात्रै साम्य भएको रहेछ । पूरै बजार भूतले तर्साएको बस्तीजस्तो देखिन्थ्यो । बजारबासीको होश चेत थिएन । दर्जनौँ सवारी साधन सडकमा थिए । सयौँ यात्रु अलपत्र परेका थिए । बाटोमा फोटो खिच्दै समाचार बटुल्दै एक घण्टापछि घटनास्थल, सानबिरे पुग्यौँ । कडा सुरक्षाघेराका बीचमा लास सङ्कलन गर्नेकाम सुरु भएको रहेछ । आफ्नो परिचय दिएपछि अघि बढ्न पाइयो ।

भीडन्त राजमार्गमै भएको थियो । चारपाँच सयको जमातमा आएका माओवादीले एक्कासी आक्रमण गर्दा २३ सुरक्षाकर्मी घटनास्थलमै मारिएका रहेछन् । आधा दर्जन गम्भीर घाइते थिए भने केहीले लुकेर ज्यान जोगाएका थिए । सुरक्षाकर्मीको शव सङ्कलन गर्दै गरेको तस्बिर खिच्न दिएनन् । त्यहाँ खटिएका सुरक्षाकर्मीले तत्काल घटनास्थल छाड्न चेतावनी दिए ।

यति मेहनत गरेर समाचार सङ्कलन गर्न घटनास्थलमा पुग्दा पनि चाहेजस्तो तरिकाले समाचार सङ्कलन गर्न नपाएकोमा मन खिन्न भयो । त्यसपछि आसपासका गाउँलेसँग कुराकानी गरेँ । फोटो खिचेँ र बाटो लागेँ । सदरमुकाम पुग्दा साँझ पर्न लागेको थियो ।

दिनभरी घाममा मोटर चल्ने चिल्लो सडकमा पैदल अवरोध र विस्फोटको खतरा पन्छाउँदै हिंडनु मेरो पत्रकारिता जीवनको पहिलो अनुभव थियो । त्यति मेहनत गर्दा पनि आफूखुशी समाचार सङ्कलन गर्न नपाउँदाको तीतो अनुभव पनि पहिलो नै हो । द्वन्द्वरत पक्षहरूले आफ्नो क्षति भएको समाचार लुकाउन खोज्नु, आफ्नो पक्षमा बढाइचढाइ गरेर लेख्न दबाब दिनु र कतिपय अवसरमा गलत समाचार प्रकाशित गर्न लगाएर पत्रकारहरूलाई उपयोग गर्न खोज्नु द्वन्द्व पत्रकारिता गर्नेहरूका लागि सबैभन्दा ठूलो व्यावसायिक हाँक बनेको छ ।

# २५ बाटो खोल्न जाँदा दोहोरो शंका

*ताराप्रसाद सिटौला, ताप्लेजुङ्ग*

**सम्वत् २०६१**, फागुन महिनाको घटना हो । माओवादीहरूले जिल्ला सदरमुकाम फुङ्गलिङ्गबजार आक्रमण गर्ने धम्की दिँदै अनिश्चितकालीन नाकाबन्दी र बन्दको घोषणा गरेको २७ दिन भइसकेको थियो । कुनै जानकारी नदिइकनै बन्द अचानक सुरू गरिएको हुनाले मेची राजमार्गमा पर्ने बस्ती र ताप्लेजुङ जिल्लामा दैनिक उपभोग्य खाद्यवस्तु सकिएर ठूलो हाहाकार भइसकेको थियो ।

बाटो खोल्न माओवादीहरूसँग कुराकानी गर्न पत्रकारहरूमाथि जताततैबाट दबाब बढेपछि पत्रकार महासंघ ताप्लेजुङ्ग शाखाको बैठक बस्यो । महासंघले सभापति किशोर राई, नागरिक समाजका खड्गविक्रम सुवेदी र मलाई माओावादीहरूसँग भेटी सकेसम्म चाँडो बाटो खोल्न पहल गर्ने निर्णय गर्‍यो ।

त्यसपछि हामी झोला बोकी माओवादीहरू खोज्न मेची राजमार्गको कावेली इलाकातर्फ गयौँ । संयोगवश कावेलीदेखि एक घण्टाको बाटोभन्दा माथि घुम्ती बजारमा माओवादीहरूको कार्यक्रम रहेछ । दुई दिनपछि हामी त्यहाँ पुग्यौँ र हामीहरू आएको जानकारी उनीहरूलाई पठायौँ ।

कार्यक्रम नसकिएसम्म हामीलाई कार्यक्रमस्थलमै दिनभरी बसाइयो । बेलुका कार्यक्रम सकिएपछि हामीलाई एउटा घरको कोठामा लगी तथानाम गाली गर्न थाले 'तिमीहरूलाई कसको सुरक्षा छ ? हाम्रो हाईकमाण्डले बन्द गरेको बाटो खोल्न आउने तिमीहरू को हौ र कस्ता खाले पत्रकार हौ ? हामी त युद्धमा छौँ । हामीसँग युद्व गर्नुपर्छ । हरायौ भने मात्र बाटो खोल्न सक्छौ' भन्दै उनीहरूले 'अब तिमीहरूको ज्यानको कुनै सुरक्षा छैन । कुनै पनि बेला तिमीहरू माथि जुनसुकै कारवाही हुन सक्छ' भन्ने

धम्की दिन थाले । जति गाली र धम्की दिए पनि हामीले भन्यौँ, “हामी हतियारधारी लडाकु होइनौँ । हामी त ग्रामीण जनतालाई यो लामो नाकाबन्दीबाट सिर्जित खाद्य समस्याबाट मुक्त गराउन सरसल्लाह गर्न मात्र यहाँ आएका हौँ । हाम्रो सुरक्षा भनेकै हाम्रो अघिपछि हतियारधारी सैनिक नहिँडुन् भन्ने मान्यता हो । हामी कसैको सुराकी पनि होइनौँ ।” यो कुरा हामीले धेरै चोटि दोहोऱ्याइरहयौँ ।

केहीछिनपछि त्यहाँ एक जना मानिस पसे । उनी माओवादी सेनाको सातौं विग्रेडको १९औं बटालियन ‘ए’ कम्पनीका कमिसार ‘उमेश’ रहेछन् । परिचयपछि हामीले फेरि आफू आउनुको उद्देश्य भन्यौँ । पहिले हामीसँग कुरा गर्ने बटालियन कमाण्डर रबि र एरिया १ र २ का एरिया कमाण्डर विपिन रहेछन् । हामीले उनीहरूसँगको कुरा दोहऱ्यायौँ । त्यसपछि केही आश्वासन त दिए तर त्रासचाहिँ हटेन ।

चार घण्टाको गरमागरम छलफलपछि उनीहरूले ‘हामी छलफल गरी निर्णय दिन्छौं’ भनी साँझ ९ बजे तिर हामीलाई छाडिदिए । हामी त्यो दिन त्यहीँ बस्यौँ । रातभरी निद्रा लागेन । कुनै बेलापनि तपाईंहरूमाथि कारवाही हुनसक्छ भन्ने भनाइले हामीलाई सताइरहयो । भोलि पल्ट बिहान उनीहरूले भने, “तपाईंहरूले बाटो खोल्नु होला । हाम्रो कमाण्डको आदेश छ  । हामीले बाटोमा बिछ्याएका एम्बुसहरू हटाइदियौं ।”

उनीहरूले त्यसो भने पनि हाम्रो मनको त्रास हटेन । हामी सदरमुकाम फर्केर सबै कुरा साथीहरूलाई सुनायौं र बाटो खोल्न जान आहवान गऱ्यौं । हामी सबै पत्रकार बाटो खोल्ने काममा जुट्यौं । कसैले बञ्चरो, त कसैले आरा लिएर ढालिएका रुखहरू काटेर पन्छायौं । भत्काएको बाटो बनायौं । दिनभरी मेहनत गरेपछि साँझ थाकेर सदरमुकाम पुग्यौं । बाटो खोल्न सकेकोमा हामी खुशी थियौं । स्थानीय प्रशासनले हामीहरूलाई अरू नभए पनि धन्यवाद त पक्कै दिन्छ भन्ने कुरामा हामी ढुक्क थियौं ।

तर भोलि पल्ट बसेको सुरक्षा निकायको बैठकमा एक सुरक्षा अधिकारीले शंका व्यक्त गरेछन्, “सुरक्षाफौजले हप्तौंसम्म खोज्दासमेत भेटन नसक्ने माओवादीहरू पत्रकार निस्किएकै दिन भेट्छन् । यिनीहरूलाई माओवादीको सबै गतिविधि थाहा छ । सबैलाई ल्याएर मारपिट गरे सबै कुरा भनिहाल्छन् । यति नगरी नहुने रैछ ।”

हुनतः हामीले प्रशासनको मन जितेर, उनीहरूको कृपापात्र भएर सदरमुकाममा बस्न पाइएला भनेर यो काम गरेका थिएनौं । हामी त वास्तवमै ताप्लेजुङ्गमा भएको खाद्य अभाव र हाहाकारको समाधान खोज्न गएका थियौं । स्थानीय प्रशासनकै अनुरोधसमेतलाई कदर गरी गएका थियौं । त्यति ठूलो जोखिम उठाई यातायात सञ्चालन गरायौं । तर यसको परिणाम भने हाम्रो लागि झन् ठूलो त्रासमा पो परिणत भयो ।

२६

# कहिले कसले हान्ने हो थाहा छैन !

*दिपक अधिकारी, झापा*

**२०६१ माघ** १९ गते राजाको घोषणा हुँदाहुँदै प्रहरी र सेनाले झापाका प्रेस तथा पत्रिकाको कार्यालयमा ताल्चा लगाएको थियो । माघ २६ गते प्रकाशक, सम्पादक तथा प्रेस मालिकहरूसहितको बैठक राखी जिल्ला प्रशासन कार्यालय झापाले जवर्जङ्ग गणका गणपति सुरेशकुमार कार्की, क्षेत्रीय प्रहरी इलाका कार्यालय (क्षेप्रइका) मेचीका वरिष्ट प्रहरी उपरीक्षक शिवहरी कार्की, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक प्रेमबहादुर चन्द, राष्ट्रिय अनुसन्धानका उपरीक्षक मीनबहादुर के.सी.को रोहबरमा धम्कीपूर्ण भाषामा सर्तनामा गरी पत्रिका तथा प्रेस सञ्चालन गर्न पाउने भयो ।

सर्तनामाअनुसार पत्रिका निकाल्ने तयारी हुन थाल्यो । तर अचानक माघ ३० गते सैनिकको एक समूहले पत्रिकाको कार्यालयमा छापा मार्‍यो । केही पनि नभेटेपछि पत्रिकाका सहायक सम्पादक मदनकुमार पोखरेललाई पक्रेर लग्यो । त्यसै दिन भद्रपुरका तीन वटा प्रेसमा छापामारी केहीलाई पक्रियो । म कार्यालयमा थिइन । साँझ मात्र थाहा पाएँ । थाहा पाउनेबित्तिकै चन्द्रगढी गुल्ममा सम्पर्क गरें । साथीहरूलाई त्यहीँ राखेको रहेछ । गुल्मका हवल्दार मेजरले मलाई भोलिपल्ट आएर जिम्मा लिएर जान भने ।

भोलिपल्ट फागुन १ गते सबै पत्रकारहरूलाई जानकारी गराएँ र केही साथीहरूसँग दिउँसो १२ः३० बजे क्याम्पमा पुगें । म पुगेको खबर पाएपछि हवल्दार (नाम थाहा नभएको) गेटमा आयो र भन्यो, “दिपकजी, तपाईं आउनुभयो, ल भित्र आउनुस् । साथीहरू जिम्मा लिएर जानुस् ।“

मलाई क्याम्पभित्र लग्यो । क्याम्पभित्र घुमाएर कस्टडीमा लगेर हातमा हतकडी र आँखामा पट्टी लगाएर राख्यो र भन्यो, “ल अब यहीँ

मर् । तेरो कलम खुब चल्छ हैन? तेरो कलम चलाउने हात म ठीक पार्छु ।" म पहिलो पल्ट कष्टडीमा परेको थिएँ यसैले म ज्यादै आत्तिएँ ।

मलाई थुनिएको भोलिपल्ट साथीहरूलाई छोडिएको रहेछ । साथीहरूलाई छाडेपछि मलाई झन् मानसिक पीडा दिन थालियो । मलाई पक्रनुको कारण सोद्धा ठाडो जवाफ दिन्थे, "तँ हाम्रो हाकिम हो र किन पक्रेको भन्ने ? तँलाई मार्न पक्रेको । थाहा पाइस् किन पक्रेको भनेर ?" मलाई यति मानसिक पीडा दिएर राख्यो कि मैले बाँच्ने आश मार्न थालेँ ।

फागुन ४ गते साँझ मेरो आँखामा पट्टी र हातमा हतकडी बाँधेर मलाई गाडीमा राखेर कतै लैजान थाल्यो । मैले नम्र स्वरमा सोधेँ, "अब हामी कता जाने ?" मुटु नै कमाउने जवाफ पाएँ : "तेरो जिन्दगी अब यति नै हो, अब समाचार माथि नै गएर लेख्नू, कृष्ण सेनलाई पनि भेट्नू ।"

जवाफ सुनेर मेरो मन आत्तियो, मैले सम्झेँ मेरो जिन्दगी सकियो । सबै साथीभाइ, इष्टमित्रलाई सम्झेँ । विशेष गरी आमालाई सम्झेँ । म मरेको खबर आमाले सुन्नुभयो भने उहाँको के हालत होला भन्ने सम्झेर आँखाबाट बर्रर आँसु झर्‍यो ।

त्यो राती मलाई चारआली क्याम्पमा बंकरमा लगेर राखियो । भोलिपल्ट अधिकृत स्तरको एकजना सुरक्षाकर्मीले सोधपुछ गर्न आयो । उसले कति पत्रकारहरू माओवादी छन् ? समाचार कसले दिन्छ ? जस्ता प्रश्न गर्दै सातआठ वटा लट्ठी भाँचिने गरी जथाभावी पिट्यो । करेन्ट लगाएर मार्ने भन्दै कोठामा लगे । अब बाँच्ने यत्तिकै हो भन्ने मैले सोचेँ । त्यस दिन केही खानपिउन दिएन ।

भोलिपल्ट फेरि आएर सोधपुछ गर्न थाल्यो र अन्धाधुन्ध पिट्न थाल्यो । मरणासन्न हुने गरी पिटेर कर्णेल सुरेश कार्कीकहाँ लग्यो । भोलिपल्ट पत्रकार महासंघ झापाका तत्कालीन सभापति माधव विद्रोहीको जिम्मामा तारिखमा छाडिदियो ।

छाड्नुअगाडि मलाई क्याम्पभित्र भएका घट्ना कसैलाई भने जतिसुकै बेला जहाँको तहीँ मार्ने धम्की दिए । त्यहाँबाट निस्केपछि एक महिनासम्म बिरामी भएँ । उता क्याम्पबाट आउने बितिकै माओवादीले मलाई आर्मीको सुराकी भन्ने आरोप लगाउँदै फोनमा धम्की दिन थाले । हाल द्वन्द्वरत दुई पक्षमध्ये कुन पक्षले कति बेला हान्ने हो थाहा छैन !

# २७ दुर्गम जिल्लाका पत्रकारको पीडा

*विजय शेखर भट्टराई, इलाम*

**इलामको** पुवाखोलामा २०६१ माघ ६ गते भएको घटना माओवादीले पूर्वी नेपालमा गराएको पहिलो सबैभन्दा ठूलो घटना थियो । त्यस बेला म नेपाल टेलिभिजनका लागि काम गर्थें । उक्त घटनामा २३ सुरक्षाकर्मी र ६ विद्रोही मारिएका थिए । घटनास्थल सदरमुकाम इलाम बजारबाट दश कि.मि.टाढा मेची राजमार्गमै पर्छ । घटनाको भोलिपल्ट दिउँसोसम्म थप सुरक्षाकर्मी घटनास्थलमा पुग्न सकेका थिएनन् । बेलैमा उद्धार कार्य नभएकाले धेरै घाइते रगत बगेर मरेको अनुमान थियो । गोली लागेका कतिपय सुरक्षाकर्मी घटनास्थल वरपरका घरमा उद्धारको प्रतिरक्षामा लुकेर बसेका थिए ।

भीडन्तको जानकारी त्यही दिन साँझ पाइएको थियो । तर रात छिप्पिँदै गएको र बाटोभरी विस्फोटक राखेको कारण पत्रकारहरूले त्यसतर्फ जाने आँट गर्नसकेका थिएनौं । माओवादीले दुईदिन अघि नै पूर्वाखोला पुलमा बम राखेको हल्ला आए पनि सुरक्षाकर्मी त्यसतर्फ घटनाको दिनमात्र पुगेको थियो । बन्द र बमको हल्लाले इलाम फिदिम ताप्लेजुङ चल्ने गाडी चलेको थिएन । भरपर्दो सूचनाको अभावले गर्दा पनि घटनाकै दिन रिपोर्टिङ गर्न गाह्रो भयो ।

नेपाल पत्रकार महासंघ ताप्लेजुङ शाखाका तत्कालीन सभापति मनमणी काफ्ले घर जान नसकी पुवाखोलाबाट घटनास्थलहुँदै बिब्ल्याँटे बजार फर्किनु भएको रहेछ । उहाँसँग फोनबाट सम्पर्क भएपछि मात्र घटनामा कम्तिमा पाँच सुरक्षाकर्मी मारिए भन्ने थाहा भयो । उहाँले भन्नुभयो, “हामी फर्कने क्रममा त्यहाँ एउटा ट्याक्सी भेट्यौं । बाटोछेउ नालीमा लडेका तीन लास सुरक्षाकर्मीका जस्ता देखिन्थे ।” त्यही जानकारीको

आधारमा हामीले राती १२ बजे घटना भएको दिनको रिपोर्टिङ गऱ्यौं । क्रियाशील पत्रकारहरू धेरै जना जिल्लाबाहिर गएकाले राजधानीका धेरै पत्रिकाको स्रोत म नै भएको थिएँ ।

बिहानै घटनास्थल पुग्ने विचार थियो । तर माओवादीहरूले बिब्ल्याँटेछेउ कुकरबम राखेर सुरक्षाकर्मीहरूलाई घटनास्थलमा पुग्न नदिएको जानकारी पाएपछि त्यता जान डर लाग्यो । तैपनि बिहान साढे चार बजे क्यामेरा बोकेर मोटरसाइकलबाट घटनास्थलतर्फ लागेँ । केही साथी त्यसतर्फ जाने तयारी गर्दैथिए । उनीहरूलाई पर्खंदा केहीबेर लाग्ने भएकाले म एक्लै हिडेँ ।

बिब्ल्याँटेमा पुगेपछि घटनास्थल थाहा पाउने मनमणीजीलाई सँगै लगेँ । घटनास्थल नजिक भएपनि त्यसको चारैतिर माओवादीहरू भएको हुँदा त्यसबेलासम्म कसैले त्यतातिर जाने आँट गरेका रहेनछन् । त्यहाँका केही साथीहरूले 'तपाईंहरूसँग जाँदा खतरा कम हुन्छ भने हामी पनि जान्छौँ' भने । मैले आश्वस्त पारेपछि केही साथी पछि लागे ।

केहीपर बाटोको बीचमा कुकर बमको धराप थापिएको रहेछ । मैले त्यसको छेउबाट मोटरसाइकल लगेँ । त्यो जोखिम पार गरेर पर पुगेपछि स्याउलाले सडक छेउको नाली छोपेको भेटियो । त्यहाँ धराप वा लास होला भन्ने अडकल गऱ्यौँ । तर हेर्दा त्यहाँ केही देखिएन । केही दिनअघि त्यतैतिर बाटो छेउमा धराप थाप्ने क्रममा एक जना माओवादी मरेको सम्झँदा मुटु चिसो भयो । तर पनि घटनास्थल पुग्ने जोश हराएन ।

बाटोमा सकेटबम छरिएका थिए । त्यसलाई छलेर पार गर्न निक्कै गाह्रो भयो । कतिपय ठाउँमा मोटरसाइकल डोऱ्याएर अघि बढ्यौँ । विस्फोटक हतियारहरू कस्तो अवस्थामा वा के गर्दा पड्कन्छन भन्ने प्राविधिक ज्ञान नभएकाले पनि हामी बढी त्रसित भएको हुनसक्छ ।

केही क्षणमै घटनास्थल पुगियो । पहिले नालिमा पल्टेका लासहरू देखियो । मैले भिडियो क्यामेरा लिएर घटनास्थल र लासका दृश्यहरू खिच्न थालेँ । घटनास्थल नजिकैका केही घरका मानिस मलाई चिनेर म भए ठाउँमा आए । हामी जंगलमा लास भएतिर अघि बढ्यौं र लास गन्न थाल्यौं । लासका छेउमा सकेट बम छरिएका थिए । केही लास त हेर्नै नसकिने गरी विभत्स थिए । केही खोल्सामा पानी खाँदाखाँदै लम्पसार परेका जस्ता देखिन्थे । बाटोदेखि केहीमाथि माओवादीले आफ्ना साथीहरूको लास गाडेको ठाउँ भेटियो । छेउमा एउटा झोला र तारसहित एउटा लामो बिष्फोटक जस्तो वस्तु राखिएको देख्यौँ । घटनास्थल हेर्दा माओवादीले खोल्सामा लुकेर आक्रमण गरेको अडकल लगायौँ । उक्त ठाउँमा सुरक्षाकर्मीको सञ्चार सेटले पनि काम गर्न नसक्ने जस्तो देखियो । लास गन्दै जाँदा त्यहाँ निकै ठूलो भीडन्त भएको स्पष्ट भयो ।

घटनास्थलको निरीक्षण गर्दै भिजुअल खिच्दाखिच्दै वरिपरिबाट गाउँलेहरू आउन थाले । तीमध्ये एक जनाले वरिपरिका घरभित्र केही घाइते सुरक्षाकर्मीहरू लुकेका छन् भनेर सुटुक्क मलाई जानकारी दियो । घटनास्थलको रिपोर्टिङ सकेपछि हामी एकै छिन घाइतेहरूको उद्धारमा लाग्यौँ । त्यति बेला घटनास्थलमा दुबैपक्षको उपस्थिति नरहेकोले प्रत्यक्ष रूपमा समाचार सङ्कलन गर्न र फोटो खिच्न कुनै बाधा परेन ।

घटनास्थलमा पुगेर समाचार सङ्कलन गरे पनि समाचारको दृश्य/भिजुअल प्रसारण नहुँदासम्म मेरो रिपोर्टिङ अधुरै हुन्थ्यो । त्यसैले काम सकिने बित्तिकै म क्यासेट लिएर मोटरसाइकलमा झापाको भद्रपुरतिर लागेँ । काठमाडौँ क्यासेट पठाउनका लागि सबैभन्दा नजिकको एयरपोर्ट त्यही थियो । भद्रपुरबाट चार बजेको प्लेनबाट भिजुअलको फुटेज पठाएँ ।

सात बजेको समाचारमा भिजुअलसहितको पुवाखोलाको घटनाको समाचार प्रसारण हुँदा आफ्नो मेहनत सफल भएको ठानेँ । हुनतः त्यो समाचार र त्यसमा देखाइएका दृश्यहरू कुनै पनि हालतमा सुखद थिएनन् र त्यसलाई हेरेर खुशी मनाउने कुरा पनि थिएन । तैपनि पत्रकारिता पेशामा समाचार सङ्कलन गर्दा अरूलाई उछिन्न सक्दा जुन खुशी प्राप्त हुन्छ त्यो खुशी मैले प्राप्त गरेँ । तर दुःखको कुरा त्यस समाचारको पारिश्रमिक हालसम्म मैले पाएको छैन । फुटेज पनि फिर्ता पाइएन ।

राजधानीका धेरै जसो सञ्चार माध्ययमहरूले बाहिरका स्थानीय पत्रकारहरूलाई 'स्ट्रिङ्गर' बनाएका छन् । स्ट्रिङ्गरहरूले समाचार प्रकाशन/प्रसारण भएका आधारमा नाम मात्रको पारिश्रमिक पाउँछन् । अधिकांश स्ट्रिङ्गरहरूले रिपोर्टिङमा लाग्ने खर्च आफैले व्यहोर्नु पर्छ । अझ टेलिभिजनमा कार्यरत पत्रकारले त क्यामेरा किन्नेदेखि लिएर क्यासेट किन्ने र डेलिभरी खर्चसमेत आफैँ व्यहोर्नु पर्छ । यति मेहनतसाथ गरेको रिपोर्टिङको पारिश्रमिक लिन काठमाडौं धाउनु पर्छ । पाएको पारिश्रमिक काठमाडौंमा खान र बस्नमै खर्च हुन्छ । कहिलेकाहीँ त्यतिले पनि पुग्दैन । घर फर्किंदा 'जस्ताको तस्तै' बन्छन् ।

एकातिर आर्थिक बोझ छँदैछ भने अर्कोतिर युद्धग्रस्त क्षेत्रमा रिपोर्टिङ गर्दा आइलाग्ने भौतिक, शारीरिक र मानसिक समस्या छ । द्वन्द्वरत पक्षहरू अनुकुल समाचार पठाउन दबाब र धम्की दिन्छन् । न त उनीहरूको जीवन, दुर्घटना र स्वास्थ्यको बीमा नै हुन्छ, न स्थायी जागिर नै हुन्छ । तैपनि पत्रकारको इज्जत कमाउने आकांक्षाले अधिकांश युवाहरू सबै दुःख झेल्दै पत्रकारिता गरिरहेका छन् ।

उक्त घटना मेरा लागि धेरै कारणले महत्वपूर्ण र चुनौतीपूर्ण साबित भयो । एउटै भीडन्तमा यतिका धेरै मानिस मारिएको घटनाको रिपोर्टिङ मेरा लागि पहिलो थियो । घटनास्थल जाने बाटोमा ठाउँठाउँमा कुकरबम, सकेटबम आदि छरपष्ट भएकोले त्यहाँ पुग्नु ठूलै चुनौती थियो । भोलि पल्ट बिहानै घटनास्थलमा पुग्ने पहिलो व्यक्ति म नै थिएँ । सबै बाधा पार गरेपछि पनि एउटा अर्को ठूलो चुनौती

थियो मैले खिचेका भिडियोको क्यासेट काठमाडौं पुऱ्याउनु । इलाममा एयरपोर्ट छैन । भद्रपुर पुगेर मात्रै क्यासेट पठाउन सकिन्छ । तर मैले खिचेको भिजुअल र समाचार त्यही दिन प्रसारण भयो । कुनै आर्थिक लाभ वा अवसर पाउन होइन, पत्रकारिताको कर्तव्य पूरा गर्ने उत्कट इच्छाले नै खुशीसाथ यी चुनौतिहरू स्वीकार्न प्रेरित गरेको थियो ।

# २८ विद्रोहीहरूको सशस्त्र घेराबाट उम्कँदा

*शम्भु प्रसाई, ताप्लेजुङ*

**रिपोर्टिङको** काममा २०६० चैत १४ गते ताप्लेजुङ जिल्ला याम्बुदिनको भोटेगाउँ जाँदै गरेका हामी तीन जना पत्रकारहरू तापेथोकका हेल्लोक पुग्दा माओवादीको कब्जामा पर्‍यौँ । मसँग जाने दुई जना पत्रकारहरू कान्तिपुर दैनिकका ताप्लेजुङ समाचारदाता धर्म पौडेल र ब्लाष्ट दैनिकका राजेन्द्र श्रेष्ठ हुनुहुन्थ्यो । त्यहाँ पुग्नासाथ बीसबाइस जना हतियारधारी माओवादीको समूहले हामीलाई घेरा हाल्यो । बिहान नौ बजेको थियो । उकालो बाटो, भोकले लखतरान भएका बेला लक्षित ठाउँमा पुग्न नपाई उनीहरूले भनेको बाटो हिँड्नु पर्दाको दुःख जीवनमा बिर्सनै नसकिने घटना बनेको छ ।

हामीलाई घेरामा पार्ने बित्तिकै सट गन बोकेका एक जना विद्रोहीले धम्क्याउँदै सोध्यो, “तिमीहरू कहाँ जान हिँडेको यस्तो गोलाबारीको बेलामा ? अब तिमीहरू उम्कन पाउन्नौ ।”

उसले हामीलाई उनीहरूसँगै हिँड्न दबाब दिँदै सँगै नहिँडे जस्तो पनि कारवाही गर्न सकिने धम्की दियो । उनीहरूले हामीलाई हेल्लोकबाट पूर्वतिरको गोरेटो बाटोतिर लिएर गए । चिप्लो बाटो, सेनाको गस्ती, माओवादीको आतंकित पार्ने व्यवहार आदि कुराले हामीलाई निकै मानसिक यातना भइसकेको थियो । हिँडाइको थकाइ र भोक बेग्लै थियो । एक जना साथीले त दिसापिसाब गर्ने निउँमा भाग्नुपर्छ भन्ने पनि सोचिसकेका थिए । तर त्यो सम्भव थिएन किन कि पिसाब फेर्दासमेत हतियारधारीले हामीलाई छाड्दैनथ्यो ।

मध्यान्ह १२ बजे हामीलाई चौँरीटार पुर्‍याइयो । फुक्का चिउरा र चिसो पानीका भरमा त्यो रात चौँरीटारकी शेर्पिनी दिदीको घरमा

हतियारधारीका माझमा रात काटियो । सेनाको फायरिङ्गले माथिल्लो टोल आतंकित बनेको स्थानीयबासीले बारम्वार खबर गर्दासमेत हामीलाई अन्त लाने प्रयास गरिएन । एकलास ठाउँ, वरिपरि जंगल, तीनचार घरमात्र भएको चौंरीटारमा हामीलाई अरू एकदिन राखियो ।

भाग्यले भनौं सेना त्यो गाउँमा पसेन । सेना हेल्लोक तरेर याम्फुदिनको भोटे गाउँतिर लागेको खबर पाएपछि माओवादीले हामीलाई १५ गतेका दिन त्यो ठाउँबाट हिँडाए ।

बिहान १० बजेतिर उनीहरूले हामीलाई लेलेपको धुन्सातिर लान लागेका थिए । तर लेलेपको फलेमा दुईअढाई सय सुरक्षाकर्मीहरू क्याम्प खडा गरेर बसेका छन् भन्ने खबर पाएपछि उनीहरूले हामीलाई फेरि तापेथोकतिरै फर्काए ।

हामीलाई किन यसरी जबरजस्ती हिँडालिँदै छ भन्ने वास्तविक कारण हामीलाई थाहा थिएन तैपनि सुराकीको आरोपमा हामीलाई यसरी लगिँदैछ भन्ने अनुमानसम्म गरेका थियौं ।

किरण उपनामका एक माओवादीले भने, “जिल्ला सेक्रेटरी प्रभातलाई नभेटी छोड्न मिल्दैन । प्वाइन्टमा पुग्न सेनाले डिस्टर्व गरिरहेको छ । कतिदिन लाग्ने हो थाहा छैन ।”

उनको कुरा सुनेर हामी झसङ्ग भयौं । उनीहरूले हामीलाई बन्दी बनाएका रहेछन् भन्ने बुझ्यौं । तर जे भए पनि ज्यान जोगाउनु थियो । त्यसैले उनीहरूको आदेशअनुसार चल्यौं । ढिंडो रोटी भने उनीहरूले ख्वाउँथे । खानाको पैसा चाहिँ हामीले तिर्नु परेन । कुनै ठाउँमा त्यसै पाइन्थ्यो । कहीँ उनीहरूले नै पैसा तिर्थे । चौथो दिनसम्म त हामीले त्यति धेरै ढिपी गरेनौं । तर पाँचौ दिन पनि सेक्रेटरीलाई भेट्न सकिँदैन भन्ने थाहा पाएपछि हाम्रो धैर्यको बाँध फुट्यो । अनि साथी धर्म पौडेलले भन्नुभयो, “मार्छौ भने गोली हानीहाल होइन भने हामीलाई छाडिदेओ ।”

त्यसैगरी सबै साथीले एकै स्वरमा यही कुरा दोहोर्‍याउन थाल्यौं । तर उनीहरू हाम्रो कुरा सुन्ने पक्षमा थिएनन् ।

यसैगरी हामीलाई याम्फुदिन र तापेथोकको बीचमा पर्ने देउराली भन्ने ठाउँमा पुर्‍याइयो । त्यहाँ केहीबेर थकाइ मार्न हामी तीन जना बसेका थियौं । माओवादीहरू एक्कासी पहिला आएकै बाटोतिर दौडिए । उनीहरू किन दौडिए भनेर हामी अल्मल्ल पर्‍यौं । नजिकै सुरक्षाकर्मीहरूको टोली दुईतिरबाट याम्फुदिनतिर उक्लदै रहेछ । त्यही देखेर हामीलाई केही नभनी उनीहरू भागेका रहेछन् ।

हामीले पनि सुरक्षाकर्मीहरूलाई देख्यौं । भीडन्तको आशंकाले हाम्रो छाती पहाड जस्तै फुल्यो र आङ्ग जिरिङ्ग भयो । पाँच दिनसम्म माओवादीहरूको क्षेत्रमा उनीहरूसँगै बसेको हुनाले सेनाले हामीमाथि अनावश्यक शंका गर्ने हो कि भनेर हामी अलि डरायौं । तैपनि कुनै दोष नभएकोले हामी सुरक्षाकर्मीहरूलाई पर्खन थाल्यौं । करिब

१० मिनेटपछि त्यो टोली हामीछेऊ आइपुग्यो । टोली प्रमुख जमदार देव खरेलसँग चिनजान भएकाले हामीलाई त्यति धेरै डर पनि लागेन । तैपनि त्यहाँ जानुको कारण बताउँदै काम सकिएको बहाना गर्‍यौँ । अनि तिनै सुरक्षाकर्मीको टोलीसँग दुई दिनपछि सदरमुकाम फर्‍कयौँ ।

सुरक्षाकर्मीहरूसँग भेट नभएको भए हाम्रो अवस्था के हुन्थ्यो ? वा उनीहरूले पनि हामीमाथि शंका गरेको भए हाम्रो के दुर्दशा हुन्थ्यो ? फेरि समाचार सङ्कलन गर्न जाँदा उनीहरूको फन्दामा परिने हो कि ? इत्यादि सम्भावना र शंकाका कुराले अहिले पनि आङ्ग जिरिङ्ग हुन्छ ।

# २८ अपहरित प्रहरीहरुको जिम्मा लिन जाँदा

*खगेन्द्र अधिकारी, ताप्लेजुङ*

**इलाम** जिल्लाको पशुपतिनगर इलाका प्रहरी कार्यालयमाथि आक्रमण गर्दा माओवादीहरूले केही प्रहरी जवानहरूलाई अपहरण गरेका थिए । ती अपहरित प्रहरीहरूलाई मानवअधिकारवादी र पत्रकारको रोहवरमा मुक्त गर्ने भनी माओवादीको जिल्ला नेताले ताप्लेजुङका पत्रकारलाई खबर पठाएको रहेछ । जानकारी पाउनासाथ सबैजसो पत्रकारहरूले आ–आफ्ना सञ्चारमाध्यममा यो समाचार पठाए । मैले पनि आफूले काम गरिरहेको राजधानी दैनिक अखबारलाई यो समाचार पठाएँ र आफ्नै सम्पादनमा निस्कने ताप्लेजुङबाट प्रकाशित हुने एकमात्र पत्रिका ताप्लेजुङ साप्ताहिकको २०६१ वैशाख २ गतेको अङ्कमा महत्व दिएर प्रकाशित गरेँ ।

यो समाचारलाई लिएर मलाई स्थानीय ब्यारेकले बोलायो । ३ गते १० बजे आउन भने पनि म १२ बजेतिर ब्यारेकतर्फ गएँ । तत्कालीन गुल्मपतिले मलाई समाचारको आधिकारिक पुष्टी गर्न र त्यसको स्रोत बताउन भन्नुभयो । मैले अज्ञात स्थलबाट आएको टेलिफोन विवरणलाई सुरक्षाफौजसमक्ष खोल्नु पत्रकारिताका आचारसंहिता विपरीत हुने कुरा बताएँ । समाचार स्रोतबारे केही भनिन । घटनाको वास्तविकता नखोले म माथि कारवाहीको चेतावनी दिइयो र जिल्ला बाहिर गएमा निगरानीमा राख्ने भन्दै चार घण्टापछि मलाई छाडियो ।

यो वैशाख ३ गतेको कुरा थियो । वैशाख ७ गते माओवादीका तर्फबाट एउटा पत्र हामीलाई प्राप्त भयो । अपहरित प्रहरीलाई हाम्रा सामु छोडिने भन्ने जानकारी दिँदै हामीलाई जिल्लाबाट एक दिनको बाटो थुम्बेदिन भन्ने ठाउँमा बोलाइएको रहेछ । चिठीमा माओवादीका तत्कालीन

एरिया सेक्रेटरी मुकेशले हस्ताक्षर गरेका थिए । पत्र अनुसार हामी थुम्बेदिन पुग्यौं । अन्धमुष्टि मौसम, दर्के पानी र सुरक्षाफौज त्यसैतर्फ परिचालित भएको प्रतिकूल अवस्थामा हाम्रो टोली रात पर्न लाग्दा थुम्बेदिन पुग्यो ।

हामीलाई थुम्बेदिनबाटै अपहरित प्रहरी हाम्रो जिम्मा लगाउने भनिएको थियो । तर साँझ आठ बजेसम्म एउटा घरमा राखेपछि दर्के पानी र ठूलो हुण्डरी चल्दाचल्दै रातको अँध्यारोमै हामीलाई अज्ञात स्थलतर्फ लगियो । भोलि बिहान उज्यालो भएपछि मात्रै हामी चाक्सीबोटे भन्ने ठाउँमा पुगेको थाहा पायौं ।

प्रहरीहरू हामीलाई जिम्मा लगाउनुको सट्टा उनीहरूले हामीसँग वार्ता गर्ने भनेर कुरा सुरु गरे । पहिले पहिले प्रकाशित समाचारको विषयलाई लिएर उनीहरूले हामी सबैसँग अत्तो थाप्न, स्पष्टीकरण माग्न र हप्कीदप्की गर्न थाले । उनीहरूसँग तर्कवितर्क र वादविवाद गर्दै राती साढे १२ बजे सुत्ने तरखर गर्‍यौं । तर निद्रा लागेको थिएन । थाकेको जिउलाई सामान्य आराम गराउँदै भित्तामा अडेस लागेर म ढल्किरहेको थिएँ । हाम्रो दक्षिणतिर माओवादीका जिल्लास्तरीय नेताहरू सुतिरहेका थिए ।

साढे २ बजेतिर अचानक घरबाहिर गार्ड बसेका सेन्ट्री आत्तिँदै घरभित्र पसेर चिच्यायो, “दुस्मन आयो । कमरेड भागौं” ।

सेन्ट्रीको तीखो स्वर मध्यरातको सुनसानलाई चिर्दै सबैको कानमा पुगेछ । दक्षिणपट्टि सुतेका सबै नेताहरू जर्‍याकजुरुक उठे र हामीलाई पनि भाग्ने आग्रह गरे । दुस्मन भनेको को होला भनेर बुझ्न मलाई एक छिन समय लाग्यो । ओछ्यानबाटै सबै जना तितरबितर भयौं ।

एकातिर सेनाले हामीलाई निगरानी गर्छौं भनेको र अर्कोतिर विद्रोहीहरूसँगै सुतेको हुनाले डरको सीमा रहेन । धरमर गर्दै आधा घण्टा जति उकालो चढयौं । पूर्वतिर बम पडकेको ठूलो आवाज आयो । हामीसँगै हिंडेका माओवादीहरूमध्ये कोही एम्बुस थाप्न अघि बढे । कोही सेनासँग लडाईका निम्ति योजना बनाउन थाले । स्थिति खतरनाक र भयावह हुँदै गयो । सुरक्षाफौजले गोलाबारी थालेको केही बेरपछि विद्रोहीहरूले पनि गोली चलाउन सुरु गरे ।

दोहोरो गोली चल्न थाल्यो । हामी झन् डरायौं । अब पक्का नबाँचिने भो भन्ने डरले हामी भाग्ने मनस्थितिमा पुग्यौं । गोलीका छर्रा हाम्रो नजिकै आउन थालेपछि एक जना विद्रोहीले हामीलाई ढुङ्गामा छेलिएर बस्न भने । उनको भनाई मान्दै हामी ढुङ्गा र ओडारजस्ता खोपिल्टो परेका भित्तामा छेलियौं । तैपनि त्रास मेटिएन । हाम्रो वरिपरि झण्डै एक घण्टा बम र गोली पड्किरहयो ।

बिहान ४ बजेतिर एक जना अपरिचित मानिस आएर हामीलाई बोलाए । हामी उनको पछि लाग्यौं । ६ बजेतिर हामी चाक्सीबोटे पुग्यौं । नजिकैको घरमा चिया खान पाउँदा अर्कै सुखद् अनुभूति भयो । भीडन्तका बीचमा परेर युद्धको प्रत्यक्ष अुनभव गर्दै ज्यान बचाएर आउँदा खुशीको सीमा रहेन ।

माओवादीहरूले सजिलैसँग हामीलाई अपहरित प्रहरी जिम्मा लगाउलान् भन्ने ठानेका थियौँ । उनीहरूसँग भेटेकै रात यत्रो विपत्ति खेप्नुपर्ला भनेर कल्पनै गरेका थिएनौँ । बैशाख १७ गते गुफापोखरी भन्ने ठाउँमा अपहरित प्रहरीलाई मुक्त गर्ने कार्यक्रम निश्चित गरियो । सात दिनसम्म रातारातको हिँडाइ र पर्खाइपछि हामी संखुवासभाको गुफापोखरी पुग्यौँ । त्यहाँ एक हजार भन्दाधेरै जनसेनाको हुलमा पस्दा हामीबीचकै सञ्चारकर्मीलाई पहिल्याउनसमेत गाह्रो भयो ।

तर त्यसै दिन बिहान ६ बजेतिर नै तेहथुमको खाम्लालुङ्गबाट ५ सयभन्दा धेरै सुरक्षाकर्मी गुफापोखरीतर्फ बढेको खबर आयो । माओवादीले प्रत्याक्रमणको तयारी गर्न थाले । उनीहरूले प्रहरी हस्तान्तरण गर्ने कार्यक्रम रद्ध गरेको सूचना दिए । तर केहीबेरपछि एफएम रेडियोबाट हिलेस्थित सेनाको २ नं. बाहिनीले तेह्रथुम, ताप्लेजुङ र संखुवासभामा सैन्य कार्वाही नगर्ने समाचार आएपछि अब त ज्यान बच्ने भयो भन्ने आशा पलायो । १७ गते नै प्रहरी मुक्त गर्ने कार्यक्रम सकेर हामी ६ जना सञ्चारकर्मी आफ्नो जिल्लातिर लाग्यौँ ।

३०

# उसको हातको हँसिया नाङ्गो तरवारजस्तो लाग्यो

*सुरज कुँवर, अछाम*

**सम्वत् २०६१**, जेठ महिनाको आखिरीतिर अछामको सदरमुकाम मंगलसेनबाट डोटीको कानाचौर गाविस लोडेघाटतर्फ जाँदै थिएँ । त्यहाँ झण्डै एक हप्ताअघि गस्तीमा आएका प्रहरी निरीक्षकको माओवादीको धरापमा परी मृत्यु भएको थियो । रेडियो नेपालका सम्वाददाता विनोद थापा, कान्तिपुरकै सहकर्मी वेदप्रकाश तिमिल्सेना र अछाम सन्देश साप्ताहिकका सहसम्पादक राजेन्द्र कुँवर पनि सँगै थिए ।

लोडेघाट पुग्दा भोकले हलचल गर्न नसक्ने भैसकेका थियौं । नजिकैको चिया पसलमा माछा पकाएर खाने सल्लाह गर्‍यौं । हामी थकाई मेटाउन बाहिर मेचमा लल्याङ लुलुङ भएर सुतिरहेका थियौं । त्यही बेला एकजना माओवादी हातमा हँसिया लिएर हामीछेउ आए ।

"कहाँबाट आएको ?" उनले जंगिदै सोधे ।

"हामी पत्रकार हौं । समाचार खोज्दै मंगलसेनबाट आएका हौं ।" हामीले सामूहिक जवाफ दियौं ।

"सुराकी हौ कि पत्रकार ?" उनले फेरि कडा स्वरमा प्रश्न गरे ।

"हैन केको सुराकी ? हामी पत्रकार हौं । यी हेर्नुस् परिचयपत्र ।" हामीले भन्यौं ।

"यस्ता परिचयपत्र त अमेरिकन सेनाले पनि बनाउँछ । हाम्रो इलाकामा कहिल्यै पत्रकार देखिन्न । कसरी विश्वास गर्ने ?" उनी अलि नरम भए । तर हातको हँसिया नचाउँदै जंगिन भने छाडेनन् ।

उनका प्रश्नहरू हामीलाई गोली लागेझैं मुटुमा बिझिरहेका थिए । तर पनि सकेसम्म नरम र मिठो ढङ्गले उत्तर दिने कोसिस गर्दै गयौं । एकपछि अर्को गर्दै उनले प्रश्नमाथि प्रश्न गर्न छाडेनन् । सँगसँगै धम्की पनि दिइरहे ।

अन्तमा हामीले छिमेकी गाउँका माओवादीको नाम लिँदै भन्यौँ, “हामीलाई सृजन भन्ने एसिएमले आज एक दिनलाई डोटी र अछामका यी गाउँमा घुम्न अनुमति दिएका हुन् नपत्याए जाऔँ हिँड्नुहोस् । हामी पत्रकार नभइकन तपाईंको आधार इलाकामा आएका रहेछौँ भने तपाईंको सजाय स्वीकार छ ।”

हाम्रो कुरा सुनेपछि ती माओवादी कार्यकर्ता केहीबेरका लागि ओझेल भए ।

उता होटलमा माछा पाकिसकेको थियो । हामीले आफूसँग गाउँमा पकाएर ल्याएका रोटीका बुझा (टुक्रा) चियापसलको अगेनुमा तताउँदै माछा र रोटी खान थाल्यौँ ।

खाजा खाएपछि केही साहस आयो । त्यसपछि त्यो गाउँमा बास बसे हामीलाई धमिलो सेती नदीमा फ्याँक्न सक्छन् यसैले सकेसम्म चाँडो यहाँबाट भागौँ भन्ने सल्लाह गर्‍यौँ । माछाको पैसा तिरेर हामी हतारहतार अघि बढ्यौँ । सेती वारी जंगलको बाटो खतरा थियो । तैपनि सकेसम्म छिटो हिँड्दै साँझपख बस्ती भन्ने गाउँमा पुग्यौँ ।

एकजना गाउँलेको घरमा बास माग्यौँ । घटनाको सबै बेलीविस्तार लाएपछि उनले हाम्रो दुःख बुझे र बास दिए । राती जसोतसो खाएर भोक मेट्यौँ अनि बोरा र चकटीको आडमा सुत्यौँ । रातभरी निद्रा लागेन ।

बिहान सिमसिम पानी परिरहेको थियो । ती माओवादीको डरले राम्ररी उज्यालो नहुँदै हामी मंगलसेनतर्फ फर्क्यौँ । हामी यति भयभीत थियौँ कि हामीलाई कसैले पछ्याउँदै छ कि भन्ने शंकाले पछाडि हेर्दै दगुर्दै थियौँ । हिजो माओवादीले बोकेको हँसिया मलाई नांगो तरवार जस्तो लागिरहेको थियो । अनि उनका धम्कीयुक्त प्रश्नहरू मृत्युको आदेशजस्तै लागेको थियो । उसँग जतिबेर कुरा भयो त्यतिञ्जेल मलाई कामज्वरो आएजस्तो भयो । जिउँदै घर फर्कन र जहान परिवारसँग भेट्न नपाइने भयो भन्ने लागेको थियो ।

माओवादीहरू त्यसरी अपरिचित मानिसहरूमाथि खनिनुको कारण के थियो ? त्यहाँका एक जना व्यापारीले बताए अनुसार हामी पुग्नुभन्दा पहिले त्यहाँ सुरक्षाफौजले घेरा हालेर एकै परिवारका चार जना र अन्य दुई जना गाउँलेको गोली हानी हत्या गरेका रहेछन् । उसको भनाइ अनुसार ती मर्ने सबै किसान र सर्वसाधारण थिए । उनीहरूलाई सुरक्षा फौजले खेतका डिलमा र सेती नदीमा गोली हानेको रहेछ । हामी पुग्दा गाउँ पुरै शोकाकूल थियो । गोलीको चोट लागेका पुलका डण्डीले घटनाको झल्को दिइरहेको थियो । त्यही घटनाले गर्दा बाहिरबाट आउने अपरिचित मानिसहरूमाथि माओवादीले कडा निगरानी राख्ने गरेका रहेछन् । उनीहरूको आँखामा नयाँ र अपरिचित मानिसहरू सबै सुराकी रहेछन् । भयभीत र त्रस्त मनले यस्तो शंका गर्नु अस्वाभाविक पनि थिएन ।

# ३१ पत्रकारितालाई मिसन बनाएको छु

*लालप्रसाद शर्मा, पर्वत*

**द्वन्द्वको** समाचार लेख्नु नेपाली पत्रकारहरूका निम्ति जोखिमको कुरा भएको छ । समाचार प्रकाशित वा प्रसारित भएको छैन राज्य वा विद्रोही मध्ये कसले के गर्ने हुन् भन्ने विषयमा तयार भएर बस्नुपर्ने हुन जान्छ ।

गस्तीमा गएको सुरक्षा फौजलाई पर्वत जिल्लाको कटुवाचौपारी गाविसमा माओवादीले धराप थापी दुई जना प्रहरीलाई घाइते बनाएको थियो । यो २०५८ साल पुस २२ गतेको घटना हो । आक्रोशित फौजले गाउँ घेरी माओवादीलाई खोज्ने क्रममा पिपलटारी गाविसका सुस्तःमनस्थितिका खुँडे बालकको मृत्यु भएको थियो । तर पत्रकारहरूले सुरक्षा स्रोतको हवाला दिँदै माओवादी मारियो भन्ने समाचार पठाए । समाचार प्रकाशित र प्रसारित पनि भयो ।

तर भोलिपल्ट मृतक माओवादी नभै सर्वसाधारण भएको हल्ला चल्यो । मृतकका परिवार सङ्कटकालका कारण डरले बोल्न सकेका रहेनछन् । बालकको शव जिल्ला अस्पतालको मुर्दाघरमै थियो । घटनाबारे सुन्नेहरू हेर्न गए । कसैले चिने पनि भन्न डराए । त्यो ब्यक्ति को होला, कहाँको होला भन्ने खोजीमा म लागेँ ।

घटनाको तेस्रो दिन अभिभावक लास बुझ्न आए । प्रहरीले उनलाई नियन्त्रणमा लिएर छोरा माओवादी भएको र भीडन्तमा मारिएको व्यवहोराको कागजमा हस्ताक्षर गराएको थाहा पाइयो । मैले बालकका बाबुआमालाई भेटेँ । उनीहरूले आफ्नो छोरा निर्दोष, ओठ फाटेको (खुँडे), सुस्तःमनस्थिति भएको बताए । म्याग्दी जिल्लाको बेनी बजारमा खुँडेहरूको उपचारको लागि शिविर चलेको सुनेर बच्चाको उपचार गर्न बाबुले लिएर आएका रहेछन् । तर एक दिनअघि नै शिविर उठिसकेकोले फर्केका रहेछन् ।

बेनीबाट फर्केर पर्वत सदरमुकाम कुस्मा आइपुग्दा साँझ परेछ । बाबु छविलाल रक्सी खाएर बाटोमै सुतेछन् । बाबु धेरै बेरसम्म नउठेपछि छोरा नजिकैको कटुवाचौपारी गाउँमा पुगी आफन्तको घरमा बास बसेछ । बिहान सबेरै उठेर घरतिर जाँदाजाँदै सुरक्षाकर्मीको घेरामा परेको रहेछ ।

मैले पुस २४ गते निर्दोष, त्यसमा पनि अपाङ्ग बालक मारिएको समाचार लेखें । भोलि पल्ट द काठमाडौं पोस्टमा समाचार छापियो । पठाएको पर्सिपल्ट मात्र कान्तिपुरमा 'सेनाको कारवाहीमा सुस्तःमनस्थितिका बालक मारिए' शीर्षकमा समाचार छापियो । कान्तिपुर बेलुका ४–५ बजेतिर कुस्मा आइपुग्थ्यो । त्यो दिन साढेचार बजे पत्रिका वितरण भयो । पढ्ने र देख्ने केही जिम्मेवार राजनीतिक नेताले मलाई खतरा हुनसक्ने भएकोले सदरमुकाम छाड्ने सल्लाह दिए । कसैले कोठामा नसुत्न भने ।

तर मलाई लुक्नु वा भाग्नुपर्ने कुनै अपराध गरेजस्तो लागेन । समाचार सत्य थियो । त्यसमा पनि सुरक्षास्रोतको भनाइसमेत राखेको थिएँ । तर पनि मनको एक कुनामा के होला भन्ने त्रास उत्पन्न भयो । केही भैहाले खबर गरिदिन अनुरोध गर्दै अन्य पत्रकार तथा स्थानीयबासीलाई कान्तिपुर पोखराका साथै विभिन्न स्थानीय पत्रिका र एफएम स्टेसन र मानवअधिकारवादीको फोन नम्वर टिपाएँ । पुसको जाडो भएकोले साँझ पर्नासाथ गलबन्दी, ज्याकेट र जुत्ता लगाएँ । पक्राउ परेमा हिरासतमा खाना खानको लागि साथीसँग पैसा सापटी मागेर साथमा राखें । बेलुकीको खाना खाएर ज्याकेट र जुत्तासमेत नखोली सुतें ।

राती साढे नौ बजे मलाई पक्राउ गरी प्रहरी हिरासत पुऱ्याइयो । मैले आफूलाई पक्राउ गर्नुको कारण र पुर्जी मागें । तर उनीहरू केही बोलेनन् । मलाई अरू अभियुक्तहरूसँगै राखियो । हिरासतमा केही सुरक्षाकर्मीले मलाई माओवादी पनि भने । खानेपानीका लागि चर्पीमा जानु पर्थ्यो । सँगै पढेका गाउँका सुरक्षाकर्मी पनि देखिन छाडे । मनमा कुरा खेलेर रातभरी निद्रा लागेन । निकै मानसिक यातना भयो ।

बिहान उज्यालो भएपछि बाहिरबाट चिया मगाएर खाएँ । सेनाको क्याप्टेन आए । मलाई खालान् जस्तो गरी हेरे र केही नबोली फर्के । खाना मगाएर खाएँ ।

दिउँसो ११ बजेतिर मलाई बाहिर घाममा निकालियो । त्यो दिन पुस २७ गते पृथ्वी जयन्ती भएकाले सबै दल र क्षेत्रका प्रतिनिधि सम्मिलित कार्यक्रममा मेरो रिहाइको माग उठेछ । दिउँसो २ बजेतिर प्रहरी नायव उपरीक्षकले 'आइन्दा यस्तो समाचार नलेख्नु' भन्ने मौखिक आदेश दिई मलाई छाडियो ।

उता म पक्राउ परेको थाहा पाउनासाथ सहकर्मी दुर्गाप्रसादले सबैतिर खबर गरेछन् । उनको कोठामा फोन थिएन । राती कर्फ्यु लागेको बेलामा लुकेर छिमेकीको घरमा गई फोन गरेका रहेछन् । छिमेकीले फोनको पैसा पनि लिन मानेनन् ।

मलाई थुनिएकोमा कुनै पश्चाताप लागेन । तर यो घटनापछि मेरो परिवारमा एक प्रकारको त्रास छायो । घरमा जाँदा सबै जना रोए । पत्रकारिता छाडेर ऋणधन गरी

अरब वा भारतमा गएर भाँडा माझ्ने काम भए पनि गर्ने कुरा गरे । केही नभए हलो जोतेर खान भने । मेरो क्षमताले भ्याएसम्म सम्झाएँ र सदरमुकाम फर्कें । अहिलेसम्म पत्रकारिता गरिरहेकै छु । द्वन्द्व बढेको छ, चुनौती थपिएको छ । पत्रकारिता पेशाका बारेमा घरपरिवारले पनि बुझ्दै गएका छन् । तर आफन्त र इष्टमित्रले पत्रकारिता छाड्न दबाब दिन छाडेका छैनन् । तर पत्रकारितालाई मैले समाजसेवाको मिसनको रूपमा लिइसकेको छु ।

# ३२ सुरक्षाको पहिलो उपाय : सन्तुलित व्यवहार

*कृष्ण शाही, दैलेख*

**वि.सं. २०६१** साल माघ १७ गते बिहान ११ बजेतिर नारायण नगरपालिका वडा नं. १ नयाँ बजारको डेराबाट म तल्लो बजार देवकोटस्थित जिल्ला विकास समितिको समीक्षालयतिर जाँदै थिएँ । बाल मन्दिरछेउ पुग्दा झण्डै दस मिटरपर अचानक गोली चलेको सुनियो । म आत्तिँदै नजिकको पसलमा पसेँ । झण्डै एक मिनेटसम्म गोलीको आवाज आइरहयो । बाटोमा हिँडिरहेका मानिसहरूको पनि भागाभाग भयो । बन्दुकको आवाज आउन छोडेपछि गोली चलेको ठाउँतिर पसलबाट नै चियाएर हेरेँ । बिस्तारै मासिहरू निस्कन थाले ।

माओवादीहरूले सल्लेरी निवासी दिलबहादुर रानामाथि गोली चलाएका रहेछन् । रानाको टाउको छाती र पेटमा गोली लागेको थियो । उनी बीच बाटोमा छट्पटाइरहेका थिए । अन्दाजी आठ वर्षकी एउटी बालिका र ३५ वर्षको अर्को एक जना मानिसको खुट्टा र पाखुरामा गोली लागेको रहेछ ।

घाइतेहरू सडकमा छट्पटाइरहेका थिए । तर फेरि पनि गोली चल्नसक्ने शंकाले मानिसहरू नजिक जान डराए । पाँच मिनेटजति पछि मात्रै अरू मानिसहरूसँग म पनि त्यहाँ पुगेँ । रानाको मृत्यु भैसकेको थियो । गाउँलेहरूले घाइतेहरूलाई हस्पिटल लगे । म र एक जना अर्को पत्रकार साथीले जि.प्र.का.मा घटनाको खबर गर्‍यौं, नजिकै ड्युटीमा रहेका शाही नेपाली सेनाका जवान र करिब डेढसय मिटर पर रहेको जिल्ला प्रहरी कार्यालयका निरीक्षकलगायत अन्य प्रहरीहरू पनि खबर गरेको करिब १० मिनेटपछि घटनास्थलमा पुगे । त्यतिन्जेल अरू पत्रकार साथीहरू, गोरखापत्र दैनिकका भूपेन्द्र शाही, नेपाल समाचारपत्रका कमल

न्यौपाने, काँक्रेविहार दैनिकका सूर्यबहादुर शाही, राष्ट्रिय समाचार समितिका अमर सुनार, कान्तिपुर दैनिकका हरिहरसिंह राठौर र इन्सेकका जिल्ला प्रतिनिधि नमनकुमार शाही पनि घटनास्थल पुगी मृतक राना र घाइतेहरूको बारेमा स्थानीय बासिन्दाहरूसँग सोधपुछ गर्दै फोटो खिच्न थालिसकेका थिए ।

केही पत्रकारहरू काम सकेर फर्कने सुरसार गर्दै थिए भने भूपेन्द्र शाही र नमनकुमार शाहीले फोटो खिच्न सुरु गरेका थिए । अचानक एक जना प्रहरी आएर "साले पत्रकारहरू" भन्दै पत्रकार र इन्सेक प्रतिनिधिलाई बन्दुकको पछाडिको भाग र लात्तिले भकाभक हिर्काउन थाले । उनीहरूले "हामी पत्रकार र इन्सेक प्रतिनिधि हौँ" भन्दै प्रतिवाद गर्न थाले । प्रतिवाद गर्दागर्दै पनि उनीहरूलाई धेरै पिटियो । स्थानीय बासिन्दा र अरू पत्रकारहरू कुटाइबाट बच्न भाग्यौँ ।

छिटोछिटो समाचार सङ्कलन गरेर त्यहाँबाट हिँडिसेकेका पत्रकारहरू प्रहरीको कुटाइ र गालीबाट बच्यौँ । त्यो परिस्थितिमा "म पत्रकार हुँ । समाचार सङ्कलन गर्ने मेरो अधिकार हो" भन्दा कसैले पनि सुन्दो रहेनछ । असुरक्षित वा खतरा अनुभव गरिरहेका मानिसहरूले आवेशमा के गर्छ भन्न सकिने रहेनछ । यसैले जतिसकेको चाँडो काम सकेर ठाउँ छाडनु नै बेस हुनेरहेछ भन्ने लाग्यो । सम्भावित प्रत्याक्रमणबाट जोगिन पनि ठाउँ छाडनु नै राम्रो हुन्छ ।

युद्धग्रस्त क्षेत्रमा द्वन्द्वरत पक्षहरू आतंकित र उत्तेजित मानसिकतामा हुन्छन् । आफ्नो अगाडि आएको मनिसमध्ये को पत्रकार वा कुन पेशाको भन्ने उनीहरूलाई कुनै मतलब हुँदैन । त्यतिबेला उनीहरू आफ्नो सुरक्षाको लागि जे पनि गर्न सक्छन् । त्यसैले यस्तो अवस्थामा सञ्चारकर्मी आफैँले नै आफ्नो सुरक्षाको उपाय गर्नुपर्छ ।

दैलेख जिल्लामा मैले गरिरहेको रिपोर्टिङको अनुभवबाट मलाई के लाग्छ भने पत्रकारहरू सर्वप्रथम आफ्नो असन्तुलित लेखनबाटमात्र होइन असन्तुलित व्यवहार र बोलीवचनले पनि खतरामा पर्नसक्छन् । पत्रकारले आफूलाई आमनागरिकभन्दा बेग्लै हुँ भनेर अहम्पूर्ण व्यवहार गर्नु हुँदैन । हातहतियार बोकेर हिँड्नेहरूले आफूलाई प्रायः अरूभन्दा बलियो ठान्छ र उसको विवेक र व्यवहार पनि सामान्य मानिसभन्दा फरक हुनसक्छ । भविष्य अनिश्चित भएका र वर्षौंदेखि दबिएको समुदायबाट आएका मानिसहरूको हातमा हतियार भएपछि उनीहरूले आफूलाई बलियो ठान्नु र विवेक गुमाउनु अस्वाभाविक पनि होइन । उमेरको कारणले पनि कतिपय मानिसहरूको व्यवहार अपरिपक्व हुनसक्छ । तसर्थ उनीहरूसँग नम्र भएर प्रस्तुत हुँदा र सानो तिनो कुराको प्रतिवाद नगर्दा बरू बढी सुरक्षित भइन्छ ।

द्वन्द्वरत दुबै पक्षका माथिल्ला तह र तल्ला तहका मानिसहरूको व्यवहार निक्कै फरक हुन्छ । यसैले पत्रकारले आफूले कोसँग व्यवहार गर्दैछु भन्ने कुरा बुझ्नु अति आवश्यक छ । वरिपरि बन्दुक वा सुरक्षकर्मी राखेर भन्दा आफ्नै व्यवहारले पत्रकारहरू बढी सुरक्षित हुनसक्छन् ।

३३

# काँचो पत्रकारिता

*पुरुषोत्तमकुमार थापा (पुष्कर), दैलेख*

**२०६१ मंसिर** महिनामा म दैलेख जिल्लाको नौमुले सल्लेरी क्षेत्रमा पुगेको थिएँ । द्वन्द्वक्षेत्रको स्थलगत रिपोर्टिङको यो मेरा पहिलो अनुभव थियो । एकातिर पत्रकार हुनुको गौरव र अर्कोतिर डर पनि थियो ।

त्यस बेला मध्यपश्चिम क्षेत्रमा द्वन्द्व निकै चर्केको थियो । माओवादी र नौमुले क्षेत्रका जनताबीच असमझदारी बढेर त्यो इलाकाका जनता दैलेख जिल्लाको सदरमुकाममा विस्थापित भएका थिए । उनीहरू घर फर्कन चाहन्थे, तर उपाय देखिरहेका थिएनन् । त्यस क्रममा दैलेख जिल्लामा काम गर्ने सञ्चारकर्मीहरूले उनीहरूलाई पुनर्स्थापना गर्न सघाउने निधो गर्‍यौं । यसको लागि माओवादीहरूसँग वार्ता गर्नु आवश्यक थियो ।

द्वन्द्वसम्बन्धी धेरै रिपोर्टिङ गरिसक्नुभएका पत्रकार साथीहरूको अगुवाइमा म पनि पत्रकार टोलीमा सामेल भएँ । आफूले पाएको प्रेस पास उपयोग हुने भयो भनेर म दङ्ग परेको थिएँ । प्रेस पासले मेरो सबै सङ्कट हटाउँछ भन्ने कुरामा म ढुक्क थिएँ । पत्रकार भएको नाताले जोसुकैसँग पनि सानका साथ बोल्न पाइन्छ भन्ने मलाई लागेको थियो । माओवादीहरूसँग के के प्रश्न सोध्ने भन्ने कुरा मनमा खेलाउँदै मैले यात्रा सुरु गरें ।

हामीसँग सल्लेरी गाविसका झण्डै ३० घरपरिवार थिए । उनीहरूसँग बुढा बाजे, बज्यै, बुवा, आमा, दाजु, भाइ, दिदी, बहिनी जस्ता साइनो लाउँदै बात मार्दै हिंड्दा मलाई आफू अरू मानिसभन्दा बेग्लै हुँ जस्तो लागिरहको थियो । मलाई साँच्चैको बाघको जुँगा उखेलेको जस्तो लागिरहेको थियो । विद्वानझैँ राष्ट्र निर्माण र ज्ञानगुनका कुरा छाँट्दै; पहाड, नागबेली बाटो, खोला नाला, झरना, वनजंगल, उकाली–ओराली पार गर्दै हामी सल्लेरी नजिकै पुग्यौं ।

गन्तव्य नजिक आउँदा मनमा डर त्रास बढ्न थाल्यो । पत्रकार मारिएको ताजा घटना सम्झें । यात्राको सुरुको उत्साह विलीन भयो ।

माओवादीसँग वार्ता गर्ने उनीहरूलाई सल्लाह दिनेहरूमा म पनि पर्ने भएँ । तर मलाई कसरी बोल्ने, कुन कुराको बारेमा छलफल गर्ने भन्ने थाहै थिएन । माओवादीका ठूला–ठूला नेता कस्ता हुन्छन ? मान्छे मार्छन रे ? भनेको सुनेको थिएँ । मनको त्रास अनुहारमा नझल्कियोस् भनेर मुहार हँसिलो र फूर्तिलो बनाउने प्रयास गरिरहको थिएँ ।

खोलाबाट १५ मिनेटको उकालो चढेपछि सल्लेरी गाउँ आउँथ्यो । हामीसँग हिँडिरहेका मानिसहरू आफ्नो घर आइपुगेकोमा खुशी देखिन्थे । तर मेरो मुटुको धड्कन भने बढ्दै थियो । यस्तैमा एक जना साथीले भन्नुभयो, “पुष्करजी, सल्लेरी आइपुगियो । यहाँ हामीले माओवादीसँग भेटी विस्थापित भएका गाउँलेलाई आ–आफ्नो घरमै बसाल्ने व्यवस्था मिलाइ दिनुपर्छ ।”

उनको कुरा सुन्दा मलाई छाँगोबाट खसेजस्तो लाग्यो । माओवादीसँग छलफल कसरी गर्ने ? गाउँलेहरूसँग उनीहरूको मेलमिलाप कसरी गराउने । मसँग कुनै जवाफ थिएन । मेरो अनुहारबाट रगत सोहोरिँदै गयो । म कालोनिलो हुनथालेँ ।

हामीसँग मानवअधिकारकर्मी पनि हुनुहुन्थ्यो । उहाँहरूले भन्नुभयो, “पुष्करजी थाक्नुभयो कि कसो ? बिसञ्चो देखिनुहुन्छ ।” मैले जबर्जस्ती हाँस्दै भनेँ, “अँ साह्रै थाकियो ।”

सल्लेरी पुग्दा झमक्क साँझ परिसकेको थियो । मेरो आँखा कमजोर भएकोले अँध्यारोमा हिँड्न निक्कै गाह्रो भैरहेको थियो । तैपनि मनलाई दह्रो पार्दै गन्तव्य स्थानमा पुगियो । हामीलाई गाउँलेले राम्रो व्यवहार गरे । ‘पत्रकार सरहरूलाई राम्रोसँग बसाल्नु पर्‍यो’ भन्दै हामीलाई एक जना शिक्षक कहाँ पुर्‍याइयो । शिक्षकले निकै मिठो व्यवहार गरी खानपिन र सुत्ने व्यवस्था गरे ।

खाने बेलामा साथीहरूले ‘माओवादी खोइ ? अब कुराकानी गर्नुपर्‍यो’ भन्नुभयो । मेरो मुटुमा भने ढ्याङ्ग्रो ठोकिन थाल्यो । तर त्यो रात कसैसँग भेट भएन । त्यो क्षेत्रमा मानवअधिकारका अमानवीय घटनाहरू भएको हुँदा उनीहरू कुरा गर्न चाहेनन् भन्ने लाग्यो । जे होस् त्यो रात ढुक्कसँग सुतियो ।

भोलिपल्ट सबै साथीहरूले नौमुले बजार जाने निर्णय गरे । नौमुलेको भीडन्तमा मैले १७ माओवादीको मृत्यु भनी समाचार पठाएको थिएँ । त्यसको सत्यता बुझ्ने मौका यही हो भन्ने मलाई लाग्यो ।

सल्लेरी गाविसबाट एक घण्टाको ओरालो झरेपछि नौमुले बजार पुगिन्थ्यो । हामीसँग मानवअधिकारकर्मीहरू पनि भएकाले हामीले एउटा प्रेस विज्ञप्ति निकालेर नौमुले बजारमा बाँडने सल्लाह गर्‍यौँ । नौमूले बजारमा पुगेर हामी विभिन्न टोलीमा बाँडियौँ । हामीभन्दा पाका र अनुभवी पत्रकारहरूको टोली तोली गाविसतिर लाग्यो । म केही साथीहरूसँग नौमुले बजारमा विज्ञप्ति बाँड्न थालेँ ।

अचानक आकाशमा हेलिकप्टरको चर्को आवाज गुञ्जियो । साथीहरूले भने, “सेना आयो, अब के गर्ने ?” आत्तिँदै हामी नजिकैको चिया पसलमा पुग्दा नपुग्दै

हेलिकप्टरबाट जथाभावी हवाई कारवाही सुरु भयो । स्थानीय गाउँलेहरू भन्न थाले, "तपाईंहरू जानुस्, नत्र हामीलाई अहिले सेनाले मार्छ ।" उनीहरू मसानघाटमा झैँ ठूलो–ठूलो स्वरले रुन कराउन थाले । एकै छिनमा कोलाहल मच्चियो । सबै घरका झ्याल, ढोका बन्द गर्दै मानिसहरू राम, राम भन्न थाले ।

के गर्ने कसो गर्ने, कता जाने भन्ने हामीले सोच्नै सकेनौँ । हवाई कारवाही झनझन् बढ्न थाल्यो । आजै हाम्रो अन्तिम दिन रहेछ भन्ने लाग्यो । अत्तालिँदै हामी एउटा विद्यालयभित्र छिर्ने कोसिसमा थियौँ । हातखुट्टा लगलगी काँपीरहेका थिए । होस उडेको मान्छे झैँ बेसुरले हामी स्कुलमा ओत लाग्यौँ । तर शिक्षक र विद्यार्थीहरू घरतिर दौडे । उत्तिखेरै स्कुल खाली गरेर ढोकामा ताल्चा लाउन थाले ।

लगभग १५ मिनेटपछि बमगोलाको आवाज कम हुनथाल्यो । त्यसपछि हामी दैलेख बजार फर्कने निधो गरी दौडिन थाल्यौँ । तर यसरी हिँड्दा सेनाले भेट्टाए भने माओवादीको शंका गरी गोलीको सिकार हुने डर थपियो । अर्कोतिर माओवादीले भेट्टाए भने सेनाका सुराकी भनेर मार्ने डर थियो । त्यो आपतको बेलामा दिमागले काम गरेन । शंकैशंकाले डर र त्रास झन् बढ्यो । जे त होला भनेर बेसुरमा हामी उकालोमा पनि सासै नफेरी दौडिन थाल्यौं । तर हामीलाई दुबै पक्षले भेट्टाएनन् । हस्याङफस्याङ गर्दै हामी दैलेख बजार पुग्यौँ । सुरक्षाको उचित तालिम नलिइकन, विनामेसो अडकलको भरमा द्वन्द्वग्रस्त क्षेत्रमा जाँदा कस्तो आपत आइलाग्ने रहेछ भन्ने प्रत्यक्ष अनुभव भयो ।

# ३४ दुबै पक्षबाट दुर्व्यवहार !

*देवबहादुर कुँवर, अछाम*

**असोज** महिनाको मध्यतिर म अछाम जिल्लाको साँफेबगर हुँदै बाजुरा जिल्लाको सदरमुकाम मार्तडी जान लागेको थिएँ कुरा २०५८ सालको हो । नेपालगञ्जबाट ८ बजेको उडानमा साँफेबगर पुगेँ । विमानस्थलमा खटिएका प्रहरीहरूले म र मेरा सहकर्मी पदमराज उपाध्यायलाई लगभग आधा घण्टासम्म रोके । हामीसँग बयान लिएपछि उनीहरूले साँफेबगरको फोटोसमेत नखिच्ने शर्तमा स्थानीय होटलमा खाना खाने अवसर दिए । खाना खाइसकेको केहीबेरमै एकजना हतियारधारी सुरक्षाकर्मीले 'तपाईंहरूलाई हाकिम सापले बोलाएको छ ' भन्दै हामीलाई लगे ।

हामीहरू पनि आफ्नो संस्थाको परिचयपत्र लगाएर सो ठाउँमा पुग्यौँ । चौधरी थरका डीएसपी 'तपाईंलाई यहाँ आउने अनुमति कस्ले दियो ?' भन्दै बम्किन थाले । मैले 'हामी बाजुरा जिल्लामा भोकमरी समस्याका सम्बन्धमा अध्ययन तथा समाचार सम्प्रेषण गर्ने सिलसिलामा बाजुरा जान आएका हौँ' भन्दा उल्टै उनले 'तिमीहरू बाजुरा जाने बहानामा माओवादीको सुराकी भएर आएका हौ, ल केटाहरू यी दुवैजनालाई थुनेर राख' भने ।

डीएसपीको यो रूखो र ठाडो जवाफ र आदेश सुनेपछि मेरो मनमा चिसो पस्यो । उनले सुट गरेर नजिकैको बुढीगंगा नदीमा बगाइदिने जस्तो धम्कीपूर्ण भाषा प्रयोग गरे । सङ्कटकालमा हामीलाई माओवादी भनेर मारिदिन पनि सक्छन् भन्ने शंका लाग्यो । डीएसपीसँग कुरा गर्दागर्दै उनले मलाई थुन्ने आदेश दिएका प्रहरी त्यहाँ आए । संयोगले उनी मेरा दाजुका जेठान रहेछन् । उहाँलाई मैले नचिने पनि मेरो नामबाट उहाँले मलाई चिनिहाल्नुभयो । दाजुको जेठान मेरो पनि जेठान भएकाले ढोगभेट गरेँ । फलस्वरूप हामी त्यहाँबाट छुट्न सफल भयौँ ।

साँफेबगरबाट करिब चार घण्टा पैदल हिंडेर बुढाबगर भन्ने ठाउँमा पुग्यौँ । त्यो साँझ त्यही रात काट्यौँ । भोलिपल्ट बिहान सशंकित मन

र थकित अनुहार लिएर अलि बेर गरेर त्यहाँबाट हिँड्न खोज्दा माओवादी कार्यकर्ताहरूले हामीलाई 'प्रहरीको मान्छे' भन्दै रोके । करिब २०–२५ जना हतियाधारी माओवादी समूहले हाम्रो बयान लिन थाले । तर कुरा सुरु हुन नपाउँदै साँफेबगरबाट सशस्त्र प्रहरीको एक टोली सर्चका लागि सो ठाउँमा आइपुगेको रहेछ ।

बास बसेको पसल अगाडि चिया खाँदै माओवादी एरिया कमाण्डर सुन्दरसँग कुरा गर्दागर्दै गोली चलेको आवाज आयो । माओवादी र सशस्त्र प्रहरीबीच गोली हानाहान हुन थाल्यो । ती कमाण्डर तुरुन्तै जंगलतिर लागे । भीडन्तमा दुई जना माओवादीको मृत्यु भयो । केही कार्यकर्ता पक्राउ परे ।

हामी पुगेका बेलामा त्यो घटना भएको हुनाले माओवादीहरूले हामीमाथि नै यसको दोष लगाए । उनीहरूले हामी दुवैजनालाई कार्वाही गर्ने कुरा थाहा पाएपछि हामीले त्यहीँबाट फर्कने निधो गर्‍यौँ । चार दिनसम्म साँफेबगरमा बस्दा हामी आफ्नो सुरक्षाका लागि निक्कै चिन्तित भयौँ । हामीले प्रत्येक कदम अडकलेर चाल्नु पर्‍यो ।

एकातिर सुरक्षाकर्मीको हामीमाथिको शंका र यातनाको डर थियो भने अर्कोतिर माओवादीले मार्लान् कि भन्ने पीर । माओवादीले हामी दुवैजनालाई सुरक्षाकर्मीको सुराकी भन्दै विज्ञप्ति नै जारी गरेको खबर कानमा परेपछि हामीहरू पाँचौ दिन हवाइजहाजबाट नेपालगञ्ज फर्क्यौँ ।

यही घटनाले गर्दा म गृह जिल्ला अछाम जान नपाएको करिब पाँच वर्ष बितिसकेको छ । छिमेकी जिल्ला सुर्खेत, कैलाली, कञ्चनपुर, डडेल्धुरा, गोरखा, लमजुङ, चितवन, नवलपरासी, कपिलवस्तु र वीरगञ्जलगायतका दुई दर्जन जिल्लाको भ्रमण गरिसकेको छु । तर बुढाबगरमा घटेको घटना र साँफेबगरमा सशस्त्र प्रहरीबाट खाएको पीटाइले गर्दा अहिले आफ्नै जिल्ला जानु मेरा लागि चुनौति भएको छ ।

जतिसुकै राम्रो व्यवहार गरे पनि नबुझ्ने सुरक्षाकर्मी र माओवादी दुवैपक्षले सञ्चारकर्मीमाथि दुश्मनको जस्तो व्यवहार गर्दारहेछन् । सञ्चारकर्मीहरूप्रति शहरी क्षेत्रमा सुरक्षाकर्मीले गरेको व्यवहार र ग्रामीण क्षेत्रमा माओवादीले दिने शारीरिक तथा मानसिक यातना दुर्गम र द्वन्द्वग्रस्त क्षेत्रमा नेपाली पत्रकारहरूले भोग्नु पर्ने नियमित नियति जस्तै भइसकेको छ । गोरखापत्र दैनिकको केन्द्रीय रिपोर्टर भए पनि समाचार सङ्कलन गर्ने क्रममा बिभिन्न जिल्ला पुग्दा मैले यो नियति भोगेको छु ।

# लेखकहरूको परिचय

## सीताराम बराल

लमजुङ, २०५२ मा **युगसम्बाद** साप्ताहिकबाट पत्रकारिता सुरु । २०५४ जेठदेखि **जनआस्था** साप्ताहिकको सहसम्पादक ।

## सम थापा

कैलाली, **युगज्ञान** साप्ताहिकको प्रकाशक सम्पादक भएर पत्रकारिता सुरु । २०६१ देखि **नेपाल समाचारपत्र** दैनिकको नेपालगञ्ज सम्वाददाता ।

## रुद्र खड्का

रुकुम, २०५५ सालमा पत्रकारितामा प्रवेश । **कान्तिपुर** दैनिकको रुकुम जिल्लाको समचारदाता । २०६१ वैशाखदेखि **समय** राष्ट्रिय साप्ताहिकमा नियमित सम्वाददाताको रूपमा मध्यपश्चिमाञ्चल हेर्ने जिम्मा पाएको ।

## हरिहरसिंह राठौर

जाजरकोट, **कान्तिपुर** दैनिकसँग स्थापना कालदेखि आवद्ध । हाल दैलेखमा **कान्तिपर** दैनिकको उपसम्पादकको हैसियतले कार्यरत ।

## कमल न्यौपाने

दैलेख, २०५७ सालमा पत्रकारितामा प्रवेश । २०६१ देखि **नेपाल समाचारपत्र**को रुकुम जिल्ला समचारदाता ।

## राजेश ढुङ्गाना

काठमाडौं, हाल **गोरखापत्र** राष्ट्रिय दैनिकको फोटो सम्पादक ।

## रोहित चन्द्र भट्टराई

इलाम, २०५८ सालमा इलामको **सूत्रधार** साप्ताहिकबाट पत्रकारिता सुरु । २०६० देखि **राजधानी** दैनिकको इलाम जिल्ला सम्वाददाता ।

## शुक्रऋषि चौलागाईं

नेपालगञ्ज, २०५६ सालदेखि **नेपालगञ्ज एक्सप्रेस** दैनिकबाट पत्रकारिता सुरु । २०५८ सालदेखि **च्यानलन नेपाल टेलिभिजन**को बाँकेको जिल्ला सम्वाददाता ।

## ध्रुब आले

काठमाडौं, २०५३ सालमा पत्रकारिता सुरु गरेको । हाल **दि हिमालयन टाइम्स** दैनिक र **अन्नपूर्ण पोष्ट** दैनिकमा फोटो पत्रकार ।

## घनश्याम खड्का

म्याग्दी, हाल **कान्तिपुर** दैनिकको जिल्ला सम्वाददाता ।

## गोविन्द कोइराला

सुर्खेत, हाल **नेपाल टेलिभिजन**को सुर्खेत जिल्ला प्रतिनिधि ।

## जितेन्द्र खड्गा

सप्तरी, हाल **नेपाल** साप्ताहिक र **राजविराज टुडे** दैनिकको जिल्ला सम्वाददाता ।

## कृष्ण प्रसाद हुमागाईं

झापा, २०४६ मा स्थानीय साप्ताहिक **बिचार**बाट पत्रकारिता सुरु । हाल **राजधानी** दैनिक, **कन्चनजंघा एफएम**को जिल्ला सम्वाददाता । नेपाल पत्रकार महासंघ झापा शाखाको सभापति ।

## दुर्गा प्रसाद शर्मा

पर्वत, हाल **नेपाल समाचारपत्र** दैनिक, **नेपाल टेलिभिजन** र **दृष्टि** साप्ताहिकको पर्वत जिल्ला सम्वाददाता ।

## गणेश पोखरेल

झापा, २०५२ मा खोटाङको **हालखबर** पाक्षिकबाट पत्रकारिता सुरु । हाल **विवेचना** दैनिक, झापाको कार्यकारी सम्पादक ।

## किरण पाण्डे

काठमाडौं, हाल **हिमाल खबरपत्रिका**को फोटोग्राफर ।

## अम्बिका भण्डारी

धनकुटा, २०५५ मा **प्रभातकालीन** दैनिक र **विजयपुर** साप्ताहिकबाट पत्रकारिता सुरु । **जनआस्था** साप्ताहिक (२०५६) र **दर्शन** दैनिक (२०६१) मा रिपोर्टर । हाल **नेपाल समाचारपत्र**को इनरुवा जिल्ला समाचारदाता ।

## ऋषिराम पौड्याल

सिन्धुपाल्चोक, २०४९ देखि पत्रकारिता सुरु । हाल **कान्तिपुर पब्लिकेशन**को जिल्ला समाचारदाता । नेपाल पत्रकार महासंघ जिल्ला शाखाको सभापति ।

## दिपीन राई

झापा, २०४९ मा **बिबेचना** दैनिकबाट पत्रकारिता सुरु । हाल **मुक्ति आवाज** साप्ताहिकको सहसम्पादक । नेपाल पत्रकार महासंघको केन्द्रिय प्रतिनिधि ।

## किरण ढकाल

पाँचथर, हाल **ब्लाष्ट टाइम्स** दैनिक, **पावनभूमि** साप्ताहिक, **पूर्वाञ्चल** दैनिक र **पाँचथर टाइम्स** साप्ताहिकको पाँचथर जिल्ला सम्वाददाता ।

## गणेश कुमार कार्की

सुर्खेत, २०६० मा **भेरी साप्ताहिक**बाट पत्रकारिता सुरु । २०६१ देखि **वुलवुले** राष्ट्रिय दैनिकको सम्वाददाता ।

## युवराज पुरी

सिन्धुपाल्चोक, २०५६ मा **खबर पत्रिका** साप्ताहिकबाट पत्रकारिता सुरु । **अभिलेख** साप्ताहिक र **सिन्धु आवाज** मासिकको कार्यकारी सम्पादक ।

## आनन्द गौतम

ताप्लेजुङ्ग, २०५६ मा **राष्ट्रिय समाचार समिति**को जिल्ला प्रतिनिधि भएर

पत्रकारिता सुरू । हाल **नेपाल टेलिभिजन, इमेज एफएम, रेडियो नेपाल**को ताप्लेजुङ्ग जिल्ला सम्वाददाता ।

## बेनुपराज भट्टराई

इलाम, हाल **कान्तिपुर पब्लिकेशन**को जिल्ला सम्वाददाता ।

## ताराप्रसाद सिटौला

ताप्लेजुङ्ग, हाल **राष्ट्रिय समाचार समिति** र **नेपाल टेलिभिजन**को स्थानीय प्रतिनिधि र ताप्लेजुङ्ग साप्ताहिकको सम्वाददाता ।

## दिपक अधिकारी

झापा, **नौलो आवाज** साप्ताहिकको कार्यकारी सम्पादक ।

## विजय शेखर भट्टराई

इलाम, २०५० मा देखि **देशान्तर** साप्ताहिकबाट पत्रकारिता सुरु । हाल **नेपाल टेलिभिजन** को इलाम जिल्लाको सम्वाददाता ।

## शम्भु प्रसाई

ताप्लेजुङ, हाल **गोरखापत्र** राष्ट्रिय दैनिको जिल्ला सम्वाददाता, धरानको **मर्निङ पोष्ट** राष्ट्रिय दैनिक र ताप्लेजुङ्ग साप्ताहिकको सम्वाददाता ।

## खगेन्द्र अधिकारी

हाल **राजधानी राष्ट्रिय दैनिक** ताप्लेजुङ्ग जिल्लाको सम्वाददाता, **ताप्लेजुङ्ग साप्ताहिक**को सम्पादक, **कञ्चनजंघा एफएमको** जिल्ला सम्वाददाता ।

## सुरज कुवँर

अछाम, २०५८ मा महेन्द्रनगरको **अभियान** दैनिकबाट पत्रकारिता सुरु । २०६० देखि **कान्तिपुर** दैनिकको अछाम जिल्लाको समचारदाता ।

## लाल प्रसाद शर्मा

पर्वत, **कान्तिपुर** दैनिकको जिल्ला सम्वाददाता ।

## कृष्ण शाही

अछाम, हाल **राजधानी** दैनिक, **सुसेली** दैनिक सुर्खेत **र कालपृष्ठ** दैनिक नेपालगञ्जको दैलेख जिल्ला सम्वाददाता ।

## पुरुषोत्तमकुमार थापा (पुष्कर )

दैलेख, २०५९ मा **असल शासन** बुलेटिनबाट पत्रकारिता सुरु । हाल **सुसेली** दैनिकको जिल्ला सम्वाददाता ।

## देव बहादुर कुवँर

अछाम, हाल **गोरखापत्र** राष्ट्रिय दैनिकमा रिपोर्टर ।

सशस्त्र द्वन्द्वमा

समाचार सङ्कलन

नेपाली पत्रकारहरूको अनुभव

द्वन्द्वका बारेमा रिपोर्टिङ गरिरहेका पत्रकारहरूले भोगेका अनुभवहरूको सँगालो

MSI

मिडिया सर्भिसेज इन्टरनेसनल

थापाथली, काठमाडौं । फोन/फ्याक्स : ४२६६८२१

इमेल msi@mail.com.np । वेबसाइट www.msinepal.com

ISBN 99946-842-0-5

9 789994 684205